सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ असोज २०८२, शनिबार (11 Oct 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १७५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

राष्ट्रपतिको पहलमा सरकारसँग पहिलो सर्वदलीय बैठक

चुनावमा केन्द्रित हुनुस् : राष्ट्रपति

अब हरेक साता दलहरूसँग बैठक गर्छौं : प्रधानमन्त्री

विश्वसनीय वातावरण बनाउनुस्, चुनावबारे छलफलमै छौं : कांग्रेस-एमाले



बैठकमा सरकार र दलहरूसँग राष्ट्रपति रामचन्द्र पौडेलले भने–



पार्टीहरूले अन्योल सिर्जना नगरी जेन-जी पुस्ताको माग पनि आफूहरूले पूरा गर्ने भनेर जनतामा जानुस् । दलहरूको सुरक्षाको चिन्तालाई सरकारले तत्काल सम्बोधन गरोस् ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

जेन-जी आन्दोलनको एक महिनापछि राष्ट्रपति रामचन्द्र पौडेलले सरकार र प्रमुख राजनीतिक दलहरूलाई बोलाएर पहिलोपटक सर्वदलीय बैठक गरेका छन् । बैठकमा राष्ट्रपति पौडेलले चुनावको तयारीमा लाग्न दलहरूलाई अनुरोध गरेका छन् भने प्रधानमन्त्री सुशीला कार्कीले दलहरूसँग हरेक साता छलफल गर्ने बताएकी छिन् । तर, प्रमुख दल कांग्रेस र एमालेले सरकारको क्रियाकलाप राजनीतिक प्रतिशोधतर्फ केन्द्रित भएको आरोप लगाउँदै चुनावमा जाने ग्यारेन्टी गर्न नसकिने जवाफ दिएका छन् ।

शुक्रबार साँझ शीतलनिवासमा भएको छलफलमा ठुला दल कांग्रेस, एमाले र माओवादीको नेतृत्व भने सहभागी थिएन । यी दलबाट दोस्रो तहका नेता उपस्थित थिए । बैठकलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले शान्ति सुरक्षाको आवश्यक प्रबन्ध गरी निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन गराउने विश्वास आमनागरिकलाई दिलाउन सरकारलाई सुझाव दिएका थिए । प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार पौडेलले राजनीतिक दलहरूमा कुनै द्विविधा र अस्पष्टता भए बैठकमा राख्न आग्रह गर्दै निर्वाचनबाहेक अन्य विकल्प खोज्न नहुनेमा जोड दिएका थिए ।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कांग्रेस दोहोरो खेलमा

निर्वाचनका लागि सरकार गम्भीर नरहेको आरोप

संसद् पुनर्स्थापनाको विकल्पमा पनि नजर

● **कांग्रेसको शुक्रबारको बैठकपछि प्रवक्ता डा. प्रकाशशरण महतले भने–**



संवैधानिक व्यवस्थाअनुसार सरकार निर्माण भएको छैन । संसद् विघटन पनि संविधानअनुकूल छैन, यसलाई असंवैधानिक भनेकै छौं । तथापि निर्वाचन मिति तोकिएको छ । निर्वाचन हुन्छ-हुँदैन भन्ने अन्योल छ । सरकार निर्वाचन सहज, निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण बनाउन गम्भीर देखिएको छैन । कांग्रेस जनतामा विश्वास गर्ने पार्टी भएकाले जनसमक्ष जाने विषय नकार्न सक्दैनौं । तर, भोलि कस्तो अवस्था आउँछ भन्ने निश्चित भएन । त्यसैले संसद् पुनर्स्थापनाको बाटो पनि खुला राख्नुपर्छ भन्ने हाम्रो धारणा छ ।

एमाले सचिवालय बैठक

चुनावप्रति शंका, संसद् पुनर्स्थापना गर्न दलहरूसँग वार्ता

● **एमाले उपमहासचिव प्रदीप ज्ञवालीले भने–**



सरकार निर्वाचन गराउने बाटोमा होइन, मुलुकलाई अनावश्यक तनाव र मुठभेडतिर लैजान उद्यत् छ भन्ने देखिन्छ । संसद् पुनर्स्थापनालगायत मुद्दामा जनमतका अध्यक्षले भेटेरै कुरा गर्नुभयो । कांग्रेस नेताहरूसँग निरन्तर छलफल र संवाद चलिरहेको छ । अरू पार्टीका नेताहरूसँग पनि अध्यक्ष टेलिफोन संवादमै हुनुहुन्छ । सबै दल र लोकतन्त्र पक्षधर मिलेर जानुपर्छ भन्ने पक्षमा छौं ।

एमालेमा पहिलोपटक ओलीविरुद्ध बहुमत पदाधिकारी, नयाँ नेतृत्व खोज्ने प्रस्ताव

१९ सदस्यीय पदाधिकारीमध्ये कम्तीमा १० जना ओलीको विपक्षमा, सात उपाध्यक्षमध्ये ६ जनाले शुक्रबारकै बैठकमा ओलीलाई मार्गप्रशस्त गर्न आग्रह गरिसके, कम्तीमा चार सचिव पनि नेतृत्व हस्तान्तरणको पक्षमा

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमाले केन्द्रीय सचिवालयमा बहुसंख्यक पदाधिकारीले जेन-जी आन्दोलनका घटनाप्रति नैतिक जिम्मेवारी लिँदै र कमजोरी स्वीकार गर्दै अध्यक्ष केपी ओलीले पार्टीको नेतृत्वबाट मार्गप्रशस्त गर्नुपर्ने प्रस्ताव अघि सारेका छन् । शुक्रबार भक्तपुरको गुन्डुमा बसेको सचिवालय बैठकमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसहित बहुमत पदाधिकारीले जेन-जी आन्दोलनपछिको विकसित परिस्थितिमा पार्टीलाई पुनर्गठन गरी नयाँ दिशातर्फ लैजान ओलीले अध्यक्षबाट मार्गप्रशस्त गर्नुपर्ने प्रस्ताव गरेका हुन् ।

बैठकमा नेताहरूले जेन-जी आन्दोलनका क्रममा २३ र २४ भदौमा भएका घटनाको समीक्षा, त्यसका राजनीतिक परिणाम र पार्टीले अब लिनुपर्ने रणनीतिबारे पालैपालो धारणा राखेका थिए । त्यसक्रममा उनीहरूले जेन-जी आन्दोलनका कारण पार्टीको जनसमर्थन र सार्वजनिक छविबारे पनि आत्मसमीक्षा गर्न आवश्यक रहेको बताएका छन् । वरिष्ठ उपाध्यक्ष पोखरेलबाट सुरु भएको बोल्ने क्रम ६ उपाध्यक्ष, महासचिव हुँदै उपमहासचिव प्रदीप ज्ञवालीले धारणा राखेपछि शनिबार पुनः बस्ने गरी स्थगित भएको छ ।

बैठकमा पोखरेलसहित उपाध्यक्षहरू क्रमशः युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, विष्णु पौडेल, सुरेन्द्र पाण्डे, रामबहादुर थापा 'बादल' र गुरु बराल तथा महासचिव शंकर पोखरेल र उपमहासचिव ज्ञवालीले धारणा राखेका थिए । उनीहरूमध्ये उपाध्यक्ष बराल, महासचिव पोखरेल र उपमहासचिव ज्ञवालीबाहेक बाँकी सबै पदाधिकारीले पार्टी

» पृष्ठ २ मा क्रमशः

■ शुक्रबारको बैठकमा बोल्ने पदाधिकारीमध्ये जसले ओलीलाई मार्गप्रशस्त गर्न आग्रह गरे



ईश्वर पोखरेल (वरिष्ठ उपाध्यक्ष) · युवराज ज्ञवाली (उपाध्यक्ष) · अष्टलक्ष्मी शाक्य (उपाध्यक्ष) · रामबहादुर थापा (उपाध्यक्ष) · विष्णु पौडेल (उपाध्यक्ष) · सुरेन्द्र पाण्डे (उपाध्यक्ष)

■ जो ओलीको पक्षमा उभिए



गुरुप्रसाद बराल (उपाध्यक्ष) · शंकर पोखरेल (महासचिव) · प्रदीप ज्ञवाली (उपमहासचिव)



शनिबार ओलीसहित बाँकी दुई उपमहासचिव र ६ सचिवहरूले धारणा राख्नेछन् । सात सचिवमध्ये टोपबहादुर रायमाझी निलम्बित छन् ।

बहुसंख्यक पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता नवीकरणको पक्षमा



बैठकमा ओलीको राजीनामाको पक्षमा उभिएका नेतामध्ये उपाध्यक्ष अष्टलक्ष्मी शाक्यबाहेक सबै पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता नवीकरण रोक्ने पार्टी केन्द्रीय कमिटीको पूर्वनिर्णय पुनर्विचार गर्नुपर्ने पक्षमा उभिएका छन् । उनीहरूले पहिल्यै भइसकेको सदस्यता नवीकरण स्थगित गरेर पूर्वराष्ट्रपतिको अपमान हुने गरी रोक लगाउने कामले उनको राजनीतिक अधिकार हनन भएको र यसले जनता र कार्यकर्तामा पनि गलत सन्देश गएको धारणा राखेका हुन् । सचिवालयमा निर्णय नगरिए नेताहरूले त्यसलाई आगामी २९ असोजमा बस्ने केन्द्रीय कमिटी बैठकमा पनि साझा प्रस.तावकै रूपमा लैजाने गरी धारणा राखेका छन् ।

■ सम्भवतः आज 'अर्ली महाधिवेशन'को निर्णय

पार्टीभित्र नेतृत्व हस्तान्तरणको दबाब बढ्दै गएपछि अध्यक्ष केपी ओली शनिबारको बैठकमा 'अर्ली महाधिवेशन'को प्रस्ताव गर्ने तयारीमा छन् । नेतृत्व हस्तान्तरणको दबाब बढ्दै गए पनि तत्काल नछाड्ने पक्षमा रहेका उनले एक वर्षअघि नै महाधिवेशन गर्ने विकल्प रोजेका हुन् ।

एमालेको दसौं महाधिवेशन ०७८ मंसिरमा भएको थियो । विधानअनुसार ०८३ मंसिरभित्र महाधिवेशन गराउने समयसीमा हुँदाहुँदै ओलीले अर्ली महाधिवेशन प्रस्ताव गर्न लागेका हुन् । महाधिवेशनमै जाँदा पनि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई कार्यवाहक तोकेर जानुपर्ने मत पार्टीभित्र छ । तर, अर्ली महाधिवेशन गर्दा पुनर्गठनको मुद्दा पनि सम्बोधन हुने र बहुसंख्यक प्रतिनिधि आफ्नो पक्षमा उभिँदा पुनः नेतृत्वमा आउने ओलीको अपेक्षा छ । त्यही योजनाअनुसार उनले जिल्ला र प्रदेश नेतृत्वहरूसँग पालैपालो तीन दिनसम्म छलफल गरेर सुझाव पनि लिइसकेका छन् ।

'पार्टीले छिट्टै महाधिवेशन गरेर महाधिवेशनको माध्यमबाट अहिले उठेका सबै जवाफ खोज्नुपर्छ र पार्टीलाई नयाँ ढंगले अगाडि बढाउनुपर्छ भन्ने कुरा भएको छ । सम्भवतः भोलि प्रस्ताव तयार गरेर निर्णय गर्छौं होला,' शुक्रबार सचिवालय बैठकपछि उपमहासचिव प्रदीप ज्ञवालीले सञ्चारकर्मीहरूसँग भने, 'बिस्तारै हस्तान्तरण र पुस्तान्तरण हुनुपर्छ भन्ने कतिपय साथीहरूको आवाज छ । ती सबै आवाजलाई ध्यानमा राखेका छौं । वर्षौं लगाएर स्थापित गरेका लिगेसीहरूलाई रक्षा गर्नुपर्नेछ । संकटको वेला नेतृत्वको प्रतिरक्षा गर्नुपर्ने पनि छ र आमजनता र पार्टी कार्यकर्ताको भावनाको पनि सम्बोधन गर्नुपर्ने छ । महाधिवेशनसम्म पुग्दा हामी यी सबै विषयको सम्बोधन गर्छौं ।'

■ तत्कालीन गृहमन्त्री लेखक पनि दिन थाले 'उपदेश'


आग्रह-पूर्वाग्रह र प्रतिशोधबाट माथि उठेर काम गर्न सरकार र जाँचबुझ आयोगलाई सुझाव

आन्दोलनमा बर्बर दमन गरेको भन्दै पक्राउ गरेर कारबाही गर्न लेखकविरुद्ध प्रहरीमा छ उजुरी, पासपोर्ट रोक्का गरेर उपत्यकाबाहिर जान सरकारको रोक, जाँचबुझ आयोग बयान लिने तयारीमा

नयाँ पत्रिका

गत २३ र २४ भदौको जेन-जी आन्दोलनमा बर्बर दमन गर्ने आदेश दिएको भन्दै पक्राउ गरेर कारबाही गर्नुपर्ने माग भइरहेका वेला तत्कालीन गृहमन्त्री रमेश लेखक भने 'सरकारले कसैप्रति आग्रह-पूर्वाग्रह र प्रतिशोध राख्न नहुने' भन्दै 'उपदेश' दिन थालेका छन् । सरकारले लेखकसँगै तत्कालीन प्रधानमन्त्री केपी ओलीको पासपोर्ट रोक्का गर्दै अनुमतिविना काठमाडौंबाहिर जान रोकेको छ । गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोग उनीहरूसँग बयान लिने तयारीमा छ ।

पार्टी कार्यालय सानेपामा शुक्रबार पत्रकारहरूसँग कुरा गर्दै लेखकले सरकार र जाँचबुझ आयोगले कानुनी मान्यताभित्र रहेका काम गर्नुपर्ने बताए । आग्रह, पूर्वाग्रह र प्रतिशोधबाट माथि उठेर कार्यसम्पादन गर्नुपर्ने उनको आग्रह छ । २३ भदौमा प्रहरीको गोलीबाट १९ जनाको हत्या भएसँगै राजीनामा दिएका लेखक पहिलोपटक सार्वजनिक भएका हुन् ।



■ पार्टी कार्यालय सानेपामा शुक्रबार पत्रकारहरूसँग कुरा गर्दै तत्कालीन गृहमन्त्री लेखक

'अहिले प्रतिशोध राख्ने समय छैन । लोकतान्त्रिक मूल्य-पद्धतिबाट देशलाई ठिक ठाउँमा पुऱ्याउनुपर्छ,' लेखकले भने, 'सरकार, आयोग र राजनीतिक दलहरूले हाम्रा लोकतान्त्रिक मूल्य-पद्धतिमा बसेर मुलुकको संविधान र कानुनबमोजिम कार्यसम्पादन गर्नुपर्छ । कानुनी शासनको मान्यताभित्र आफ्ना काम अघि बढाउन आग्रह गर्छु ।'

लेखकले तत्कालीन राजनीतिक नेतृत्वले

» पृष्ठ २ मा क्रमशः

दलित समुदायबाट पहिलोपटक प्रहरीको विशिष्ट श्रेणीमा

नेपाल प्रहरीमा पहिलोपटक दलित समुदायबाट विशिष्ट श्रेणीमा पुगेर डम्बरबहादुर विकले इतिहास बनाएका छन् । उनी प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी)मा बढुवा भएका हुन् । बिहीबारको मन्त्रिपरिषद् बैठकले एआइजीमा बढुवा गरेको विकसहित चारजनालाई शुक्रबार दर्ज्यानी चिह्न लगाएर नयाँ जिम्मेवारीमा खटाइएको छ ।



०५३ मा राष्ट्रिय अनुसन्धान विभागमा भर्ना भई ०५८ मा नेपाल प्रहरीमा स्थानान्तरण भएका डम्बर विक डिआइजीमा दोस्रो तथा एआइजीमा पुग्ने दलित समुदायका पहिलो व्यक्ति हुन् । यसअघि ०२२ सालमा इन्स्पेक्टरमा भर्ना भएका पदमकुमार नेपालीले डिआइजीबाट अवकाश पाएका थिए ।

वर्षाका कारण डेंगु संक्रमण बढ्दो

एक सातामै थपिए ३४८ नयाँ संक्रमित


पानी जम्ने ठाउँमा लामखुट्टे बढ्दै गएकाले आगामी केही दिनसम्म संक्रमणदर बढ्न सक्ने देखिएकाले सतर्कता अपनाउन विज्ञहरूको सुझाव

पछिल्लो २४ घण्टामा मात्रै ५१ जनामा संक्रमण पुष्टि

पछिल्लो एक साताको तथ्यांक

बागमती : ३३२ जना
(त्यसभन्दा अघिल्लो साता २३० मा)
कोशी : ५१ जना
मधेश : १९ जना
गण्डकी : ३० जना
लुम्बिनी : ३१ जना
कर्णाली : १० जना
सुदूरपश्चिम : २४ जना

■ **यस वर्ष हालसम्म ५७ सय ३४ जनामा संक्रमण पुष्टि भएको छ भने तीनजनाको मृत्यु भएको छ ।**



इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखा प्रमुख डा. गोकर्ण दाहाल भन्छन्–



अहिले डेंगु संक्रमण अझै बढ्दो क्रममा छ । मौसमी कारणले अब बिस्तारै घट्ने अपेक्षा गर्न सकिन्छ । तर, अझै १५-२० दिनसम्म अझै बढ्ने सम्भावना छ किनभने वर्षाले ठाउँ-ठाउँमा पानी जमेकाले लामखुट्टे बढिरहेका छन् । केही समय अझै सावधानी अपनाउनुपर्ने देखिन्छ ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

मौसमका कारण बिस्तारै घट्ने अपेक्षा गरिए पनि असोजको वर्षापछि ठाउँ-ठाउँमा पानी जमेका कारण डेंगु संक्रमण अझै केही समय कायमै रहन सक्ने देखिएको छ । पछिल्लो एक सातामै ३४८ नयाँ संक्रमित थपिएका छन् । विज्ञहरूले पानी जम्ने ठाउँमा लामखुट्टे बढ्दै गएकाले आगामी केही दिनसम्म संक्रमणदर बढ्न सक्ने भन्दै सतर्कता अपनाउन सुझाएका छन् ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांकअनुसार १७-१८ असोजको वर्षापछि उपचारका लागि अस्पताल आउनेको संख्या बढेको छ । बर्सातपछि फैलने र लामखुट्टेले टोक्ने क्रम बढेको इडिसिडीले जनाएको छ । पछिल्लो २४ घण्टामा मात्रै ५१ जनामा संक्रमण देखिएको छ । पछिल्लो एक सातामा बागमतीमा मात्रै ३३२ जनामा डेंगु संक्रमण देखिएको छ । त्यसभन्दा अघिल्लो साता यो संख्या २३० थियो । पछिल्लो एक सातामा कोशीमा ५१, मधेशमा १९, गण्डकीमा ३०, लुम्बिनीमा ३१, कर्णालीमा १० र सुदूरपश्चिम प्रदेशमा २४ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

■ बाढीपहिरोपछि खानेपानीको स्रोत फोहोर हुँदा फैलन सक्छ झाडापखाला

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखा प्रमुख डा. गोकर्ण दाहालका अनुसार वर्षापछि डेंगु संक्रमणदर

» पृष्ठ २ मा क्रमशः

५० जना अवैतनिक महावाणिज्यदूतको कूटनीतिक नम्बर प्लेटको सुविधा खारेज

दुरुपयोग थियो यो सुविधा

सरकारले पूर्वसचिव शरदचन्द्र पौडेलको संयोजकत्वमा गठन गरेको यातायात सुधार सुझाव कार्यदलले ०८० माघमा बुझाएको प्रतिवेदनमा अवैतनिक महावाणिज्यदूतले प्रयोग गरेका कूटनीतिक नम्बर प्लेटका गाडीहरू कालोबजारी, तस्करीजस्ता गैरकानुनी क्रियाकलापमा दुरुपयोग गरिएको उल्लेख थियो । कूटनीति सञ्चालनसम्बन्धी भियना महासन्धिमा उल्लेखित कूटनीतिक उन्मुक्तिको प्रावधानअनुसार नीलो नम्बर प्लेटका गाडीहरूमा सम्बन्धित देशका सुरक्षा निकायले चेकजाँच गर्न पाउँदैन ।

● **लोकबहादुर पौडेल क्षेत्री**
प्रवक्ता, परराष्ट्र मन्त्रालय



५० जनाले गाडीमा नीलो नम्बर प्लेट प्रयोग गरिरहनुभएको छ । नीलो नम्बर प्लेटका सवारीसाधनको दुरुपयोग भएको भन्ने गुनासोसमेतका आधारमा सरकारले निर्णय गरेको हो । सरकारले गरेको निर्णयसँगै अब उहाँहरूले रातो नम्बर प्लेटमा परिवर्तन गर्नुपर्छ । परराष्ट्र मन्त्रालयबाट सम्बन्धित निकायसँग निर्णय कार्यान्वयनका लागि आवश्यक समन्वय हुनेछ ।

नयाँ पत्रिका

विभिन्न देशका अवैतनिक महावाणिज्यदूतले पाएको कूटनीतिक नम्बर प्लेटको सुविधा सरकारले खारेज गरेको छ । विदेशी मुलुकले नेपालका लागि नियुक्त गरेका अवैतनिक महावाणिज्यदूतको पाउँदै आएको सुविधा शुक्रबार खारेज गरिएको हो ।

परराष्ट्र मन्त्रालयद्वारा प्रकाशित डिप्लोम्याटिक नोटअनुसार नेपालमा विदेशी मुलुकबाट नियुक्त भएका ६३ जना अवैतनिक महावाणिज्यदूत कार्यरत छन् । उनीहरू सबैजसो नेपाली नागरिक हुन् । उनीहरूमध्ये ५० जनाले कूटनीतिक नम्बर प्लेट प्रयोग गरिरहेका छन् । सरकारको निर्णयपछि उनीहरूले सवारीसाधनको नम्बर प्लेट परिवर्तन गरी रातो बनाउनुपर्नेछ ।


अवैतनिक महावाणिज्यदूतसम्बन्धी अन्तर्राष्ट्रिय कानुन, पारस्परिकता, अवैतनिक

» पृष्ठ २ मा क्रमशः

सहकारी रकम अपचलनमा थुनामा रहेका ढोरपाटनका मेयर नेपालीविरुद्ध एक अर्ब ५८ करोडको सम्पत्ति शुद्धीकरण मुद्दा

काठमाडौं/ सहकारी रकम अपचलनमा थुनामा रहेका इमेज बचत तथा ऋण सहकारीका संस्थापक अध्यक्ष तथा बागलुङको ढोरपाटन नगरपालिकाका मेयर देवकुमार नेपालीविरुद्ध एक अर्ब ५८ करोड ९४ लाख ५५ हजार रुपैयाँबराबरको सम्पत्ति शुद्धीकरण मुद्दा दायर भएको छ। उनीमाथि एक हजार ५४३ बचतकर्ताको रकम अपचलन गरी सम्पत्ति शुद्धीकरण गरेको अभियोग छ।

जिल्ला सरकारी वकिल कार्यालय बागलुङले बिहीबार बागलुङ जिल्ला अदालतमा मुद्दा दायर गर्दै सम्पत्ति शुद्धीकरण गरेबराबरको अर्थात् एक अर्ब ५८ करोड ९४ लाख ५५ हजार ३९१ रुपैयाँ बिगो कायम गरेको छ। बिगोको दोब्बर जरिवाना र कसुरको मात्राअनुसार दुईदेखि १५ वर्षसम्म कैद सजायको माग दाबी भएको छ। उनको नाममा रहेको सहकारीको ४० लाखको सेयर, एक लाख २० हजार नगद र जग्गासमेत जफतको माग दाबी छ। यस्तै, नेपालीकी पत्नी छेलालाई पनि ६ करोड ९८ लाख ८० हजार ७५२ रुपैयाँ बिगो कायम भएको छ। विभिन्न स्थानमा उनको नाममा रहेका जग्गा जफतसमेतको माग दाबी छ।



नेपालीसमेत सहकारीका उपाध्यक्ष डोरबहादुर परियार, सचिव सुनील नेपाली, कोषाध्यक्ष लक्ष्मी सेन सुनार तथा सदस्यहरू चित्रबहादुर भण्डारी, रूपा विक, झगबहादुर शाहीसमेतको निर्देशनमा अपचलन भएको आरोपपत्रमा उल्लेख छ। सहकारीको मुख्य कार्यालय बागलुङका शाखा प्रबन्धक शक्ति किसान, लेखा प्रमुख लालमति रोका, सेवा केन्द्र बुर्तिबाङका लेखा प्रमुख अनिता बुढामगर, सेवा केन्द्र गलकोटका शाखा प्रबन्धक अनिल नेपालीसमेतका सञ्चालक तथा कर्मचारीसमेतले सर्वसाधारणको बचत रकम अपचलन गरेका अनुसन्धान प्रतिवेदनमा उल्लेख छ।

रकम अपचलनको उद्देश्यले सहकारीको मूल्य-मान्यता र सिद्धान्तविपरीत पीडितलाई अधिक ब्याज दिने प्रलोभनमा रकम जम्मा गर्न लगाइएको पाइएको छ। यस्तै, कृत्रिम ऋणी खडा गरेर ऋण प्रवाह गरेकोसमेत भेटिएको छ। नक्कली ऋण प्रवाहको माध्यमबाट सञ्चालक तथा कर्मचारीले रकम अपचलन गरेको आरोपपत्रमा छ। हिनामिना गरेको रकमको हिसाब मिलान गर्न अर्को खातामा रकम रकमान्तर गरी राज्यलाई भुक्तानी गर्नुपर्ने राजस्व रकमसमेत हिनामिना गरेको अभियोग छ।

आग्रह–पूर्वाग्रह...

पृष्ठ १ बाट क्रमशः

आन्दोलनमा गोली चलाउन आदेश नदिएको दाबी पनि गरे। '२३ भदौमा मैले गृहमन्त्रीबाट राजीनामा गरिसकेको थिएँ। दुःखदायी घटना भए। आन्दोलनमा तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीले आदेश गरेको विषय उठेका छन्,' राजनीतिक नेतृत्वको प्रतिरक्षा गर्दै उनले भने, 'यी विषयहरूमा म भन्न चाहन्छु- यो प्रधानमन्त्री र गृहमन्त्रीले आदेश गर्ने विषय होइन। त्यस्तो खालको बल प्रयोग गर्ने आदेश प्रधानमन्त्री र मेरोतर्फबाट भएको छैन।' उनले आन्दोलनमा बल प्रयोगको आदेश नदिएको जिकिर पटकपटक गरे।

आन्दोलनमा घुसपैठ भएको दाबी पनि लेखकले गरे। तर, कसले गऱ्यो भन्ने स्पष्ट गरेनन्। घुसपैठबारे आफूसँग केही सूचना रहेको र सम्बन्धित निकाय (प्रहरी प्रशासन वा जाँचबुझ आयोग)मा जानकारी गराउने उनको भनाइ छ। 'जेन-जी आन्दोलनमा घुसपैठ भएको मैले मात्रै भनेको छैन। जेन-जीको नेतृत्व गरेका भाइबहिनीले पनि त्यसवेलै भन्नुभएको छ। सञ्चारमाध्यमले पनि जानकारी दिएकै छ,' उनले भने, 'यो यथार्थमै सत्य देखियो। यसबारे मैले पाएको जानकारी सम्बन्धित निकायमा भन्नेछु। तपाईंहरू (सञ्चारमाध्यम)लाई पनि भन्नेछु।'

जेन-जीले महत्त्वपूर्ण माग राखेको, तर प्रदर्शनमा घुसपैठ हुँदा पीडादायी र दुःखद घटना भएको उनको टिप्पणी छ। भ्रष्टाचारको अन्त्य र सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयविरुद्ध देशभरका युवा सडकमा उत्रिँदा २३ भदौ गृहमन्त्री लेखक भने देशको अवस्थाको पूरै बेवास्ता गरेर एक संसदीय समितिमा ढुक्कले बसेका थिए। राजधानीसहितका प्रमुख सहरमा तनाव बढ्दासमेत उनले तत्कालै सुरक्षा स्थितिमा प्रत्यक्ष कमान्ड सम्हाल्न आवश्यक ठानेनन्। जब, आन्दोलन बानेश्वरस्थित संसद् भवनतर्फ बढन थाल्यो, त्यसपछि बल्ल उनी समिति बैठकबाट बाहिरिएका थिए।

एक सातामै...

पृष्ठ १ बाट क्रमशः

केही बढेको छ। उनका अनुसार चाडबाड र बाढीपहिरोका कारण पहिल्यै संक्रमित केही बिरामी अस्पताल आउन सकेका थिएनन् र अहिले ती उपचारका लागि आउन थालेका कारण पनि तथ्यांक धेरै देखिएको हो।

'अहिले डेंगु संक्रमण अझै बढ्दो क्रममा छ। मौसमी कारणले अब बिस्तारै घट्ने अपेक्षा गर्न सकिन्छ। तर, अझै १५-२० दिनसम्म अझै बढ्ने सम्भावना छ किनभने वर्षाले ठाउँ-ठाउँमा पानी जमेकाले लामखुट्टे बढिरहेका छन्। केही समय अझै सावधानी अपनाउनुपर्ने देखिन्छ,' उनले भने। हालको तापक्रम डेंगु वासस्थान र फैलाउनका लागि उपयुक्त भएको र ठाउँ-ठाउँमा पानी जमेका कारण डेंगु फैलिन सक्ने विज्ञहरूको भनाइ छ। नियन्त्रणका लागि स्वास्थ्य मन्त्रालय र स्थानीय तहहरूले चलाएको घरदैलो अभियान अहिले रोकिएको छ।

■ बाढीपहिरोपछि खानेपानीको स्रोत फोहोर हुँदा फैलन सक्छ झाडापखाला

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखा प्रमुख डा. गोकर्ण दाहालका अनुसार पछिल्लो समयको भारी वर्षापछि झाडापखाला र अन्य सरुवा रोगको जोखिम पनि कायमै छ। यद्यपि, अहिलेसम्म कतै जोखिम देखिएको छैन। वर्षापछि झाडापखाला र हैजाजस्ता रोग फैलने भएकाले सतर्क हुन र विशेषतः खानेपानीमा ध्यान दिन मन्त्रालयले अनुरोध गरेको छ। बाढीपहिरोपछि खानेपानीको मुहान तथा स्रोत फोहोर हुने र त्यहाँबाट हैजाजस्ता संक्रामक रोग फैलन सक्ने जानकार बताउँछन्।

त्यसैबिच केही समयअघि हैजा फैलिएको बारा र पर्सामा यसविरुद्धको खोप खुवाइने भएको छ। हैजाको सम्भावित जोखिम रहेको भन्दै स्वास्थ्य मन्त्रालयले हैजाविरुद्धको खोप वितरण थालेको हो। पर्सामा २६ असोजदेखि र बारामा २८ असोजदेखि खोप कार्यक्रम सुरु गरिने स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए। उनका अनुसार खोप एक वर्ष उमेरमाथिका सबैलाई खुवाइनेछ। दुई जिल्लामा १० लाख १८ हजार १०० मात्रा खोप खुवाइने मन्त्रालयले जनाएको छ।

आवश्यकता

स्वयम्भु, काठमाडौं - १५ मा अवस्थित एउटा प्रतिष्ठित संस्थाको लागि देहाय बमोजिमका कर्मचारीहरुको आवश्यकता भएकोले योग्य उमेदवारहरुबाट दरखास्त आव्हान गरिएको छ।

१. मेन कुक - १ जना

न्यूनतम योग्यता : कम्तिमा १०+२ पास गरी मान्यता प्राप्त संस्थाबाट खाना पकाउने तालिम लिई कम्तिमा ५ वर्ष कुक सम्बन्धी कार्य अनुभव भएको।

२. सहायक कुक - २ जना

न्यूनतम योग्यता : कम्तिमा १०+२ पास गरी मान्यता प्राप्त संस्थाबाट कुकको तालिम लिई कम्तिमा १ वर्ष कुक सम्बन्धी कार्य अनुभव भएको।

३. अफिस असिस्टेण्ट/IT असिस्टेण्ट - केही

न्यूनतम योग्यता : कम्तिमा १०+२ पास गरी Computer सम्बन्धी सिप र अध्ययन गरी अङग्रेजी र नेपाली भाषामा टाईप गर्ने दक्षता भएकोलाई ग्राह्यता दिईने छ।

४. एकाउन्टेण्ट - केही

न्यूनतम योग्यता : कम्तिमा Account/Finance विषयमा स्नातक पास गरी २ वर्ष Accounting Software मा काम गरेको अनुभव भएको।

५. ल्याब टेक्निसियन/ल्याब टेक्नोलोजिस्ट - केही

न्यूनतम योग्यता : कम्तिमा CMLT/BMLT पास गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। अनुभवीलाई ग्राह्यता दिईने छ।

इच्छुक योग्य उमेदवारहरुले आफुले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम तथा कार्य अनुभवको प्रमाणपत्रहरु र नागरिकताको प्रमाणपत्र सहित medipridehealthcare@gmail.com मा दरखास्त दिनुहुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

■ सम्पादकहरूसँग प्रचण्डको संवाद

'ओलीको लिखित प्रस्तावमै सुशीला प्रधानमन्त्री बन्नुभएको हो, अहिले उनैले हाहा-हुहुको सरकार भन्न मिल्दैन'

नयाँ पत्रिका

माओवादीका संयोजक प्रचण्डले सुशीला कार्की नेतृत्वको नागरिक सरकार निवर्तमान प्रधानमन्त्री केपी ओलीकै लिखित सिफारिसमा बनेको बताएका छन्। त्यही सरकारलाई अहिले ओलीले 'हहा-हुहुमा बनेको' भन्दै खिसीटिउरी गर्न नमिल्ने उनको भनाइ छ।

'सुशीला कार्की तत्कालीन प्रधानमन्त्री केपी ओलीको लिखित सिफारिसमा प्रधानमन्त्री बन्नुभएको हो, हामी त साक्षी मात्र हौं,' शुक्रबार सम्पादकहरूसँगको संवादमा प्रचण्डले भने, 'आफैंले सिफारिस गरेर बनाएको सरकारलाई अहिले 'हाहा-हुहु'मा बनेको भन्दै हुनुहुन्छ। कम्तीमा ओलीले त्यस्तो भन्न मिल्दैन। बरु, हामी साक्षीले मिल्ला।'

प्रचण्डले आगामी २१ फागुनका लागि तोकिएको निर्वाचन सम्पन्न गराउन सबै लाग्नुपर्ने र त्यसमै देशको हित रहेको बताए। निर्वाचनपछि बृहत् राष्ट्रिय सहमतिमा जेन-जीले अघि सारेका माग सम्बोधन गर्न संविधान परिमार्जन गर्नुपर्ने उनको प्रस्ताव छ। अहिलेको संविधान यथास्थितिमा काम नलाग्ने उनको भनाइ छ।

'निर्वाचन सफल बनाउन सबै लाग्नुपर्छ। त्यसपछि राष्ट्रिय सहमतिका आधारमा संविधान संशोधन गरेर जेन-जी पुस्ताका माग सम्बोधन गर्नुपर्छ। अहिलेको



प्रमुख आवश्यकता यही हो,' प्रचण्डले भने, 'यो संविधान यथास्थितिमा काम लाग्दैन, यसमा परिमार्जन आवश्यक छ। र सहमतिमै यो प्रक्रिया अगाडि बढाउनुपर्छ।'

प्रचण्डले जेन-जी आन्दोलनबाट संविधान कार्यान्वयनको समीक्षा गर्नुपर्ने विषय अझ सान्दर्भिक बनेको बताए। 'सबै दलहरूले १० वर्षपछि संविधान कार्यान्वयनको समीक्षा गर्ने प्रतिबद्धता जनाएका थियौं, अहिले त्यो समय आएको छ,' उनले भने, 'अब समीक्षा गरेर के-के सुधार गर्न सकिन्छ भन्नेबारे गम्भीर छलफलमा जानुपर्ने वेला आएको छ। यसका लागि बृहत् राष्ट्रिय सहमति अनिवार्य छ।'

प्रचण्डले विगतमा पनि राष्ट्रिय सहमतिका आधारमा निर्वाचन गरिएको र संविधान निर्माण पनि सहमतिकै आधारमा भएको स्मरण गर्न सबैलाई आग्रह गरे। उनले अहिले आरोप-प्रत्यारोपको समय नभई बिग्रेका कुरा सच्याउने वेला रहेको बताए। 'सबै दलले आत्मसमीक्षा गर्नु आवश्यक छ। अब पनि जनताका अगाडि सबै कुरा खुलस्त भन्नुको साटो आपसमा आरोप-प्रत्यरोप गर्नु ठिक होइन। किनभने बिग्रेका कुरा सच्याउने पनि दलहरूले नै हो,' उनले भने। आफू अहिले नयाँ पुराना सबै दल र जेन-जी प्रतिनिधिसँग संवादमा रहेको पनि प्रचण्डले सुनाए। 'म नयाँ पुराना सबै दलका नेताहरूसँग संवादमै छु। जेन-जी प्रतिनिधिहरूसँग सम्पर्क र संवादमा छु। उनीहरूलाई विश्वासमा लिएर नै राष्ट्रिय सहमतिको वातावरण बनाउन सकिन्छ,' उनले भने।

यसअघिको सत्तारूढ गठबन्धनलाई लक्षित गर्दै प्रचण्डले संविधानको मर्मअनुसार राजनीतिक अभ्यास नहुँदा परिस्थिति असहज भएको टिप्पणी गरे। 'विगतमा जे अभ्यास गरियो त्यो लोकतान्त्रिक थिएन। संविधानको मर्मअनुसार थिएन। सदनको पहिलो र दोस्रो दल मिलेर दुईतिहाइ बनाएर जे गरे पनि हुन्छ भन्ने मानसिकता त्यहीँबाट बीजारोपण भएको थियो। विश्वासको मत दिँदा मैले यसको परिणाम निकै गम्भीर हुन्छ भनेको कुरा तपाईंहरूलाई स्मरण गराउन चाहन्छु,' उनले भने।

जेन-जी पुस्ताको आन्दोलनअघि नै आफूले खबरदारी गरेको, तर सरकारले नसुनेको पनि प्रचण्डले सुनाए।

सेनालाई धन्यवादसँगै प्रश्न

प्रचण्डले आन्दोलनका वेला आफूलाई सेनाले बचाएको भन्दै धन्यवाद दिए। सँगसँगै आफूलाई बचाएको सेनाले सिंहदरबार, सर्वोच्च अलालत र शीतलनिवास किन नबचाएको भनेर प्रश्न पनि गरे। 'मलाई अहिले हामी कसरी बाँचियो भन्ने लाग्छ। एक मनले सोच्छु हामीलाई सेनाले बचाएको हो। फेरि सोच्छु हामीलाई बचाएको सेनाले सिंहदरबार किन बचाएन ? सर्वोच्च अदालत किन बचाएन ? शीतलनिवास किन बचाएन ?' उनले भने। विपक्षी दलहरूको बैठकमा सिंहदरबारमै रहेका वेला आन्दोलन बढ्दै जाँदा सेक्युरिटीका मान्छेले 'बाहिर जान ठिक नहुने' सुझाएपछि आफैंले प्रधानसेनापतिलाई फोन गरेर सुरक्षा मागेको पनि प्रचण्डले सुनाए। त्यसपछि सेनाले आफूलाई उद्धार गरेर हेडक्वार्टर लगेको उनले बताए। 'प्रधानमन्त्रीदेखि मन्त्री र नेताहरूलाई सेनाले हेलिकोप्टर र गाडीमा राखेर उद्धार गरिरहेको थियो। मैले आफैं प्रधानसेनापतिलाई फोन गरेर सुरक्षाका लागि आग्रह गरेको हुँ,' उनले सुनाए। हेडक्वार्टरबाटै राजनीतिलाई सही ट्र्याकमा फर्काउन सक्नेजति भूमिका खेलेको प्रचण्डले बताए।

एमालेमा पहिलोपटक...

पृष्ठ १ बाट क्रमशः

पुनर्गठनका लागि ओलीले मार्गप्रशस्त गर्नुपर्ने विचार राखेका हुन्। शनिबार ओलीसहित बाँकी आठ पदाधिकारीले धारणा राख्नेछन्। १९ सदस्यीय पदाधिकारीमा टोपबहादुर रायमाझी निलम्बित छन्।

'देश सञ्चालन गर्ने कार्यकारी प्रमुख प्रधानमन्त्रीलाई त्यति ठुलो घटनाबारे किन पूर्वसूचनाहरू भएनन्, स्वाभाविक प्रश्नहरू उठेका छन्। के-कस्ता कमजोरी भए, सुरक्षा अंगहरू किन प्रभावकारी परिचालन भएनन्, गहिराइमै पुगेर समीक्षा गर्नुपर्छ। प्रधानमन्त्रीले, पार्टीले वा अरू क-कसका कमजोरी छन् भने पनि स्वीकार गर्नुपर्छ र जनतासँग क्षमायाचना गरेरै अघि बढ्नुपर्छ,' बैठकमा बहुसंख्यक पदाधिकारीको धारणा संश्लेषण गर्दै एक पदाधिकारीले नयाँ पत्रिकासँग भने, 'घटनाका आन्तरिक र बाह्य दुवै कारण होलान्। तर, आन्तरिक कमजोरी केही पनि नदेख्ने, एकोहोरो बाह्य हस्तक्षेप र षड्यन्त्र मात्रै भयो भन्ने कुरा यथार्थपरक हुँदैन र सबैले पत्याउँदैन। त्यसैले नयाँ परिवेशमा पार्टीलाई नयाँ ढंगले पुनर्गठनको दिशामा अगाडि बढाउन कमजोरी स्विकारेर अध्यक्षले मार्गप्रशस्त गर्नुपर्छ भन्ने सुझाव आएको छ।'

ती पदाधिकारीले अध्यक्ष ओलीले सम्मानजनक रूपमा पदत्याग गरेर पार्टीलाई पुनर्गठनको दिशामा लैजानुपर्ने धारणा बैठकमा उठेको बताए। 'कसैले कुन भाषा त कसैले कुन भाषा प्रयोग गर्नुभयो। कसैले महाधिवेशनबाट त कसैले तत्कालै राजीनामा गर्दा उपयुक्त हुने सुझाव पनि राख्नुभो। तर, बहुसंख्यकको साझा धारणा अध्यक्षले मार्गप्रशस्त गर्नुपर्छ भन्ने नै छ,' उनले भने, 'गहिरो समीक्षा, आत्मसमीक्षा र कमजोरीप्रति क्षमायाचना गरेर नयाँ ढंगले पार्टीलाई पुनर्गठन र रूपान्तरण गर्नुपर्छ। खासगरी पार्टीको नेतृत्व फेरिनुपर्छ। वैचारिक-राजनीतिक, कार्यशैलीगत र संगठनात्मक रूपमा पुनर्गठन गरेर पार्टीलाई नयाँ ढंगले अगाडि बढाउनुपर्छ भन्ने धारणा आएको छ।'

तर, उपाध्यक्ष बराल र महासचिव पोखरेलले भने संकटका वेला नेतृत्वविरुद्ध सार्वजनिक रूपमा आलोचना गर्ने प्रवृत्तिले पार्टीलाई झन् कमजोर बनाउने भन्दै पुनर्गठनको मुद्दाको प्रतिवाद गरेका थिए। उनीहरूले पार्टी महाधिवेशनमै कार्यकर्ताले सार्वभौम अधिकार प्रयोग गरेर पार्टीलाई नयाँ ढंगले पुनर्गठन गर्न सक्ने विषयलाई एमालेविरोधी शक्तिहरूलाई झन् मलजल गर्ने गरी धारणा राख्नु गलत भएको बताएका थिए। उपमहासचिव ज्ञवालीले भने अहिले एमालेविरुद्ध ठुलो हमला भइरहेका वेला पार्टीलाई एकताबद्ध बनाएर अगाडि बढाउनुपर्नेमा जोड दिएका थिए।

बैठकपछि उपमहासचिव ज्ञवालीले छलफल र बहसमा दुई धार नदेखिएको दाबी गरे। छलफल हुँदा नेताहरूबाट विभिन्न विचार व्यक्त हुनु स्वाभाविक भए पनि साझा निष्कर्षका आधारमा शनिबार पार्टीले निर्णय गर्ने उनले बताए। 'छलफलका वेला विभिन्न विचार व्यक्त हुनुलाई अन्यथा मानिँदैन। त्यो छलफलको स्वाभाविक प्रक्रिया हो,' उनले भने, 'बैठकमा दुई धार देखिएकै छैन, निर्णय गर्दा एउटै निष्कर्षमा पुग्छौं।'

ज्ञवालीले सकेसम्म छिटो महाधिवेशन गरेर पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरणको विषय सम्बोधन गर्ने बताए। उनले शनिबारको बैठकबाट महाधिवेशनको निर्णय हुने पनि बताए। 'पार्टीले छिट्टै महाधिवेशन गरेर त्यहीँबाट अहिले उठेका सबै प्रश्नको जवाफ खोज्नुपर्छ र पार्टीलाई नयाँ ढंगले अगाडि बढाउनुपर्छ भन्ने मत आएका छन्। सम्भवतः भोलि प्रस्ताव तयार गरेर निर्णय गर्छौं,' ज्ञवालीले भने।

उपमहासचिव ज्ञवालीले वैधानिक फोरमबाटै नेतृत्व हस्तान्तरणको मुद्दा सम्बोधन गर्ने बताए। 'बिस्तारै हस्तान्तरण र पुस्तान्तरण हुनुपर्छ भन्ने कतिपय साथीका आवाज छन्। ती सबै आवाज ध्यानमा राखेका छौं। पार्टी एकता सुदृढ गर्नुपर्ने छ। वर्षौं लगाएर स्थापित गरेका लिगेसीहरूलाई रक्षा गर्नुपर्नेछ,' उनले भने, 'संकटका वेला नेतृत्वको प्रतिरक्षा गर्नुपर्ने पनि छ र आमजनता र पार्टी कार्यकर्ताको भावना पनि सम्बोधन गर्नुपर्ने छ। महाधिवेशनसम्म पुग्दा यी सबै विषय सम्बोधन गर्छौं।'

सचिवालय बैठकअघि अध्यक्ष ओलीले जिल्ला र प्रदेश नेतृत्वसँग लगातार तीन दिन छलफल गरेका थिए। ती सुझावलाई समेत ध्यान दिएर केन्द्रीय कमिटी हुँदै महाधिवेशनमा गएर 'फेस' गर्ने, तर नेतृत्व नछोड्ने सोचमा ओली छन्। तर, उनीमाथि नेतृत्व हस्तान्तरणको संगठित र संस्थागत दबाब बढ्न थालेको छ। सचिव पद्मा अर्यालले जेन-जी आन्दोलनपछि विकसित परिस्थितिबारे बैठकमा सघन र समीक्षात्मक छलफल भएको बताइन्।

चुनावमा केन्द्रित...

पृष्ठ १ बाट क्रमशः

'पार्टीहरूले अन्योल सिर्जना नगरी जेन-जी पुस्ताको माग पनि आफूहरूले पूरा गर्ने भनेर जनतामा जानुस्। दलहरूको सुरक्षाको चिन्तालाई सरकारले तत्काल सम्बोधन गरोस्,' राष्ट्रपति पौडेललाई उद्धृत गर्दै प्रेस सल्लाहकार पोखरेलले भने।

बैठकमा कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का र महामन्त्री गगन थापा, एमालेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र महासचिव शंकर पोखरेल तथा माओवादीबाट वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र सचिव वर्षमान पुन सहभागी थिए। त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीबाट कार्यवाहक सभापति डिपी अर्याल र सहमहामन्त्री विपिनकुमार आचार्य, राप्रपाबाट प्रवक्ता ज्ञानेन्द्र शाही र नेतृ मीना लामा, एकीकृत समाजवादीबाट उपाध्यक्ष राजेन्द्र पाण्डे र महासचिव धनश्याम भुसाल उपस्थित थिए। जनता समाजवादी पार्टीबाट नेतृ रेणुकुमारी यादव, जसपा नेपालका विद्युत बज्राचार्य र प्रकाश अधिकारी, जनमत पार्टीका अध्यक्ष डा. सिके राउत र नेता डा. जयकुमार राउत, लोसपाका नेताद्वय सर्वेन्द्रनाथ शुक्ल र ज्ञानेन्द्र झा, नागरिक उन्मुक्ति पार्टीका रेशम चौधरी र नेपाल मजदुर किसान पार्टीका सुनील प्रजापति सहभागी थिए। अन्तरिम प्रधानमन्त्री सुशीला कार्की तथा सबै मन्त्री बैठकमा थिए।

कांग्रेस, एमाले, माओवादीसहितका नेताहरूले प्रधानमन्त्रीले बोलाउनुपर्ने बैठक राष्ट्रपतिले बोलाएकोमा प्रश्न उठाएका थिए। पूर्वमन्त्रीसमेत रहेका लोसपा नेता शुक्लका अनुसार सबै दलका प्रतिनिधि र सरकारका तर्फबाट बोल्ने समय दिइएको थियो।

प्रधानमन्त्री कार्कीले पहिलो बैठक सिंहदरबारमा बोलाउन चाहेको, तर जेन-जी पुस्ताबाट सम्हाल्न गाह्रो होला भन्ने निष्कर्षसहित सरकारकै अनुरोधमा राष्ट्रपति कार्यालयमा बैठक बोलाइएको बताएकी थिइन्। 'जेन-जी पुस्तालाई सम्हाल्न गाह्रो होला भनेर पहिलो बैठक सिंहदरबारमा नबोलाइएको हो। सरकार गठनको एक महिनाको ग्यापमा बैठक भयो। अब यो ग्याप हुँदैन। हरेक साता म सिंहदरबारमा दलहरूसहितको बैठक बोलाउँछु,' प्रधानमन्त्री कार्कीलाई उद्धृत गर्दै लोसपा नेता शुक्लले भने।

प्रधानमन्त्री कार्कीले स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन गराउन सरकारले शान्ति सुरक्षाको प्रबन्ध गर्ने बताइन्। 'जेन-जीहरू हामीहरू सबैको छोरा-नाति भएकाले उनीहरूले किन आज यस्तो असन्तुष्टि व्यक्त गरे भन्ने बुझेर परिवर्तनलाई आत्मसात् गर्दै अगाडि बढौं,' उनले बैठकमा भनिन्।

बैठकमा एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले मुलुकमा अहिले चुनावकै वातावरण नभएको भन्दै कसरी चुनाव हुन्छ भन्दै प्रश्न राखेका थिए। सरकारले दलहरूसँग संवाद गरेर राष्ट्रिय एकताको वातावरण तयार गर्नेभन्दा पनि मुठभेडको वातावरण तयार गरिरहेको उनको आरोप थियो। जेलबाट छुटेका कैदीबन्दी र प्रहरीका लुटिएका हतियार फिर्ता गरेर प्रहरीको मनोबल उकास्ने तथा दलहरूसँग संवाद र समन्वय गरेर एकताको वातावरण निर्माणका लागि पोखरेलले सुझाव दिएका थिए। उनले पछिल्लो विकसित घटनाक्रमबारे पार्टीभित्र सचिवालयमा छलफल चलिरहेको र केन्द्रीय कमिटी बैठक बसेर धारणा तय गर्ने जानकारीसमेत गराएका थिए।

कांग्रेस दोहोरो खेलमा

काठमाडौं/ विघटित प्रतिनिधिसभाको ठुलो दल कांग्रेसले ६ महिनाभित्र निर्वाचन गर्ने म्यान्डेटसहित गठित अन्तरिम सरकारले त्यसका लागि वातावरण बनाउन नसकेको टिप्पणी गरेको छ। यसैलाई देखाएर कांग्रेसले प्रतिनिधिसभा पुनर्स्थापनाको ढोका पनि खुला राख्ने राजनीतिक आधार बनाउने प्रयास पनि कायम राखेको छ। यद्यपि, औपचारिक निर्णय भने कांग्रेसको आइतबार बस्ने केन्द्रीय कार्यसमिति बैठकले लिनेछ।

केन्द्रीय समितिको बैठकको तयारीका लागि बसेको कांग्रेस पदाधिकारी, पूर्वपदाधिकारी तथा कार्यसम्पादन समितिका सदस्यहरूको शुक्रबारको बैठकमा पार्टीको आन्तरिक अवस्था र राजनीतिक परिस्थितिबारे छलफल भएको थियो। त्यसपछि सञ्चारकर्मीसँग कुरा गर्दै कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले कांग्रेस बैठकमा निर्वाचनका लागि सहज र सकारात्मक माहोल बनाउन सरकार गम्भीर नभएको विषय उठेको बताए।

'संवैधानिक व्यवस्थाअनुसार सरकार निर्माण भएको छैन। संसद् विघटन पनि संविधानअनुकूल छैन, यसलाई असंवैधानिक भनेकै छौं। तथापि निर्वाचन मिति तोकिएको छ। निर्वाचन हुन्छ-हुँदैन भन्ने अन्योल छ। सरकार निर्वाचन सहज, निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण बनाउन गम्भीर देखिएको छैन,' उनले भने, 'कांग्रेस जनतामा विश्वास गर्ने पार्टी भएकाले जनसमक्ष जाने विषय नकार्न सक्दैनौं। तर, भोलि कस्तो अवस्था आउँछ भन्ने निश्चित भएन। त्यसैले संसद् पुनर्स्थापनाको बाटो पनि खुला राख्नुपर्छ भन्ने हाम्रो धारणा छ।'

महतका अनुसार बैठकमा पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित २३ र २४ को घटनाबारे जाँचबुझ आयोगबारे छलफल भएको थियो। 'बैठकमा आयोगबारे पनि कुरा उठेको थियो। आयोग पूर्वाग्रही हुनुभएन भन्ने धारणा छ। २३ भदौमा कुन परिवेशमा गोली चल्यो, यसमा अनेकौं प्रश्न उठेका छन्। घुसपैठलगायत सार्वजनिक भएका छन्। यसको यथेष्ट अनुसन्धानका आधारमा आयोग निष्कर्षमा पुग्नुपर्छ,' महतले भने, 'निष्कर्षमा पुगिसकेपछि संलग्न को थिए भन्ने स्पष्ट होस् र सबै निर्क्योल भएपछि कारबाही प्रक्रिया अघि बढ्नुपर्छ।'

बैठकमा २४ भदौमा देशव्यापी रूपमा भएको लुटपाट र राष्ट्रिय सम्पत्तिको क्षतिमा संलग्नहरू पक्राउ भए पनि सरकारले विनाकारबाही छाडेको कांग्रेस नेताहरूको आरोप छ। 'यस विषयलाई हामीले गम्भीर रूपमा लिएका छौं। आगजनी र तोडफोड, लुटपाटमा संलग्न भएकालाई कारबाही गर्नुपर्छ,' महतले भने।

महतका अनुसार पार्टी सभापति शेरबहादुर देउवामाथि सार्वजनिक रूपमा कुटपिट भएको, छानीछानी नेताहरूको घरसम्पत्तिमा तोडफोड, आगजनी र लुटपाट गरिएको विषयमा पनि बैठकमा चर्चा भएको छ। 'कांग्रेस लोकतान्त्रिक शक्तिको प्रतीक हो। यसलाई लक्षित गरेर आक्रमण भएको छ,' महतले भने, 'लोकतान्त्रिक पद्धति र शक्तिलाई कमजोर पार्न खोजिएको छ। त्यसकारण अहिले पार्टीमा ध्रुवीकरण र विभाजनको कार्य हुनुहुँदैन भन्ने नै साथीहरूको जोड छ।'

महाधिवेशनबारे के भयो छलफल ?

बैठकमा नेताहरूले पार्टीको महाधिवेशनका विषयमा पनि धारणा राखेका छन्। प्रवक्ता महतका अनुसार केन्द्रीय कार्यसम्पादन समिति सदस्य, पूर्वपदाधिकारी र बहालवाला पदाधिकारीको सुझावपछि साझा धारणा बनाउने र त्यसलाई बुँदागत एजेन्डाका बनाएर केन्द्रीय समिति बैठकमा पेस गर्ने कांग्रेसको तयारी छ। कांग्रेस केन्द्रीय कार्यसमिति बैठक २६ असोजदेखि बस्दै छ।

'यो चुनौतीपूर्ण अवस्थामा पार्टीलाई कसरी अघि बढाउने, देशको राजनीतिक परिस्थितिबारे दृष्टिकोण बनाउने विषयमा केन्द्रित भएर छलफल भइरहेको छ। मूलतः पार्टीको आन्तरिक र बाह्य परिस्थितिबारे छलफलमा छौं,' बैठकपछि प्रवक्ता महतले भने। उपसभापति पूर्णबहादुर खड्काको सभापतित्वमा बसेको बैठकमा नेताहरूले सुझाव दिने क्रम जारी रहेको महतले बताए। शुक्रबारको बैठकमा नेताहरू कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह, बलबहादुर केसी, ज्ञानेन्द्रबहादुर कार्की, डा. शशांक कोइराला, उमा रेग्मी, आनन्दप्रसाद ढुंगाना, सुजाता कोइरालालगायतले बोलेका थिए। सिटौलाले अहिले नेतृत्वमाथि आलोचना गर्नु उपयुक्त नभएको बताएका थिए।

एमाले सचिवालय बैठक

चुनावप्रति शंका, संसद् पुनर्स्थापना गर्न दलहरूसँग वार्ता

एमालेले अहिलेको सरकार चुनावको दिशामै नरहेको विश्लेषण गर्दै संसद् पुनर्स्थापनाका लागि कांग्रेससहित राजनीतिक दलहरूसँग वार्तामा रहेको जानकारी गराएको छ। सरकार चुनावी वातावरण बनाउने काममा नलागेको बरु मुलुकलाई तनाव र मुठभेडतिर लैजान उद्यत रहेको एमालेको आरोप छ।

'निर्वाचनको आत्मा भनेको भयरहित वातावरण, निष्पक्षता, स्वच्छता र हरेक उम्मेदवार, दलले निर्भयतापूर्वक मतदातासामु आफ्ना कुरा लैजान पाउने वातावरण हो। त्यो वातावरण निर्माणमा सरकार लागेकै छैन। सरकार चुनाव गर्ने होइन, राजनीतिक अस्वस्थतातिर लागेको छ,' ज्ञवालीले भने, 'कुनै पनि लोकतान्त्रिक शक्ति निष्पक्ष र भयरहित वातावरणको निर्वाचनबाट पन्छिँदैनन्। तर, जे घटनाक्रम भए, त्यो सामान्यतया निर्वाचन गरेर लोकतन्त्र पुनर्स्थापित गर्ने उद्देश्यले भएका होइनन् भन्ने गम्भीर आशंका छ।'

एमालेले अन्तरिम सरकार चुनाव गराउनेभन्दा पनि राजनीतिक दलहरूलाई निषेध गरेर देशलाई मुठभेडको दिशामा लैजान प्रयासरत रहेको विश्लेषण गरेको छ। 'एउटा विशेष स्थितिमा सुशीला कार्की प्रधानमन्त्री बन्नुभो, तर त्यसपछि सरकारले गरिरहेको काम र क्रियाकलापप्रति हाम्रो गम्भीर आपत्ति छ। मुलुकको विभाजित मनस्थिति जोडेर राष्ट्रिय एकता कायम गर्न सबै दललाई साथमा लिएर अघि बढ्नुपर्थ्यो। तर, साथ लिने होइन सरकार निषेधको बाटोबाट अगाडि बढिरहेको छ,' बैठकपछि ज्ञवालीले भने।

उनले सरकारका क्रियाकलापले चुनावभन्दा मुठभेड निम्त्याउने एमालेको टिप्पणी छ। 'सरकार बनाउनेहरू हिंसाको भाषा बोलिरहेका छन्। राजनीतिक नेताहरूमाथि भौतिक आक्रमणको धम्की दिइएको छ। एकातिर गृहमन्त्रीको दबाबमा प्रहरीलाई कुटीकुटी हत्या गर्ने र हतियार लुट्नेलाई सजिलै छाडिदिने काम भएको छ,' ज्ञवालीले भने, 'अर्कोतिर शान्तिपूर्ण प्रदर्शन गर्ने दलहरूलाई रोक्ने, नेताहरूलाई स्थान हद तोक्ने काम भएको छ। यसले वर्तमान सरकार निर्वाचन गराउने बाटोमा होइन, मुलुकलाई अनावश्यक तिक्तता, तनाव र मुठभेडतिर लैजान उद्यत छ भन्ने देखिन्छ।'

५० जना...

पृष्ठ १ बाट क्रमशः

वाणिज्यदूतसम्बन्धी नियमावली, २०३९ र हालको प्रचलनबमोजिम सरकारले निर्णय लिएको परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए। उनका अनुसार कूटनीतिक नम्बर प्लेटको दुरुपयोगको पनि गुनासो थियो।

'५० जनाले गाडीमा नीलो नम्बर प्लेट प्रयोग गरिरहनुभएको छ। नीलो नम्बर प्लेटका सवारीसाधनको दुरुपयोग भएको भन्ने गुनासोसमेतका आधारमा सरकारले निर्णय गरेको हो,' परराष्ट्र मन्त्रालयका प्रवक्ता क्षेत्रीले नयाँ पत्रिकासँग भने, 'सरकारले गरेको निर्णयसँगै अब उहाँहरूले रातो नम्बर प्लेटमा परिवर्तन गर्नुपर्छ।'

नेपालमा अधिकांश व्यापरिक घरानाका प्रमुख विदेशी मुलुकका अवैतनिक महावाणिज्यदूतका रूपमा कार्यरत छन्। तत्कालीन परराष्ट्रमन्त्री डा. नारायण खड्काको पालामा अवैतनिक महावाणिज्यदूतलाई नीलो नम्बर प्लेट उपलब्ध गराउने निर्णय भएको थियो। उक्त निर्णयको आलोचनासमेत भएको थियो।

कूटनीतिक नम्बर प्लेटको गाडीमा ल्याएका सामान खानतलासी गर्न पाइँदैन। कूटनीति सञ्चालनसम्बन्धी भियना महासन्धिमा उल्लेखित कूटनीतिक उन्मुक्तिको प्रावधानअनुसार नीलो नम्बर प्लेटका गाडीहरूमा सम्बन्धित देशका सुरक्षा निकायले चेकजाँच गर्न पाउँदैन।

सरकारले पूर्वसचिव शरदचन्द्र पौडेलको संयोजकत्वमा गठन गरेको यातायात सुधार सुझाव कार्यदलले ०८० माघमा बुझाएको प्रतिवेदनमा अवैतनिक महावाणिज्यदूतले प्रयोग गरेका कूटनीतिक नम्बर प्लेटका गाडीहरू कालोबजारी, तस्करीजस्ता गैरकानुनी क्रियाकलापमा दुरुपयोग गरिएको उल्लेख थियो।

सरकारले हाल प्रयोगमा रहेका नीलो नम्बर प्लेट भएका सवारीसाधनलाई निजी सवारीसाधनमा परिवर्तन गर्न अवैतनिक महावाणिज्यदूतहरूलाई निर्देशनसमेत दिएको छ। अवैतनिक महावाणिज्यदूतले तोकिएको कन्सुलर क्षेत्रभित्र नेपालको राष्ट्रिय दिवस समारोह, सम्बन्धित (नियुक्ति दिने) मुलुकको राष्ट्रिय दिवस समारोह, सम्बन्धित मुलुकको राष्ट्र प्रमुख र सरकार प्रमुख एवं परराष्ट्रमन्त्री नेपाल भ्रमणमा रहेको समयमा सरकारी भेटघाट, स्वागत तथा बिदाइ, नेपालका लागि सम्बन्धित मुलुकको राजदूतको नेपाल भ्रमणका अवसरमा सम्बन्धित मुलुकको राष्ट्रिय झन्डा प्रयोग गर्न पाउने व्यवस्था भने यथावत् रहने परराष्ट्र मन्त्रालयले जनाएको छ।

नेपाल राष्ट्र बैंक
भुक्तानी प्रणाली विभाग

प्रभु टेक्नोलोजी प्राइभेट लिमिटेडलाई प्रदान भएको भुक्तानी सेवा प्रदायकको अनुमतिपत्र नवीकरण नगरिएको सूचना

सूचना प्रकाशन भएको मिति : २०८२/०६/२५

प्रभु टेक्नोलोजी प्राइभेट लिमिटेडलाई यस बैंकबाट मिति २०७६/११/११ मा प्रदान भएको **भुक्तानी सेवा प्रदायक**को अनुमतिपत्र भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा १३(४) को व्यवस्थाबमोजिम **नवीकरण नगरिएको** व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। उक्त संस्थाले जारी गरेका भुक्तानी उपकरणहरू प्रयोग गर्ने ग्राहकको संस्थासँग कुनै लेनदेन बाँकी रहेको भए यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र सम्बन्धित संस्थामा सम्पर्क गर्नुहुन समेत यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार २५ असोज ०८२
nayapatrikaofficial @nayapatrika


अंग प्रत्यारोपणका सफल कथा
जसले पाए नयाँ जीवन

स्वास्थ्य



● शिवहरि घिमिरे

मिर्गौला बिग्रिएर बाँच्ने आशासमेत त्यागिसकेका कैयौं बिरामीलाई भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले नयाँ जीवन दिएको छ। उनीहरूको जीवन भोगाइ र उपचारको कथाले बोल्छ- जीवन अमूल्य छ। अहिले पनि कैयौं बिरामी नयाँ जीवन पाउने आशामा अस्पतालको दैलोमा प्रत्यारोपणको पालो पर्खिएर बसिरहेका छन्। सबै प्रक्रिया मिल्यो भने त्यहाँ पुगेको दुई-तीन महिनामै केन्द्रले प्रत्यारोपण सम्पन्न गर्ने गरेको छ। कठिन अवस्थामा पनि मिर्गौला प्रत्यारोपण गरेर नयाँ जीवन पाएकाहरूको जीवन भोगाइ साँच्चै प्रेरणादायी छ :



भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय अंग प्रत्यारोपण केन्द्रमा १ जेठ ०८२ मा एउटा अनौठो प्रकारको प्रत्यारोपण सफल भयो। नेपालमै पहिलोपटक मस्तिष्क मृत्यु भएका व्यक्तिको मिर्गौला र कलेजो एकै व्यक्तिमा सफल प्रत्यारोपण गरियो। दुर्घटनामा ज्यान गुमाएका १८ वर्षीय युवाको अंगले हेटौंडाका शिव महर्जनले नयाँ जीवन पाए।

श्रीमतीको मिर्गौला अर्कैसँग साटेर नयाँ जीवन पाएका प्रदीप

रोजगारी सिलसिलामा रोमानिया पुगेका खोटाङ केपिलासगढीका प्रदीप राईलाई भदौ ०७९ मा स्वास्थ्यमा अप्रत्यासित समस्या देखियो। ०७७ मा बिचौलियालाई साढे तीन लाख बुझाएर रोमानिया पुगेका उनमा दुई वर्षमै जटिल स्वास्थ्य समस्या देखियो। विदेश गएको ऋण बल्ल तिरेर सकिएको थियो। अब केही पैसा बचाउँला र घर खर्च पठाउँला भन्ने योजना बनाउँदै थिए। अकस्मात उनको स्वास्थ्यमा प्रलय आइलाग्यो। नियमित भोमिटिङ हुने, हातगोडा सुन्निनेजस्ता लक्षण देखिए। भदौ ०७९ मा अस्पताल पुगेर जाँच गराउँदा रिपोर्ट अप्रत्यासित आयो। उनका दुवै मिर्गौलाले काम गर्न छाडेका थिए। अस्पतालबाट रिपोर्ट बोकेर फर्किएका उनी क्वार्टरको एक कोठामा निक्कैबेर भक्कानिए। कडा रोगले समात्यो। घर परिवार टाढा छन्। अब कसो गर्ने ? धेरै दिन निराशाको भुमरीमा परे। परदेशको ठाउँमा सम्हालिनुबाहेक उनीसँग विकल्प थिएन। एक महिना रोमानियाकै अस्पतालमा भर्ना भएर उपचारसमेत गराए। चारपटकजति डायलाइसिस पनि गरे। कामै गर्न नसक्ने भएपछि उनी असोज ०७९ मा स्वदेश फर्किए। असोज ०७९ मा उनी किस्ट अस्पतालमा पैसा तिरेर डायलाइसिस गर्न थाले। दुई महिनासम्म पैसा तिरेर डायलाइसिस गरे। यतिबेलासम्म डायलाइसिस गर्दा तीन लाख हाराहारी सकियो। डायलाइसिसकै भरमा बाँच्न कठिन हुने भएपछि उनले अब मिर्गौला प्रत्यारोपणको प्रक्रिया थाले। कात्तिक ०७९ मा भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा पुगे। चिकित्सकसँग सल्लाह लिए। अस्पतालले डोनर ल्याउन सके छिटो प्रत्यारोपण हुने बतायो। त्यसपछि प्रदीप आफ्नै श्रीमतीबाट मिर्गौला लिने भन्दै स्वास्थ्य परीक्षण गराउन पुगे। श्रीमती मिर्गौला दिन तयार भइन्। दुर्भाग्य ! रक्त समूह मिलेन। अब प्रदीपलाई अर्को तनाव थपियो। दुई भाइ छोरा बच्चै छन्। बुबाआमा वृद्ध भइसके। श्रीमतीबाट मिर्गौला लिन रक्त समूह मिलेन। यसपछि आफन्तलाई पनि सोधे। मिर्गौला दिन कोही तयार भएन। अस्पतालले प्रदीपको जस्तै रक्त समूह नमिलेर रन्थिनिएका अर्को एक दम्पतीको सम्पर्क नम्बर उनलाई दियो। गोरखाका राजेन्द्र श्रेष्ठ पनि श्रीमती अञ्जली श्रेष्ठको मिर्गौला लिन रक्त समूह नमिलेपछि तनावमा थिए। अब दुवैको कथा मिल्यो। प्रदीपले राजेन्द्रलाई फोन गरे। रक्त समूह सोधे। प्रदीपको पत्नीको रक्त समूह राजेन्द्रसँग मिल्यो भने राजेन्द्रकी पत्नी अञ्जली श्रेष्ठको रक्त समूह प्रदीपसँग मिल्यो। दुवैतिरका परिवार मृगौला साटासाट गर्न तम्तयार भए। अन्ततः ४ चैत ०८१ मा राजेन्द्रकी श्रीमतीको मिर्गौला प्रदीपले लिए। हाल प्रदीपको परिवारले खोटाङ छाडिसकेको छ। प्रदीपकै उपचारका लागि परिवारका सबै सदस्यले थातथलो छाडेर ललितपुरको ठैबमा बस्दै आएका छन्।

ब्रेनडेथ भएकाबाट मिर्गौला र कलेजो प्रत्यारोपण गराएका भाग्यमानी शिव

कसैको मृत्युले पनि कसैलाई नयाँ जीवन दिन सक्छ ? पढ्दा वा सुन्दा असहज लाग्ला। भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय अंग प्रत्यारोपण केन्द्रमा १ जेठ ०८२ मा एउटा अनौठो प्रकारको प्रत्यारोपण सफल भयो। नेपालमै पहिलोपटक मस्तिष्क मृत्यु भएका व्यक्तिको मिर्गौला र कलेजो एकै व्यक्तिमा सफल प्रत्यारोपण गरियो। दुर्घटनामा ज्यान गुमाएका १८ वर्षीय युवाको अंगले हेटौंडाका शिव महर्जनले नयाँ जीवन पाए। उनको दुईवटा महत्त्वपूर्ण अंग (मिर्गौला र कलेजो) फेल भएका थिए। एउटा अंगसमेत फेर्न कठिन हुने र नमिल्ने अवस्थामा शिवको जीवनमा भने एउटा यस्तो क्षण आयो, कलेजो र मिर्गौला एकैसाथ प्रत्यारोपण भयो, त्यो पनि ब्रेनडेथबाट आएको अंग राखेर। यसलाई प्रत्यारोपण मात्रै नभएर चिकित्सा विज्ञानको प्रगतिसमेत मान्न सकिन्छ। केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठको नेतृत्वमा १० भन्दा बढी विशेषज्ञ चिकित्सकको समर्पित टिमले असम्भवजस्तो देखिने कार्यलाई सम्भव पारेको थियो। आठ वर्षदेखि अंग फेल भएर थलिएका शिवलाई यसरी दुवै अंग प्रत्यारोपण होला र जीवन जिउन पाउँला भन्ने आशा टुट्न लागेको थियो। जीवन यत्ति हो भन्ने उनको मनमगजमा थियो। शिव एक वर्षदेखि प्रत्यारोपण केन्द्रमै डायलाइसिस गराउँदै आइरहेका थिए। आफन्तबाट अंग पाउन नसकेका उनी दिनदिनै निराश हुँदै गएका थिए। तर, १८ वर्षीय एक युवकको जीवन सडक दुर्घटनामा अस्ताएपछि ती युवकका दुईवटा अंग शिव महर्जनले पाए। काठमाडौं मेडिकल कलेज सिनामंगलमा मस्तिष्क मृत्यु भइसकेपछि उनको परिवारसँग केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठको टिमले बिन्ती गरेर अंगदान गर्न आग्रह गरेका थिए। आफन्तहरू सहमत भएपछि हेटौंडाका शिवले कलेजो र मिर्गौला पाए। हाल उनी घरमै आराम गरिरहेका छन् भने समय-समयमा फलोअपमा आउने गर्छन्। 'मलाई पत्यार नै लागेको थिएन, मेरो जीवनमा यति खुसी आउला भनेर। तर, प्रत्यारोपणपछि मैले नयाँ जीवन पाएँ, दुवै अंग बिग्रिएपछि अब त बाँचिँदैन होला भन्ने लागेको थियो, तर अस्पताल र चिकित्सकले मेरा लागि नयाँ जीवन दिनुभयो,' उनले भने।

श्रीमतीको मिर्गौलाबाट बाँचे इन्द्र

मोरङ बेलबारी नगरपालिका-१ का ४१ वर्षीय इन्द्रप्रसाद सुवेदीको मिर्गौलाले जेठ ०८० देखि काम गर्न छाड्यो। उनले सुरुका दुई महिनासम्म मिर्गौला रिकभर होला भनेर औषधी खाए। तर, निको भएन। विराटनगरस्थित कोशी अस्पतालमा उपचार गराउन जाँदा मिर्गौला बिग्रिएको पुष्टि भएपछि उनले दुई महिना नोबल मेडिकल कलेजमा डायलाइसिस गराए। पैसा तिरितिरी डायलाइसिस साध्य भएन। सर्घै डायलाइसिसको भरमा कतिन्जेल बाँच्ने ? पारिवारिक सरसल्लाह गरेर उनी प्रत्यारोपण गर्ने सोचसहित काठमाडौं हानिए। मिर्गौला दिन उनी श्रीमती चन्दा सुवेदी तयार भइन्। उनी सुरुमा काठमाडौं मेडिकल कलेज (केएमसी)मा उपचारका लागि पुगे। करिब ६ महिना केएमसीमा धाए। यतिबेलासम्म प्रत्यारोपण गराउनेसमेत पैसा भएन। पारिवारिक सल्लाहअनुसार उनी भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय अंग प्रत्यारोपण केन्द्र पुगे। केन्द्र गएको छोटो समयमै उनको प्रत्यारोपण प्रक्रिया अघि बढ्यो।

डा. पुकार श्रेष्ठको नेतृत्वको टिमले २७ चैत ०८१ मा उनलाई मिर्गौला प्रत्यारोपण गऱ्यो। 'निजीमा जाँच गराउँदा-गराउँदै प्रत्यारोपणको पैसा सकियो, त्यसपछि केन्द्रमा आएँ, त्यहाँ धेरै खर्च लागेन, औषधीमा लाग्ने खर्च त तिर्नैपऱ्यो' मिर्गौला प्रत्यारोपणपछि भक्तपुर दुधपाटी क्षेत्रमा डेरा लिएर बसेका सुवेदीले सुनाए, 'श्रीमतीसँग रक्त समूह नमिलेको भए सायद प्रत्यारोपण कठिन हुने थियो, तर अस्पतालले छिटो र विनापैसा

तेस्रोपटक मिर्गौला प्रत्यारोपण गराएका पूर्वमन्त्री लक्ष्मणकिशोर चौधरी



गत ९ भदौमा केन्द्रले नेपालमा पहिलोपटक एकै व्यक्तिमा तेस्रोपटक मिर्गौला प्रत्यारोपण गऱ्यो। सामान्यतः एउटा व्यक्तिमा तीनपटकसम्म मिर्गौला प्रत्यारोपण गर्नु जटिल र चुनौतीपूर्ण मानिए पनि सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले दुर्लभ मानिने प्रत्यारोपण सफलतापूर्वक गरेको थियो। उक्त मिर्गौला प्रत्यारोपण गर्ने भाग्यमानी व्यक्ति थिए, सुदूरपश्चिम प्रदेशका पूर्वमन्त्री लक्ष्मणकिशोर चौधरी। केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठको नेतृत्वमा तेस्रोपटक मिर्गौला प्रत्यारोपण गरिएको थियो। 'सामान्यतया मिर्गौला प्रत्यारोपण एकपटक सफल भएपछि लामो समयसम्म प्रत्यारोपित मिर्गौलाले काम गर्ने गर्छ, तर इम्युनोलोजिकल अस्वीकार, संक्रमण, क्रोनिक अलोग्राफ्ट नेफ्रोप्याथीलगायत समस्याले पहिले प्रत्यारोपण गरिएको मिर्गौला असफल हुन सक्ने सम्भावना रहन्छ,' उनले भने, 'यस्तो अवस्थामा दोस्रो प्रत्यारोपण गरिन्छ, तर तेस्रोपटक प्रत्यारोपण गर्नुपर्ने अवस्था भने अत्यन्तै दुर्लभ मानिन्छ। प्राविधिक जटिलता, औषधीय चुनौती तथा दाता पाउनसमेत कठिनाइ हुने र जोखिम झनै बढी हुने हुँदा तेस्रो प्रत्यारोपण संसारमै सीमित मात्रामा हुने गरेको छ।' चौधरीको पहिलो मिर्गौला प्रत्यारोपण ०७२ मा भारतमा भएको थियो। दोस्रो र हालको तेस्रो प्रत्यारोपण भने केन्द्रमा डा. श्रेष्ठकै नेतृत्वमा भएको हो। चौधरीको तेस्रो प्रत्यारोपण 'पेयर एक्सचेन्ज' प्रणालीअन्तर्गत गैरनातेदारबिच अंग साटासाट गरी गरिएको केन्द्रले जनाएको छ।

पनि प्रत्यारोपण गरिदियो।' इलेक्ट्रिसियनको काम गर्ने उनी मोरङमै बस्थे। तर, अंग प्रत्यारोपणपछि भने उनी भक्तपुरमै बस्दै आइरहेका छन्।

७६ वर्षकी आमा बनिन् अंगदाता

आमा केवल जन्मदाता मात्रै होइनन्, सन्तानलाई समस्या परेका वेला जे पनि त्याग्न तयार हुन्छिन्। अर्घाखाँची शीतगंगाका ३६ वर्षीय टीकाराम बेल्बासेका लागि आमा एकपटक जन्मदाता र अर्कोपटक अंगदाता बनिन्। छोरा टीकारामको दुवै मिर्गौला फेल भएपछि ७६ वर्षीया उमादेवी बेल्बासेले १ वैशाख ०८२ मा मिर्गौला दिइन्। आफ्नै जीवन दाउमा राखेर उमादेवीले दिएको मिर्गौलाले टीकारामलाई नयाँ जीवन दियो। टीकाराम आमाले दुईपटक जीवन दिएको महससु गर्दै भन्छन्, 'आमा नभएको भए मेरो दोस्रो जन्म असम्भव थियो।' टीकारामका दुवै मिर्गौलाले चैत ०७८ देखि काम गर्न छाडेका थिए। प्रादेशिक अस्पताल, बुटवलमा परीक्षण गर्दा मिर्गौला फेल भएको पुष्टि भएपछि उनी उपचारका लागि काठमाडौंको त्रिवि शिक्षण अस्पताल (टिचिङ)मा आइपुगे। आफन्तको सल्लाहमा उनले मिर्गौला प्रत्यारोपण योजना बनाए। उनलाई मिर्गौला दिन श्रीमती तयार थिइन्। तर, रक्त समूह मिलेन। क्रसम्याच नगरेपछि उनी भौंतारिए। घरका अन्य सदस्यसँग पनि रक्त समूह मिलेन। ७६ वर्षीया आमा उमादेवी बेल्बासेसँग भने रक्त समूह मिल्यो। तर, उमेर वृद्ध भइसकेकाले आमाको स्वास्थ्यमा समस्या आउने भन्दै आमालाई डोनर मान्न अस्पताल तयार भएन। तर, आमाको नागरिकतामा कम उमेर भएको र अन्य स्वास्थ्यमा समस्या नदेखिएको बारे बिरामी पक्षले विश्वस्त पारेपछि अस्पताल तयार भयो। बेल्बासेले सुरुमा त्रिवि शिक्षण अस्पतालमै मिर्गौला प्रत्यारोपण गर्ने सोच बनाएका थिए। तर, अस्तव्यस्त, महँगो र डायलाइसिसका लागि समेत पालो पाउन कठिन हुने देखेपछि उनी आफन्तको सल्लाहअनुसार भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय अंग प्रत्यारोपण केन्द्रमा पुगे। 'सुरुमा त परीक्षणमा धेरै समय लाग्यो, अझ श्रीमतीको रक्त समूह मिलेन, विरक्त लागेर गाउँ बर्सौं भन्ने लाग्यो। तर, जसरी पनि प्रत्यारोपण गर्नैपर्ने थियो, केन्द्रमा आएपछि भने यहाँको सजिलो सिस्टमले सहज बनायो, यहाँ परीक्षण गर्दा के-के गर्ने र कसरी गर्ने भनेर स्पष्ट रूपमा चिकित्सकले नै सहयोग गर्नुभयो,' बेल्बासेले सुनाए। अंग प्रत्यारोपणपछि उनी अहिले अर्घाखाँची फर्किएका छन्।

बुबाको मिर्गौलाले नयाँ जीवन पाएकी पुष्पा

रोल्पा खुमेलकी २८ वर्षीया पुष्पा गुरुङको पाँच वर्षअघिदेखि नै दुवै मिर्गौलाले काम गर्न छाडे। जिल्ला अस्पताल रोल्पामा काम गर्ने उनको त्यहीं डेलिभरी हुने क्रममा अत्यधिक रक्तस्राव भएपछि मिर्गौला बिग्रिए। जिल्ला अस्पतालबाट प्रादेशिक अस्पताल दाङ ल्याएर चेकजाँच गराउँदा मिर्गौला फेल भएको पुष्टि भएपछि उनले पाँच वर्षसम्म दाङमै डायलाइसिस गरिन्। तर, कतिन्जेल डायलाइसिसको भरमा बाँच्ने ? शरीर झन्-झन् गल्न थाल्यो। मिर्गौला प्रत्यारोपणका लागि उनी त्रिवि शिक्षण अस्पतालमा आइपुगिन्। त्यहाँ उनले आफू र डोनर आमाको परीक्षण गरिन्। तर, रक्त समूह मिलेन। आफन्तकै सल्लाहअनुसार प्रत्यारोपण र अन्य परीक्षणमा सहज हुन्छ भन्ने सुनेपछि उनी भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा पुगिन्। पुस ०८२ मा सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा आएकी थिइन्। आएको छोटो समयमै मिर्गौला प्रत्यारोपण गर्ने पालो आयो। अन्तमा बुबा धर्मराज गुरुङको भने रक्त समूह मिल्यो। गत १५ जेठमा उनको प्रत्यारोपण सफल भयो। 'गत पुसमा केन्द्रमा आएकी थिएँ, छोटो समयमै प्रत्यारोपण गरिदिनुभयो, तर त्यसभन्दा अघि रक्त समूह नमिलेर निकै कठिन भएको थियो,' उनले सुनाइन्, 'केन्द्रमा आउनुअघि थुप्रै अस्पतालमा परीक्षण गर्दा धेरै खर्च भयो, यहाँ आएपछि भने सहज भयो।' हाल उनको परिवार भक्तपुर दुधपाटीमै बस्दै आइरहेको छ। उपचारपछि समय-समयमा फलोअपमा जानुपर्ने भएपछि परिवारका सदस्य अस्पतालनजिकै डेरा लिएर बस्न थालेका हुन्।

वैदेशिक रोजगारीमा रहँदा मिर्गौला बिग्रियो, बुबाको मिर्गौलाले नयाँ जीवन

रोजगारीका लागि साउदी पुगेको काभ्रेपलाञ्चोक धुलिखेलका ३१ वर्षीय राजकुमार लामाको एक वर्षअघि दुवै मिर्गौला फेल भए। उनको वैदेशिक रोजगारको यात्रामै ठक्कर लाग्यो। नौ वर्षदेखि साउदीमा काम गर्दै आइरहेका उनको असोज ०८१ असोजमा अचानक मिर्गौला फेल भयो। उच्च रक्तचापका कारण मिर्गौला फेल भएको रहेछ। मिर्गौला फेल भएपछि उनीसँग स्वदेश फर्किनुबाहेक अन्य विकल्प भएन।

कात्तिक ०८१ मा नेपाल फर्किएका उनी मंसिर ०८२ मा भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा प्रत्यारोपणका लागि पुगे। उनलाई बुबा रामबहादुर लामा मिर्गौला दिन तयार भए। सबै प्रक्रिया मिलेपछि २२ जेठमा प्रत्यारोपण सफल भयो। प्रत्यारोपणपछि हाल उनी घरमै आराम गरिरहेका छन्। उनी नेपाल फर्किएलगत्तै केन्द्रमै पुगेका थिए। अस्पतालले उनलाई डायलाइसिसका लागि कोरियन अस्पतालमा पठाउने गरेको थियो। उनी भन्छन्, 'डोनर र परीक्षण मिल्यो भने पालो पनि छिटो आउने रहेछ, होइन भने धेरै समय पालोमै बस्नुपर्ने रहेछ।'

मिर्गौला प्रत्यारोपणपछि सेनामै खटिएका जितबहादुर

एक वर्षअघि मिर्गौला प्रत्यारोपण गरेका बागलुङका ३५ वर्षीय जितबहादुर थापा नेपाली सेनाको जागिरे छन्। प्रत्यारोपणपछि उनी नियमित काममै खटिँदै आएका छन्। दैनिक औषधि सेवन गरेर उनी ड्युटीमा खटिएका छन्। प्रत्यारोपणपछि उनको शरीरमा सुधार आइसकेको छ। नियमित औषधि सेवन भने गरिरहनुपर्छ। पाँच वर्षअघि थापाको मिर्गौलामा समस्या देखिएको थियो। ढाड दुख्ने, टाउको दुख्नेलगायत समस्या भएपछि उनले अत्यधिक रूपमा पेनकिलर प्रयोग गर्थे। पछि त्यही कारणले मिर्गौला नै बिग्रिएको थाहा पाए। सुरुमा चिकित्सकको सल्लाहअनुसार मिर्गौला रिकभर हुन सक्ने भन्दै उनले चार वर्ष औषधी पनि सेवन गरे। अन्ततः मिर्गौलाले काम गर्न छाड्यो। २६ भदौ ०८१ मा अंग प्रत्यारोपण केन्द्रबाट उनको मिर्गौला प्रत्यारोपण भयो। प्रत्यारोपणका लागि उनी चैत ०८० देखि अस्पतालमा आएका थिए। ६ महिनामै उनको पालो आयो। उनलाई मिर्गौला दिनका लागि श्रीमती गुमा थापामगर तयार भइन्। रक्त समूह मिलेपछि प्रत्यारोपण प्रक्रिया छिटोछिटो अघि बढ्यो। '३० वर्षको हुँदा मिर्गौला बिग्रियो, सुरुमा त रिकभर हुन्छ कि भनेर औषधि पनि खाएँ तर भएन,' उनले सुनाए, 'प्रत्यारोपणका लागि केन्द्रमा गएको छोटो समयमै पालो आयो, औषधि सेवन गरिरहेकाले पनि दुई महिना मात्रै डायलाइसिस गरेँ, अस्पतालको प्रक्रियामा गएपछि

» पृष्ठ ४ मा क्रमशः

संस्कृति जगेर्नाको हुटहुटीले बनेको फिल्म रिसोर्ट



ढुंगा माटोको संरचना, ढिकी-जाँतो, अँगेनो, निदालमा झुन्ड्याइएका मकै, भित्तामा टाँगिएका दाउराका हार, घरभित्र सजाइका पुराना भाँडाकुँडा-यी सबै दृश्यले परम्परागत नेपाली गाउँघरको जीवनशैली झल्काउँछ।

हिजोआज दुर्गम गाउँमा समेत ढुंगामाटोले बनेका मौलिक घर भेट्टाउन मुस्किल हुन्छ। सिमेन्टेड भवन, आधुनिक झ्यालढोका, टिनका छानाले बनेका घर मात्रै देखिन्छन्। अझ काठमाडौं उपत्यकामै ढुंगामाटोले बनेको घर देख्न त निकै मुस्किल छ। तर, काठमाडौंकै ब्रह्मखेल चोकबाट करिब चार किलोमिटर भित्र गागलफेदीमा ग्रामीण परिवेशको झल्को दिने गाउँले घर (फिल्म रिसोर्ट) देख्न पाइन्छ। यो गाउँले घर अहिले फिल्म, म्युजिक भिडियो, टेलिसिरियललगायतको छायांकनस्थल बनेको छ।

ढुंगामाटोको संरचना, ढिकीजाँतो, अँगेनो, निदालमा झुन्ड्याइएका मकै, भित्तामा टाँगिएका दाउराका हार, घरभित्र सजाइका पुराना भाँडाकुँडा, यी सबै दृश्यले परम्परागत नेपाली गाउँघरको जीवनशैली झल्काउँछ। आधुनिकता र प्रविधिको लडाइँबिच पनि पराम्परागत परिवेश बोकेको गागलफेदीको यो घरले नेपाली फिल्मकर्मीलाई लोभ्याइरहेको छ। यो घरको परिकल्पनाकार हुनु, गागलफेदीमै जन्मेहुर्केका कलाकार रामहरि खड्का। सिटामोल, अभिमन्युलगायत फिल्ममा अभिनय गरेका उनले दर्जनौं म्युजिक भिडियोमा समेत अभिनय गरिसकेका छन्।

०७९ सालको कुरा हो। उनी म्युजिक भिडियोमा अभियन गर्ने दौरान भारतको प्रसिद्ध रामोजी फिल्म सिटी पुगेका थिए। त्यसवेला उनले फिल्म सिटीमा घुम्ने मौका पाए। फिल्म सिटीमा उनले भारतका पुराना गाउँ, सहर, जेल, अस्पताल, प्रहरी चौकीजस्ता विशाल संरचना एकै ठाउँमा देखे। भारतीय फिल्म र म्युजिक भिडियो छायांकन गर्ने संसार देखे। उनलाई लाग्यो, फिल्म, म्युजिक छायांकन लागि आवश्यक सबै स्थान एकै ठाउँमा बनाउन सकिने रहेछ।

त्यहींबाट उनले सपना देखे, नेपालमा सानो ठाउँमा एकीकृत छायांकनस्थल बनाउन सकिन्छ। नेपालमा उनले देखेका थिए, नेपाली फिल्मकर्मीहरू उपयुक्त लोकेसनको खोजीमा गाउँ-गाउँ डुलिरहन्छन्। पुरानो ढुंगामाटोको घर खोज्न काठमाडौंबाट हप्तौंको यात्रा गर्नुपर्ने बाध्यता छ। यही समस्याको समाधान गर्न उनले आफ्नै जन्मथलोनजिक गागलफेदीमा यस्तो लोकेसन निर्माण गर्ने निर्णय गरे।

नेपालका अधिकांश निर्माता, निर्देशक छायांकनस्थल नभेटेर हैरानी भएको देख्थें। फिल्मकर्मीले गाउँले परिवेशको घर खोज्नलाई काठमाडौंबाट हप्तौं लगाएर गाउँगाउँ डुल्नुपर्ने बाध्यता उनलाई सुनाउथे। 'अधिकांश फिल्ममेकर सहर बस्छन्। उनीहरू गाउँकेन्द्रित कथा ल्याउँछन्। तर, काठमाडौंमा गाउँको अवशेष छैन, सहरले गाउँ निलिसक्यो,' उनी भन्छन्, 'भारतको जस्तो फिल्म सिटी बनाउने स्थान छैन, लागानी पनि गर्न सकिँदैन। प्लटिङले नाँगिँदै लगेको पाखालाई गाउँको निर्माण गर्ने योजना बुनें। जसले फिल्म सुटिङका लागि पुरानो घर खोज्दै गाउँ-गाउँ धाउनु नपरोस्। सानोसानो काम गर्न सकियोस्।'

■ फ्याँकिएका काठ संकलन

पुरानो शैलीको घर निर्माण गर्नु सामान्य काम थिएन। काठका झ्यालढोका, ढोकामा टुँडाल, झ्यालमा पिँढी, ढिकीजाँतोजस्ता सामग्री जुटाउन रामहरिलाई तीन वर्ष लाग्यो। कतै पुराना घर भत्काउँदा बाँकी रहेका सामग्री संकलन गरे, कतै फ्याँकिएका काठ संकलन गरे । पुरानो गाउँले घर बनाउन आधुनिक घर बनाउनुजस्तो सजिलो थिएन। घरमा नेपाली सांस्कृतिक परिचय दिन सक्ने बनाउन सकिन्छ-सकिँदैन भन्ने थियो। उनको घरको बाहिर र भित्र पुराना शैलीका काठ प्रयोग गरेका छन्। 'मैले पुराना काठका झ्यालढोका जुटाएँ। यहाँ प्रयोग भएका काठ पुराना घरबाट निकालिएको हो, कतै फ्याँकिएका काठसमेत संकलन गरेको छु। सामग्री जुटाउन तीन वर्ष लाग्यो, गाउँको पराम्परागत घरको रूप दिन सफल भएको छु,' उनी सम्झन्छन्।

अहिले अधिकांश निर्देशक-निर्माताले उनको कामलाई प्रशंसा गर्छन्। 'सरकारले गर्नुपर्ने काम तपाईंले गर्नुभएको छ। गाउँको घर निर्माण गरिदिनुभयो भनेर धन्यवाद पनि भन्छन्। अझै केही संरचना थप्न बाँकी छ। निर्माण पूरा हुन बाँकी छ। नेपालमा अझै फिल्ममा आवश्यक पर्ने अदालतको सेटअप भेट्टाउन निकै मुस्किल छ। पुलिस चौकी, अस्पताल निर्माण गर्न निकै गाह्रो छ। अहिले फिल्म र म्युजिक भिडियोका लागि अनुहारले मात्रै पूरा गरिदिएको छ,' उनले भने।

हिजो कलाकार, निर्देशक वा छायांकन गर्ने पुराना घर खोज्न धेरै गाउँ डुल्थे। जसले समय र पैसा दुवै सकिन्थ्यो। तर, फिल्म रिसोर्टले त्यो आवश्यकता एकै थलोमा पूरा गरिदिएको उनी बताउँछन्। 'निर्देशकहरू अहिले मलाई फोन गर्छन्, दाजु, पुरानो घर चाहिएको छ, भोलि सुटिङ छ, खाली छ कि ?' म भन्छु, आउनुस्', खड्का मुस्कुराउँदै भन्छन्।

यो घरमा अहिलेसम्म दर्जनौं फिल्म, टेलिसिरियल र म्युजिक भिडियो छायांकन भइसकेका छन्। घरमा दसैं-तिहार, तिजजस्ता चाडपर्व झल्किने गीत छायांकन हुने उनी सुनाउँछन्।

यो घर केवल दृश्यमा मात्र होइन, त्यसमा लुकेको नेपाली सांस्कृति पराम्परा बोल्छ। उनको यो सांस्कृतिक संरक्षण र नयाँ पुस्तामा जगेर्ना जागृत गराउने प्रयास पनि हो। केवल एउटा घर होइन, उनको यो घर सांस्कृतिक चेतनाको साकार रूप हो। आधुनिकताले पुरानो शैलीलाई विस्थापन गरिरहेको समयमा उनको प्रयासले नेपाली फिल्मकर्मीलाई गाउँ-घर र पहिचान सम्झाउने माध्यम बनेको छ। कतिपय कलाकार सुटिङमा आउँदा घर सम्झेर भावुक हुन्छन्। हाम्रो पनि यस्तै घर थियो, आफ्नै घर आएजस्तो भयो। भनेर सुनाउँछन्। त्यसैले पनि मैले यसलाई केवल व्यापार होइन, संस्कृति जोगाउने काम ठानेको छु,' उनी भन्छन्।

रामहरि खड्का यतिमा मात्रै रोकिने सोचमा छैनन्। उनले फिल्म वा गीतको छायांकनको लागि जेल, अस्पताललगायत आवश्यक लोकेसनका लागि विस्तार गरिरहेका छन्। अर्को नेपाली पराम्परा झल्किनेहाट-बजारको संरचना, चौतारा, पोखरीजस्ता संरचना बनाउने उनको योजना छ। उनको योजना केवल व्यापारिक सोचमा मात्र सीमित छैन, सांस्कृतिक संरक्षणको गहिरो चेतनाबाट अघि बढिरहेको छ। 'यो घर ठाउँ केवल छायांकनको लागि मात्र होइन, नयाँ पुस्तालाई संस्कृति देखाउने थलो बनोस्। विद्यालय र कलेजका विद्यार्थी आएर हेर्न बुझ्ने ठाउँ बनोस् भन्ने लाग्छ,' उनी भन्छन्, 'यो घर केवल दृश्यको लागि 'सेट' मात्र होइन, नेपाली पराम्परागत गाउँघरको जीवनशैलीको संग्रहालय हो।'

प्रस्तुति : **पवन बराइली**

यस्तो होस् भोलिको भक्तपुर

सेनाले हडपेको कमलपोखरी नगरपालिकाले फिर्ता ल्याएर पहिलेकै जस्तो बनायो। यस्तो कामले निरन्तरता पाओस्।

सम्पदा



● **तेजेश्वरबाबु रवंग:** संकृतिविद्

*भक्तपुरका तेजेश्वरबाबु रवंग: अनेक नामले परिचित छन्। शिक्षक हुँदै प्रशासकसमेत भएका उनी निबन्धकार, कवि, लेखक र संस्कृतिविद् हुन्। ९२ वर्षमा हिडिँरहेका उनी यो समयमा पनि कवितासंग्रहको तयारी गर्दै छन्। विभिन्न पत्रपत्रिकामा लेख्ने काम उनले अझै छाडेका छैनन्। घरभित्रै पनि लौरोको सहारामा बाँचिरहेका उनको दैनिकी पत्रपत्रिका पढेर सुरु हुन्छ। विभिन्न क्षेत्रका व्यक्तित्वसँग उनको भेटघाट उस्तै छ। उनलाई धेरैले भक्तपुरको अभिभावकका रूपमा पनि लिन्छन्। जीवन शताब्दीछेउ पुगेर गर्दा भक्तपुरबारे उनले **शान्ति तामाङ**सँग केही भोलिका अपेक्षा र केही विगतका स्मृति सुनाएका छन् :*



विसं १९९० ताका भक्तपुर हरियो फाँटको सहर थियो। धान, गहुँ, मकै फल्थ्यो। काँक्रो, घिरौला, पाटे घिरौला, खुर्सानी फल्थे। भक्तपुरमा किसानै-किसान बस्थे। त्यतिवेलाका किसानले शिक्षादीक्षा पाउँदैनथे। खेतीपाती गर्थे। किसानले खेती गरेको धेरै हिस्सा जग्गाधनीलाई बुझाउनुपर्थ्यो। किसानले थोरै मात्र पाउँथे। समाजमा शोषण थियो। शोषणमुक्त समाज बनाउँदै जाने क्रममा यस्तो अवस्थामा सुधार भएको छ। अब मुख्यबाली मात्र अधियाँ गर्ने भएको छ। त्यतिवेलै भक्तपुरमा धेरै सामग्री पाइन्थे। देशकै राजधानी भएकाले काठमाडौं अझै एन्डभान्स थियो। भक्तपुरका मान्छेहरू न्युरोडमा सामान किन्न कहिलेकाहीं जान्थे।

हामी डन्डीबियो खेल्थ्यौं। ओखर खेल्थ्यौं। पुरुषले दौरा, सुरुवाल र महिलाले धोतीचोलो लगाउँथे। खास्टो ओढ्थे। खुट्टामा अहिलेजस्तो जुत्ता, चप्पल थिएन। त्यो वेला अहिलेजस्तो टिसर्ट, पाइन्ट, कुर्ता, स्कट थिएन। सबैले तानमा बुनेको लुगा लगाउँथ्यौं। भक्तपुर आत्मनिर्भर थियो। तर, भक्तपुर फोहोर थियो। मान्छेहरूले जथाभावी दिसापिसाब गर्थे। जहाँतहीं थुक्ने, फोहोर फाल्ने गर्थे। बिस्तारै मानिसहरू काठमाडौंसम्म जानेक्रम बढ्न थाल्यो। विदेश जान थाले। कामको सिलसिलामा विभिन्न ठाउँ पुग्न थाले। अनि भक्तपुरमा राम्रा र नराम्रा दुवै कुरामा वृद्धि हुन थाल्यो।

भक्तपुरको खौमा बज्रखाल चोकबाट हामी २०४० सालमा सुर्यविनायक सर्‍यौं। लामो र साँघुरो गल्ली भएको त्यो ठाउँमा बस्नका लागि अप्ठ्यारो भएपछि हामी सूर्यविनायक सरेका थियौं। त्यतिवेलासम्म सूर्यविनायकमा फाट्टफुट्ट मात्र घर थियो। मैले धान फल्ने खेतमा घर बनाएँ। त्यसपछि बिस्तारै अरूले पनि घर बनाउन थाले। खेत मासिन थाल्यो। मान्छेले नदी साँघुरो बनाएर घर बनाउन थाले। मान्छेले नदीको छेउमै घर बनाएपछि विभिन्न किसिमका प्राकृतिक विपत्ति निम्तिन थाल्यो। हामीले पहिले खेल्ने खेल हराए। नयाँ पिढीलाई ती खेलबारे जानकारीसमेत छैन। त्यसपछि बिस्तारै भक्तपुरमा विदेशी सामान आयातीत हुन थाल्यो। तानमा कपडा बुन्ने चलन हराउन थाल्यो। सबै बाहिरबाट आएपछि समय लाग्ने, खर्च धेरै लाग्ने काम कसले गर्छ ? देशको आत्मनिर्भर भनेको नाराम होइन, काममा हुनुपर्छ भन्ने कुरा मान्छेले बिर्सिए। सरकार चलाउनेले पनि बिर्सियो।

■ अहिलेको भक्तपुर

अहिले नगरपालिकाले फोहोर व्यवस्थापनको काम गरेको छ, सफासुग्घर भएको छ। पर्यटक आउन थालेका छन्। भक्तपुरको सम्पदा, संस्कृति, रहनसहन हेर्नकै लागि लाखौं पर्यटक आउन थालेका छन्। टिकट बेचेरै नगरपालिकाले करोडौं आम्दानी गरेको छ। त्यो पैसालाई नगरपालिकाले विकासमा खर्च गरेको छ। अहिले यहाँका स्थानीय तहले फरक-फरक काम गरेर जनताको मन जित्ने काम गरिरहेको छ।

भक्तपुर नगरपालिकाले त रानी पुखु अर्थात् पोखरी, सिद्धि पुखु, भाज्या पुखु, न पुखु, काल ढचा, टेखा पुखु, भन (भन्दारखाल) पुखु, नाग पुखु, मंगल कुण्ड, देगमना पुखु, लैंको पुखु, मेलुखेल पुखु, कुमारी पुखु, ब्यासी-१ पुखु, ब्यासी-२ पुखुको संरक्षण गरेर पहिलाकै अवस्थामा फर्काइएको छ। यसैगरी, भोलाछें पुखु, क्वाठन्डौ पुखु, अंचा पुखु, नाग पुखु, बेखाल पुखु, याता पुखु, कमल पुखु, लामगाल पुखु, खंचा पुखु, चोर्चा पुखु, संला गणेश पुखु, जेला पुखु, गोंग पुखु, कमलपोखरी पुखु, च्याम्हासिंह पुखुको पनि संरक्षण गरेर पहिलाकै अवस्थामा ल्याएको छ। यसलाई निरन्तरता दिनुपर्‍यो।

समयसापेक्ष शिक्षाको विकास भक्तपुरमा भइरहेको छ। नगरपालिकाले नै ख्वप कलेज, शारदा क्याम्पस, ख्वप कलेज अफ ल, ख्वप अस्पताल, ख्वप कलेज अफ इन्जिनियरिङलगायतको उत्कृष्ट शिक्षा प्रदान गर्ने काम गरेको छ। सरकारले ख्वप विश्वविद्यालय विधेयक स्वीकृत गरेमा अर्को फड्को भक्तपुरले मार्नेछ। त्योबाहेक अन्य धेरै काम यहाँका चारवटै स्थानीय तहले गर्ने प्रयास गरिरहेका छन्।

भक्तपुरभन्दा नेपाल फरक छैन। नेपाल भक्तपुरभन्दा फरक छैन। अरूको तुलनामा भक्तपुर सुन्दर बनेको छ। कला-संस्कृतिलाई जोगाउने काम गरेको छ। नगरपालिकाले नाचगानको प्रवर्द्धन गरिरहेको छ। 'नाचगानको राजधानी: भक्तपुर' भनेर जगदीशशमशेर राणाले लेखेका थिए। त्यस्ता नाचगान गर्नेलाई नगरपालिकाले सम्मान गरिरहेको छ। भजन गाउने, बाजा बजाउनेलाई सम्मान र संरक्षण गरिरहेको छ। क्रमशः सुधार भइरहेको छ। तर, अझै गफ धेरै काम थोरै भइरहेको छ।

पहिले यहाँ खेती हुन्थ्यो। हराभरा हुन्थ्यो। अहिले धान, गहुँ सबै आयात हुन्छ। केराउ, भटमाससमेत बाहिरबाट आउँछन्। चामल, पिठो, गहुँ, तेल सबै विदेशबाट झिकाएर देश कसरी समृद्ध हुन्छ ? नारा बुलन्द छ, तर कामचाहिँ सोचेजस्तो भएको छैन।

भक्तपुर नगरपालिकाले राम्रो काम गरिरहेको छ। भक्तपुरसँगै अरू तीन नगरपालिकाले पनि राम्रो काम गरिरहेका छन्। अरूले राम्रो कामको देखासिखी गरेर भए पनि सिक्नुपर्छ। अरूको हेरेर, देखेर, आफ्नो क्षेत्र सुहाउँदो भएमा त्यस्तै गर्नुपर्छ। यसका लागि हामीजस्ता पाका मान्छेको कुरा सुने पनि हुन्छ। त्यसैले हामीजस्ता मान्छेलाई सोधपुछ गरेर काम पनि गर्नुपर्छ। तर, त्यस्तो प्रचलन कम हुँदै गएको छ। विकास निर्माणका काम हुन्छ। विभिन्न गतिविधि नगरपालिकाभित्र हुन्छ। तर, त्यसमा हामीजस्ता मान्छेलाई सहभागी गराइँदैन।

संस्कृति भएन भने केही पनि बाँकी रहन्न। त्यसैले मैले सक्दा टोपी, लवेदा सुरुवाल, कोट लगाएरै विभिन्न कार्यक्रम जान्थे। त्यतिवेला मलाई धेरैले तपाईं मात्र यस्तो किन लगाउनुहुन्छ ? भनेर प्रश्न गर्थे। संस्कृतिविना हामी रहन्नौं, त्यसैले मैले त्यस्तो पोसाक प्रयोग गर्थें। पहिले बाटोमा ढुंगा बिछ्याएको थियो। गाडी नचल्ने वेलामा त्यो बाटो बिग्रिँदैनथ्यो। तर, अहिले पहिलेको अहिले बागलुङस्थित नेपाली सेनाको गणमा काम गरिरहेका छन्।

श्रीमतीले मिर्गौला दिएपछि पुरानै दैनिकीमा पोखरेल

पोखरामा फेन्सी स्टोर चलाउँदै आएका ५५ वर्षीय पदमराज पोखरेलको दुवै मिर्गौलाले डेढ वर्षअघि अचानक काम गर्न छाडे। सुगर र प्रेसर समस्या भएका उनलाई यही कारणले मिर्गौला फेल भएको चिकित्सकले बताएका थिए। रिपोर्ट सुन्नेबित्तिकै केहीबेर अब जीवन धेरै लामो छैन भन्ने लाग्यो उनलाई। तर, सम्हालिए। दुवै मिर्गौलाले काम गर्न छाडेका पोखरेल बाँच्ने आशासहित डायलाइसिस प्रक्रियातिर लागे। डायलाइसिसको भरमा कतिन्जेल बाँच्ने ? उनी प्रत्यारोपण गर्नुपर्छ भन्ने सोचमा पुगे। यही क्रममा भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा आइपुगे। उनलाई मिर्गौला दिनका लागि श्रीमती तयार थिइन्। डोनरसहित अस्पताल आइपुगेका उनको पालो पनि छिट्टै आयो। रक्त समूह मिलेपछि अस्पतालले उनको प्रत्यारोपण प्रक्रियालाई अघि बढायो। चैत ०८० मा अस्पतालमा आइपुगेका उनको १९ असार ०८१ मा प्रत्यारोपण भयो। उनले सुनाए, 'समस्या भएको छोटो समयमै प्रत्यारोपण सम्भव भयो, सुरुमा केही महिना डायलाइसिस भक्तपुरमै गरें, अस्पतालसँग पालो लिएँ, त्यसपछि भक्तपुरमा बोलाएपछि प्रत्यारोपणका लागि गए।' उपचारपछि घर फर्किएका पोखरेलले पुरानै फेन्सी पसल सञ्चालन गरिरहेका छन्।

जसले पाए...
पृष्ठ ३ बाट क्रमशः

छिटोछिटो प्रत्यारोपणको पालो आयो।' उनी

साप्ताहिक राशिफल

२५ **असोज** (शनिबार)
३१ **असोज** (शुक्रबार)



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद्। **मो :** ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

शरीरमा फूर्ति, उत्साह र उमंग देखिनेछ। सुखी जीवन व्यतीत गर्न मन लालायित हुनेछ र रामरमाइलो तथा मनोरञ्जनात्मक क्षेत्रमा धन लगानी हुन सक्छ। छरछिमेकी वा साथीभाइले कुनै महत्त्वपूर्ण काममा सहयोग गर्नेछन्। तपाईंको दार्शनिकता र विचारलाई सबैले सराहना गर्नेछन्। मातापिता र अभिभावक वर्गको इच्छाबमोजिम धार्मिक वा सांस्कृतिक क्षेत्रको भ्रमण हुन सक्छ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

बन्धुबान्धव र दाजुभाइले तपाईंका कामधन्धामा सहयोग पुऱ्याउनेछन्। साथीभाइको राम्रो सल्लाह र सद्भावना प्राप्त हुनेछ। अपूरा कार्य पूर्ण हुनेछन्। रोकिएका सरकारी काम सुल्झाउने राम्रो समय छ। धार्मिक तथा आध्यात्मिक गतिविधिमा सहभागी बन्नुपर्नेछ र त्यसबाट प्रशंसित हुने अवसर प्राप्त हुनेछ। आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हात लाग्ने समय छ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

सामाजिक सम्बन्ध सुदृढ हुनेछ। कर्मक्षेत्रमा व्यस्त रहनुपर्ने दिन रहेको छ। पठनपाठनमा समय दिन सकिँदैन। प्रतिस्पर्धामा विजयी भइनेछ। प्रेमसम्बन्ध र दाम्पत्य जीवनका लागि समय निकाल्न सकिँदैन। पेसा-व्यवसायमा भनेजस्तै लाभ मिल्नेछ। आर्थिक पक्ष कमजोर छैन, कर्मसिद्धिको समय छ, जे गरे पनि फाइदा नै हुनेछ। मान्यजन वा अभिभावकका इच्छापूर्तिका लागि समय दिनुपर्नेछ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

मान्यजनको आशीर्वाद पाउनुहुनेछ। आँटेका र चिताएका काममा सफलता मिल्नेछ। गरेका प्रयासमा भाग्यले साथ दिनेछ, अचानक हर्षित हुने समाचार मिल्नेछ, परोपकारी काममा खट्नुपर्नेछ। धार्मिक तथा सामाजिक कार्यमा महत्त्वपूर्ण भूमिका रहनेछ। टाढा रहेका आफन्तजनको उन्नति र प्रगतिको समाचार सुन्न पाउनुहुनेछ। यातायातको साधन किन्न अनुकूल छ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

मनमा चिन्ता र शंका भए पनि उत्साहमा कमी हुनेछैन, रोकिएको काम बन्न सक्ने योग रहेको छ। उपलब्धिमूलक यात्राको योग छ। राशिमा शुभ ग्रहको प्रभाव रहेको छ, त्यसैले लामो समयदेखि रोकिएका काम पुनः थालनी गर्न अनुकूल समय रहेको छ। स्वास्थ्यमा सानातिना समस्या देखिए पनि यसले तपाईंको काममा असर पुऱ्याउनेछैन। बढी खर्च र यात्रा दुवै हुन सक्छ, तर आर्थिक रूपमा टेवा नै पुग्नेछ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

प्रणय सम्बन्ध र रतिराग बढाउने समय रहे तापनि कमजोर चन्द्रमा भएकाले कार्यक्षेत्रमा व्यस्त हुनुपर्नेछ। जीवनसाथी वा प्रेमी-प्रेमिकाले समय प्रदान नगर्नाले मनमा खिन्नता बढ्न सक्छ। दाम्पत्य जीवनमा चिसोपन बढ्न सक्छ। फकाउने र फुस्ल्याउने काममा समय खर्च हुन सक्छ। पार्टनरसिपमा गरिएका कामबाट पनि फाइदा हुँदैन। पेसा वा बन्दव्यापारमा जतिसक्दो धेरै समय दिनु राम्रो हुन्छ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

मान्यजनको आशीर्वादले काम बन्ने योग रहेको छ। काम गर्दा आर्थिक, सामाजिक, व्यावहारिक आदि विभिन्न उपलब्धि हासिल हुनेछन्। देख्दा झिनामसिना र सानातिना काम भए पनि दीर्घकालिक उपलब्धि हासिल हुनेछ। कुनै झैझगडा, विवाद वा तर्कवितर्कमा सरिक भई निर्णय दिन बाध्य हुनुपर्नेछ। विशेष ठाउँमा तपाईंको निर्णयको कदर हुनेछ। तर्क, बहस र वादविवादमा जित हुनेछ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो या, यि, यु)

बौद्धिक र लेखन कार्यमा सफलता प्राप्त हुने योग छ। बन्दव्यापार र पेसागत जीवनमा सामान्य छ। कुनै दीर्घकालिक योजनालाई मूर्त बनाउन आजको चिन्तन र उपाय महत्त्वपूर्ण बन्न सक्छ। विचारको कदर हुनेछ। भाइबहिनी र छोराछोरीका क्रियाकलापबाट सन्तुष्टि मिल्नेछ। तिनीहरूले खुसीको वातावरण सिर्जना गर्नेछन्। साथीभाइ र बन्धुबान्धवले आवश्यक मद्दत गर्नेछन्।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

विदेश वा प्रवासमा बसेर कामधन्दा र व्यवसाय गर्नेहरूले राम्रो लाभ प्राप्त गर्न सक्छन्। यता घरैमा बस्नेले समेत सरलताको अनुभूति गर्नेछन्। काममा विविध चुनौतीको सामना गर्नुपरे पनि सफलता हासिल हुनेछ। शरीर फुर्तिलो हुनेछ, जोश र जाँगर बढ्नाले आम्दानीमा बढोत्तरी हुनेछ। बन्दव्यापार फस्टाउनेछ। घरगृहस्थी र पारिवारिक रमझममा समय व्यतीत हुनेछ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

समाजमा साख बनाउने उपयुक्त समय छ। धार्मिक, सामाजिक काम वा परोपकारका क्षेत्रमा समय र धन खर्च गर्ने समय आएको छ। उपहार पुरस्कार आदि मिल्नेछ। बन्दव्यापारका क्षेत्रमा नयाँ काम गर्ने सोच बनाउनुभएको छ भने आज त्यसका लागि अनुकूल समय रहेको छ। भाइबहिनीका तर्फबाट खुसीको खबर प्राप्त हुने सम्भावनासमेत छ। मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

आर्थिक दृष्टिले राम्रो दिन छ। नोकरी र व्यावसायिक क्षेत्रमा आज तपाईंको बोलीको कदर हुने दिन हो। तपाईंको वाणि र व्यवहारप्रति विपरीतलिंगीको आकर्षण बढ्नेछ। सुनचाँदीजस्ता धातुको कारोबारबाट धेरथोर लाभ मिल्नेछ। भौतिक सम्पत्तिको जोहो हुन सक्छ। दिदीबहिनीको सहयोग पाइनेछ। आर्थिक क्षेत्र सबल रहनेछ भने स्वास्थ्यमा पनि सकारात्मक शंकेत देखिनेछ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

मित्र र सहयोगीले तपाईंको सहायता गर्नेछन्। तपाईंका महत्त्वाकांक्षा र इच्छाहरू पूर्ण हुनेछन्। कुनै लाभदायक वस्तुको किनमेल र कारोबार गरिनेछ। लामो दूरीको लाभदायक यात्राको सम्भावना छ। घरायसी वातावरण पनि तपाईंको पक्षमा रहनेछ। समग्रतामा अत्यन्त राम्रो परिणाम प्राप्त हुनेछ। आज नयाँ योजना कार्यान्वयन गर्ने दिन हो। शरीरमा उत्साह, उमंग र स्फूर्ति प्राप्त हुनेछ।



भक्तपुरमा पहिले साहित्यिक गतिविधि धेरै हुन्थे । घरको कोठा, छत, आँगन, चोकमै धेरै कार्यक्रम हुन्थे । मदनमणि दीक्षित, दुर्गालाल श्रेष्ठ, सत्यमोहन जोशीजस्ता व्यक्तिहरू काठमाडौं, ललितपुरबाट आएर छलफल, लोकार्पण, समारोह हुन्थ्यो । अहिले यस्ता गतिविधि फेरि बढ्न थालेका छन् । अझै निरन्तरता पाउनुपर्‍यो ।

मन्दिर १५औँ शताब्दीमा राजा यक्ष मल्लको पालामा बनेको थियो । मल्लकालीन दत्तात्रयको मन्दिर यथावत् होस् । भक्तपुर दरबार क्षेत्र यस्तै रहोस् । बाराही, महाकाली मन्दिर उस्तै होस् । फसि देग, रामेश्वर मन्दिर, वत्सला मन्दिर, नारायण मन्दिर, सिद्धिलक्ष्मी मन्दिर, विश्वरूपा मन्दिर, सिद्धिगणेश मन्दिर, श्वेतभैरव मन्दिर, सिज महादेव, देगइना मन्दिर र ब्रह्मायणी मन्दिर पहिलेकै अवस्थामा रहोस् । सूर्यविनायक (गणेश) मन्दिर लिच्छविकालमा शिखर शैलीमा निर्माण भएको पाइन्छ । यो मन्दिर पनि त्यतिबेलैको जस्तो होस् ।

म केटाकेटी हुँदा भएका पोखरी मासेर स्कुल बनाइएको छ, पोखरी नै रहनुपर्थ्यो । त्यहाँ माछा पालेर आम्दानी गर्न सकिन्थ्यो । नगरपालिकाले पोखरीको संरक्षणको काम त गरिरहेको छ । त्यसलाई निरन्तरता दिएर अगाडि बढाओस् । पोखरी सबै ब्युँताउनुपर्‍यो । पोखरीको पानी तल जान्छ । अहिले त्यो काम गर्दै गएका छन् । सल्लाघारीमा रानीपोखरी थियो । भक्तपुरको सल्लाघारीमा भएको रानीपोखरी (न्हुःपुखु) १६८७ सालमा तत्कालीन भक्तपुरका राजा जगज्योति मल्लले रानी राजलक्ष्मीको सम्झनामा बनाउन लगाएको थियो । त्यसको करिब ४० वर्षपछि मात्र तत्कालीन राजा प्रताप मल्लले काठमाडौंमा रानीपोखरी बनाउन लगाएका थिए । सेनाले हडपेको त्यो पोखरी नगरपालिकाले फिर्ता ल्याएर पहिलेकै जस्तो बनाएको छ । यस्तो कामले निरन्तरता पाओस् ।



भक्तपुर नगरपालिकालाई भनिरहेको छु, हरियो भक्तपुर भनेर नारा लगाएर मात्र हुँदैन । त्यहाँ हरियो घर बनाएर हुन्छ ? जमिन हरियो बनाउँनुपर्‍यो । धानखेती, गहुँखेती हुनुपर्‍यो । रुख रोप्नुपर्‍यो । अनि पो हरियो हुन्छ । रुख काट्ने, खेत मास्ने, तरकारी भारतबाट ल्याउने अनि हरियोको नाम मात्र जप्ने यसरी हुँदैन । भारतको विरोध गरेर के फाइदा, विरोध त कामले गर्नुपर्‍यो नी । आत्मनिर्भर हुनुपर्‍यो । यति भयो भने भक्तपुर, भक्तपुरजस्तै हुनेछ ।

भक्तपुर काष्ठकला, थांका र पौवाचित्र, नेपाली कागजका सामग्री, पुतली, ऊनको सामग्री, धातुकला, गहना, प्रस्तरकलालगायत प्रमुख हस्तकलाका उत्पादनको हब हो । हस्तकलाका सामग्री उत्पादन गर्ने काम धेरै हुनुपर्‍यो । भक्तपुरमा पहिले साहित्यिक गतिविधि धेरै हुन्थे । घरको कोठा, छत, आँगन, चोकमै धेरै कार्यक्रम हुन्थे । मदनमणि दीक्षित, दुर्गालाल श्रेष्ठ, सत्यमोहन जोशीजस्ता व्यक्तिहरू काठमाडौं, ललितपुरबाट आएर छलफल, लोकार्पण, समारोह हुन्थ्यो । अहिले यस्ता गतिविधि बढ्न थालेका छन् । यस्ता गतिविधिले अझै निरन्तरता पाउनुपर्‍यो ।

जस्तो पातालो डुंगा बिछ्याएर हुँदैन । समयअनुसार बाक्लो डुंगा राखेमा राम्रो हुन्छ । त्यस्ता डुंगा र माटोको प्रयोगले पानी परेको वेलामा डुंगाको कापबाट पानी पस्छ । पानीको अभाव कम हुन्छ ।

■ यस्तो होस् भक्तपुर

भक्तपुर, भक्तपुरजस्तै रहन लिच्छविकालमा बनेको चाँगुनारायणको मन्दिर जस्ताको तस्तै होस् । नेपालको लिखित इतिहास चाँगुनारायणमा रहेको पाँचौँ शताब्दीको लिच्छविकालीन शिलालेखबाट प्रारम्भ भएको थियो । यहाँको सबैभन्दा पुरानो दत्तात्रयको

जन्मजात मिर्गौलामा समस्या भएका प्रतीकले गरे प्रत्यारोपण

काठमाडौंका प्रतीक लामिछानेको बाल्यावस्थादेखि नै मिर्गौलामा समस्या थियो । उमेर बढ्दै जाँदा उनको मिर्गौलाको फङ्सनमा समस्या बढ्दैबढ्दै गयो । सुरुमा उनी उपचार गर्नीतिर लागे । सानै उमेर भएकाले बाबुआमाले पनि अन्य विकल्प खोज्दै मिर्गौला ठिक पार्न खोजे । कैयौँ अस्पताल र उपचार विधि अपनाए । नेपालका निजी अस्पतालदेखि र भारतसम्म उपचारका लागि पुगे । तर, औषधी मात्रै सेवन गरेर उनको मिर्गौलामा सुधार भएन । अन्ततः कि त डायलाइसिस कि त प्रत्यारोपण भन्ने विकल्प मात्रै रह्यो ।

०८१ को असारमा उनी भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा पुगे । त्यहाँ पुगेको ६ महिनामै उनको पालो आयो । उनलाई मिर्गौला दिनका लागि आमा तयार थिइन् । परीक्षणहरू र रक्त समूह पनि मिल्यो । २६ पुस ०८१ उनको प्रत्यारोपण भयो । प्रत्यारोपणपछि लामिछाने १० दिन आइसियुमा बसे । त्यसपछि घरमै आराम गरिरहेको उनले सुनाए । उनले सुनाए, 'प्रत्यारोपणका लागि सहज र राम्रो छ भन्ने थाहा पाएपछि केन्द्रमै आए, यहाँ आएको छोटो समयमै प्रत्यारोपण पनि भयो, अस्पतालले सबै परीक्षण मिल्ने र डोनर जुटाउनेलाई छिटै सेवा दिने रहेछ ।'

परदेशमा मिर्गौला बिग्रियो, आमाको मिर्गौलाले दियो नयाँ जीवन

पैसा कमाउन पराइ मुलुकमा पुगेपछि कडा रोगले समात्यो भने कस्तो हुन्छ होला ? धन कमाउन कुवेत पुगेकी इटहरीकी ३७ वर्षीया लक्ष्मी चौधरीका दुवै मिर्गौलाले साथ दिन छाडे । ०७७ सालमा ब्युटी पार्लरको काम सिकेर कुवेत पुगेकी उनलाई मिर्गौला बिग्रिएपछि जीवन नै अन्धकार लाग्यो । शारीरिक पीडासँगै मानसिक पीडाले थपियो । यसपछि नेपाल फर्किनुको विकल्प थिएन । दुई वर्षजति काम गरेपछि उनले तालिम लिएको पैसा तिरिसकेकी थिइन् । जाँदा लागेको खर्च पनि तिरेर केही घरखर्च पनि पठाइसकेकी थिइन् । ०७९ को अन्तिमतिर उनी मिर्गौला फेल भएको शरीर लिएर घर आइपुगिन् । यहाँ आएपछि बाँच्ने जिजीविषासहित अनेकौँ उपचारतिर लागिन् । सुरुमा नक्सालस्थित हिमाल अस्पताल पुगिन् । त्यहाँ ६ महिनाजति उपचार गरिन् । औषधी खाएर निको हुन सक्न भन्ने चिकित्सकको आवश्वासनतिर लागेकी उनलाई त्यहाँ पनि भरोसा लागेन ।

त्यसपछि उनी असोज ०८० मा ग्रान्डी अस्पतालमा पुगिन् । त्यहाँ पनि चिकित्सकले औषधीले रिकभर हुन सक्ने भन्दै अनेकौँ औषधी दिए । तर, निको नै भएन । शरीर झन्-झन् गल्दै गइरहेको थियो । कसैले उनलाई भारतमा गएर आयुर्वेदिक उपचार गरेपछि निको हुन्छ भनेर सुनाएको थियो । उनलाई आशा लाग्यो । भारतको बैंग्लोरमा पनि पुगिन् । तीन महिना उपचारमा खर्चिइन् । तीन-चार लाख पैसा सकिन् । तर, बीसको उन्नाइस भएन । निजी अस्पताल धाउँदाधाउँदै निको भएन, बरु भएको पैसाको सत्यानास भयो ।

अन्ततः उनी फागुन ०८० मा भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा पुगिन् । यहाँ जानुअघि उनले प्रत्यारोपणको योजना बनाइसकेकी थिइन् । छोरीको ज्यान बाँच्छ भन्ने आशामा आमा देवकुमारी थरुनीले मिर्गौला दिन तयार भइन् । रक्त समूह पनि मिल्यो । केन्द्रका गएको चार महिनापछि उनको प्रत्यारोपणको पालो आयो । तर, प्रत्यारोपण पालो नजिकिँदै गर्दा उनको पित्तथैलीमा ढुंगा देखियो । पित्तथैलीको अप्रेसन नगरी प्रत्यारोपण गर्न सम्भव थिएन । प्रत्यारोपण गर्नुभन्दा १५ दिनअघि पित्तथैलीको अप्रेसन भयो । अन्ततः ३ असार ०८२ मा उनको शरीरमा आमाको मिर्गौला प्रत्यारोपण भयो अनि सुरु भयो लक्ष्मीको नयाँ जीवन । प्रत्यारोपणपछि उनी निजी कम्पनीमा कामसमेत गर्न थालेकी छन् । उनको परिवार अहिले काठमाडौंका बस्दै आइरहेको छ । 'धेरै ठाउँमा भौंतारिँदा भौंतारिँदै भक्तपुरमा पुगेपछि बल्ल नयाँ जीवन पाएको अनुभूति भयो,' लक्ष्मीले सुनाइन्, 'अस्पताल पुगेको चार महिनामै पालो आयो, प्रत्यारोपणपछि म काममा पनि फर्किएकी छु, अहिले छोराछोरी, श्रीमान्, आमासहित काठमाडौं बस्दै आइरहेकी छौं ।' अस्पतालमा फलोअपमा गइरहनुपर्ने र औषधी सेवन गरिरहनुपर्ने भएकाले काठमाडौंमै बस्न थालेको उनले सुनाइन् ।

कर्मबोधले बनाउँछ देश



जेन-जी आन्दोलनले इमानदार र कर्तव्यनिष्ठ मात्र सबै क्षेत्रमा बिक्छन् र टिक्छन् भन्ने गहिरो सन्देश दिएको छ । आन्दोलनपछि वर्तमान संविधान र संरचना यथावत् राख्दै अलोकतान्त्रिक र अगणतान्त्रिक शैलीमा काम गर्ने नेताहरू किनाराकृत भएका छन् । पुराना दललाई आन्तरिक लोकतन्त्र सुदृढ गर्दै जेन-जी पुस्ताको मनोभावना बुझेर चल्न पुनर्गठित हुनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ । आन्दोलनमा अहिलेसम्म ७४ जनाको ज्यान गुमेको, सयौँ घाइते भएको र खर्बौंको राष्ट्रिय सम्पत्ति जलेको हुँदा राष्ट्र निर्माण गरी सहिदको सपना साकार पार्न जेन-जी पुस्ता भन्ने जोस जाँगरका साथ राजनीतिमा सक्रिय हुनैपर्ने नैतिक जिम्मेवारी थपिएको छ ।

पुराना मुख्य दलले संसद् विघटनमा आपत्ति प्रकट गरी अन्तरिम सरकारले पूर्णता नपाउँदै विरोध जनाउन थालेका छन् । अरू क्षेत्रबाट समेत विरोध आउन सक्छ । यस्तो विषम परिस्थितिमा विरोधको सामना गर्दा संयमता अपनाउन जरुरी छ । संयमता होस, ज्ञान र बोधबाट मिल्छ । होस, ज्ञान र बोध अध्यात्मले दिन्छ ।

सिद्धार्थ गौतमले वेद उपनिषद् र गीताको गहिरो अध्ययन गर्दै लामो तपध्यानबाट प्रतिपादन गरेको बुद्धको प्रमुख शिक्षा विपश्यना हो । विपश्यना भनेको विशेष नजरले हेर्नु अवलोकन गर्नु हो । अवलोकनको विषय हो दुःख, दुःखको कारण, कारणको निवारण र निवारणको आष्टांगिक मार्ग । आष्टांगिक मार्ग सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वाक (वाणी), सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि हुन् । यी आष्टांगिक मार्गलाई सुबोध र सरल हिसाबले शील, समाधि र प्रज्ञा भनिन्छ । शरीरभित्रको अन्तर आकाश निरीक्षण गरेर मात्र दुःखबाट छुटकारा पाई शान्ति र आनन्दको बोध हुन्छ । आनन्दको बोध हुनासाथ आफू र अरूप्रति दया र करुणा जाग्दै मानव हितकारी कर्म स्वतस्फूर्त गर्छ मानिस ।

अध्यात्म मानव जीवनको जरा हो । सुख शान्तिको जीवन जिउने कला र विज्ञान हो । अध्यात्मसँग जोडिएको छैन भने धन सम्पत्ति र भौतिक साधनस्रोत प्रशस्त भएर पनि मानिस जराविनाको वृक्षजस्तै दुःखी रहन्छ । अध्यात्मले मानिसलाई ऊभित्र रहेको शान्ति र आनन्दसँग भेट गराइदिन्छ । गरिबी र अन्यायको पीडाबाट मुक्त हुन पटक-पटक आन्दोलन गरेर पनि राजनीतिक संक्रमणले बढाएको पीडा झेलिरहेको परिणाम हो, जेन-जी पुस्ताको आन्दोलन । यो पीडाबाट सदाका लागि मुक्त हुने मार्गदर्शन र शान्ति विपश्यना ध्यान अभ्यासबाट मात्रै सम्भव छ ।

अध्यात्म



● रामचन्द्र शर्मा

गरिबी र अन्यायको पीडाबाट मुक्त हुन पटकपटक आन्दोलन गरेर पनि राजनैतिक संक्रमणले बढाएको पीडा झेलिरहेको परिणाम हो जेन-जी पुस्ताको आन्दोलन । यो पीडाबाट सदाका लागि मुक्त हुने मार्गदर्शन र शान्ति विपश्यना ध्यान अभ्यासबाट मात्रै सम्भव छ ।

देश आज इतिहासकै कठिन मोडको चौराहामा छ । सडकमा ठुल्ठुला खाडल छन् । यस्तो अवस्थामा बुद्धिमतापूर्वक बिस्तारै सवारीसाधन चलाए मात्रै गन्तव्यमा पुगिन्छ । ट्राफिक प्रहरीले हरियो संकेत दिइसकेको छ । सडकमा अरू गाडी पनि आउन सक्ने हुँदा कुनै गाडीमा नझुध्ने र खाल्डो तर्किने गरी स्टेयरिङ, क्लज र ब्रेक उपयोग गर्नुपर्छ । यो काम बुद्धिको तहबाट मात्र पार गर्न सकिँदैन । होस, ज्ञान र बोध आवश्यक छ । बुद्धिभन्दा माथि उठेपछि होस आउँछ । निद्राबाट ब्युँझेपछि उठेर आँखा खोल्दै आज यो र त्यो गर्नु छ भन्दै मन अशान्त पारी भागदौड गर्नु होस होइन ।

होसबाट प्रेरणा र ज्ञानको दृष्टि मिल्छ । उधारो मान्यता, सुनिसुनाइ कुरा र सस्ता अफवाहलाई ज्ञान हो भन्ने भ्रम सिर्जना गरिएको छ समाजमा । असली ज्ञान विचार होइन, दृष्टि हो । ज्ञानको स्रोत आत्मा हो । ज्ञान तात्कालिक हुन्छ । पढेलेखेका कुरा र संग्रहित सूचना ज्ञान होइन । ज्ञानले जीवनको गाडीलाई सुरक्षित तबरबाट गन्तव्यमा पुग्न निरन्तर मार्गदर्शन र प्रकाश दिन्छ ।

बुद्धि, होस र ज्ञानको अनुभव अवलोकनपछि बोध हुन्छ । बोध त्यो अवस्था हो, जसमा आफूलाई थाहा हुन्छ कि आफूसँग छैन वा थाहा छैन । तर, त्यो नभएकाले आफ्नो सत्तामा कुनै फरक परेको छैन । मलाई यो पनि महसुस हुन्छ कि जान्नुपर्ने धेरै छ । तर, जानेको छैन । यो अवस्थाको नाम हो बोध । ज्ञान ज्ञानको ठाउँमा रहोस्, मन मलीन नपारिदेओस् भन्छ बोधले । बोधले ज्ञान हाबी हुन र विचार उच्छृंखल हुन रोक्छ । सांसारिक शिक्षाबाट होस, ज्ञान र बोध हुन सक्दैन । अध्यात्मबाट मात्र होस जाग्छ, दृष्टि मिल्छ र बोध हुन्छ ।

सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नुभन्दा धेरै पहिलेदेखि विपश्यना ध्यान अभ्यास हुँदै आएको हो । सबैभन्दा पुरानो ऋग्वेदमा 'यो विश्वाति विपश्यति भूवन' भनिएको र भागवत गीताको पन्ध्रौं अध्यायको दसौं श्लोकले' उत्क्रामन्तं स्थितं वापि भुंजानं
वा गुणान्वितम् । विमूढा नानुपश्यन्ति पश्यन्ति
ज्ञानचक्षुषः । अर्थात्, भित्री आत्मातत्वलाई अज्ञानी विमूढले देख्न सक्दैन, आत्मज्ञानीले ज्ञानचक्षुद्वारा देख्छ र मुक्ति पाउँछ, राग, द्वेष, मोहजस्ता विकारबाट भनेको छ ।

यसबाट के स्पष्ट हुन आउँछ भने वेद उपनिषद् र गीतामा सैद्धान्तिक रूपमा विपश्यना उल्लेख गरिएको, गौतम बुद्धभन्दा पहिलेका कयौं बुद्ध पुरुषले साधना गर्दै आएकामा गौतम बुद्धले सिद्धान्त र अभ्यासलाई सँगसँगै अघि बढाए । आफ्नै शरीरलाई प्रयोगशाला बनाई अर्धचेतन मन (सब-कन्सस माइन्ड)सम्मै पुगेर इन्द्रियहरू आ-आफ्ना विषयसँग जोडिँदा चित्त र शरीरमा उत्पन्न हुने तरंग एक वैज्ञानिकले झैं निरीक्षण, परीक्षण र विश्लेषण गरे । शरीर बाहिरबाट हेर्दा ठोस देखिए पनि परमाणु र विद्युतीय तरंगैतरंग रहेको, १२१ प्रकारका माइन्ड, माइन्डका चार खण्ड रहेको पत्ता लगाए । कसैले गाली गऱ्यो भने गालीको शब्द कानमा ठोक्किएपछि माइन्डको पहिलो संज्ञान खण्डले न्युट्रल तरंग उत्पन्न गर्दै के भयो भन्दै थाहा पाउँछ । दोस्रो विज्ञान खण्डले पुरानो सोच र स्मृतिको आधारमा यो त गाली हो, खराब छ भन्दै सुरुको न्युट्रल तरंगलाई नकारात्मक बनाएर शरीरमा फैलाउँछ । तेस्रो संवेदना खण्डले दुःखद् फिल गर्छ र चौथो संस्कार खण्डले गाली तुरुन्त हटाउने प्रतिक्रिया गरेर द्वेष जगाउँछ । प्रशंसाको शब्द प्रयोग गरेको भए यही प्रक्रियाबाट सकारात्मक तरंग फैलाउँदै राग जगाउँछ ।

फागुनमा हुने निर्वाचनमा जेन-जी पुस्ताको भावनाले दुईतिहाइ जनमत हासिल गर्नु छ । तब मात्र देशमा व्याप्त कुशासन र भ्रष्टाचार नियन्त्रण हुनेछ । जेन-जी पुस्तामा आफू मरेरै भए पनि देश बचाउनुपर्छ भन्ने होस जागृत भएकाले आन्दोलन सुरु भई सफल भयो ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार २५ असोज ०८२

'पर्यटन क्षेत्रको आत्मबल बढाउन जरुरी'

नयाँ पत्रिका

पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले पर्यटन क्षेत्रको आत्मबल बढाउन सुरक्षाको प्रत्याभूति बढाउनुपर्ने बताएका छन् ।

नेपाल पर्वतारोहण संघको ३५औँ विशेष साधारणसभालाई सम्बोधन गर्दै सिइओ जोशीले २३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा नेपाल पर्यटन क्षेत्रले ठुलो क्षति व्यहोरेको उल्लेख गर्दै आत्मबल बढाउन सुरक्षाको प्रत्याभूति दिलाउन आवश्यक रहेको बताए ।

उनले भने, 'जेन-जी आन्दोलनका क्रममा नेपालको पर्यटन क्षेत्रमा पनि क्षति भएको छ । यसका लागि हामीले पर्यटन क्षेत्रलाई सुरक्षाको प्रत्याभूति दिलाउन आवश्यक छ ।'

अहिले निजी क्षेत्र र सरकारी निकाय मिलेर पर्यटन क्षेत्रलाई पुनरुत्थानमा लानुपर्नेसमेत सिइओ जोशीले बताए । जेन-जी आन्दोलन भएको अवधिमा औसत दैनिक पर्यटन आगमन १६ सयमा झरेको र पछिल्लो समय यो संख्यामा वृद्धि भइरहेको समेत उनले जानकारी दिए । उनले भने, 'सेप्टेम्बर ८ र ९ पछि १६ सयमा झरेको पर्यटक आगमन फेरि दैनिक औसत ४२ सयसम्म पुगेको छ । हामीले नेपाल भ्रमण सुरक्षित रहेको र सबै कुरा सामान्य अवस्थामा आइसकेको सन्देश दिनका लागि काम गरिरहेको स्थिति छ ।'

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौं
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ७ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०६/२५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०६/३१ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि ७ (**सात**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएको ले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी/अ.प्रा.व्यक्ति/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
ऋणी: सिद्धि साई प्रकाश कन्स्ट्रक्सन प्रा.लि. दर्ता नं. : १४०९/०३८ दर्ता मिति : २०३८/१०/१२ दर्ता गर्ने कार्यालय : उद्योग वाणिज्य मन्त्रालय, उद्योग विभाग (कम्पनी रजिष्ट्रारको कार्यालय) पान नं. ३०००५१५८६ ठेगाना : मध्यपुर थिमी-०७, भक्तपुर **अ.प्रा.व्यक्ति/जमानीकर्ताको नाम : श्री दीपेन्द्र बहादुर शाही** (शेयरधनी) बाबुको नाम : बाग बहादुर शाही बाजेको नाम : चन्द्र रुप शाही ठेगाना : दुनै-०५, डोल्पा ना.प्र.नं. : १३७०/९१५, जारी मिति : २०४७/०७/१३ जारी गर्ने कार्यालय : जि.प्र.का., डोल्पा **कर्जा लिएको शाखा : बालुवाटार, काठमाण्डौं**	**क) नाम : रञ्जना ओली** पतिको नाम : दिपेन्द्र बहादुर शाही ससुराको नाम : बाग बहादुर शाही ठेगाना : रुझेना-०५, बाँके ना.प्र.नं.: ६६ १०१४/१०८४, जारी मितिः २०६६/१२/२२ जारी गर्ने कार्यालयः जि.प्र.का., बाँके **ख) नाम : प्रतिक मानन्धर** (शेयरधनी) बाबुको नाम : प्रकाश रत्न मानन्धर बाजेको नाम : नर मान मानन्धर ठेगाना : काठमाण्डौं-१८, काठमाण्डौं ना.प्र.नं. : ३८१५, जारी मिति : २०५५/०७/०१ जारी गर्ने कार्यालयः जि.प्र.का., काठमाण्डौं **ग) नामः योगेन्द्र बहादुर शाही** (शेयरधनी) बुबाको नाम : बाग बहादुर शाही बाजेको नाम : चन्द्र रुप शाही ठेगाना : दुनै-०५, डोल्पा ना.प्र.नं.: १०६५, जारी मितिः २०३५/१२/०८ जारी गर्ने कार्यालय : जि.प्र.का., डोल्पा

सुरक्षणमा रहेको धितोको विवरण

क्र. सं	मालपोत कार्यालय	जग्गाधनीको नाम	धितोको ठेगाना	कित्ता नं.	क्षेत्रफल (व.मि.)
१.	कलैया, बारा	सिद्धीसाइ प्रकाश कन्स्ट्रक्सन प्रा.ली.	नरही-०५, बारा	१३०	२०३१.७८
२		सिद्धीसाइ प्रकाश कन्स्ट्रक्सन प्रा.ली.	नरही-०७, बारा	१३०	१५२३.८२
३		सिद्धीसाइ प्रकाश कन्स्ट्रक्सन प्रा.ली.	नरही-०७, बारा	११८	१६९३.१५
४		सिद्धीसाइ प्रकाश कन्स्ट्रक्सन प्रा.ली.	नरही-०७, बारा	१२१	१६०८.४७
५	चितवन	दिपेन्द्र बहादुर शाही	हाजीपुर-७ 'क', चितवन	१४१८	१६००.०७
६	कलैया, बारा	सिद्धिसाई प्रकाश कन्स्ट्रक्सन प्रा.लि.	कबहीजब्दी-०६, बारा	२१६	७१११.२६
७	पर्सा	सिद्धिसाई प्रकाश कन्स्ट्रक्सन प्रा.लि.	रामनगरी-०९, पर्सा	२९८	२२८५.७३
८		सिद्धिसाई प्रकाश कन्स्ट्रक्सन प्रा.लि.	बिरुवागुठी-१ 'क', पर्सा	११००	३३८६.३०
९		सिद्धिसाई प्रकाश कन्स्ट्रक्सन प्रा.लि.	बिरुवागुठी- १ 'क', पर्सा	१५२२	१८६२.४५
१०	कलैया, बारा	सिद्धीसाइ प्रकाश कन्स्ट्रक्सन प्रा.ली.	नरही-०७, बारा	८१५	१५०६.८९
११		सिद्धीसाइ प्रकाश कन्स्ट्रक्सन प्रा.ली.	नरही-०७, बारा	७४०	३२१६.९७
१२	भद्रपुर, झापा	सिद्धीसाइ प्रकाश कन्स्ट्रक्सन प्रा.ली.	हल्दीबारी-०४ 'ग', झापा	२२२०	१३५४५.२६
१३		सिद्धीसाइ प्रकाश कन्स्ट्रक्सन प्रा.ली.	हल्दीबारी-०४ 'ग', झापा	२२२१	१३५४५.२६
१४		सिद्दिसाइ प्रकाश कन्स्ट्रक्सन प्रा.लि.	हल्दीबारी-०७, झापा	५४८	४९१०.१२
१५		सिद्दिसाइ प्रकाश कन्स्ट्रक्सन प्रा.लि.	मेचिनगर-११, झापा	५९	२८३८.६६
१६		सिध्दी साई प्रकाश कन्स्ट्रक्सन प्रा.ली.	दुवागडी-०९, झापा	१८१७	१५३२.२८
१७	कलैया, बारा	रञ्जना ओली	नरही-०१, बारा	३८९	३६२३.३२
साथै माथी उल्लेखित जग्गाहरुमा बनेका घर टहराहरु तथा सोले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।					

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१" को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा ने नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।



पवन तिमिल्सिना/नयाँ पत्रिका

राष्ट्र बैंकले शुक्रबार दुईवटा सर्कुलर जारी गरेर सुन आयात र रेमिट्यान्स प्रवाहको सीमा बढाएको छ । त्यस्तै, डेबिट कार्डमार्फत झिक्ने रकमको सीमा भने घटाइएको छ ।

वाणिज्य बैंकमार्फत दैनिक २० किलो सुन आयात गर्न पाउने गरी राष्ट्र बैंकले यसअघि तोकेको सीमा बढाएर २५ किलो पुऱ्याएको हो । उच्च मूल्यका कारण सुनका गरगहनाको माग नभइरहेका वेलामा राष्ट्र बैंकले आयात गर्न पाउने कोटा भने वृद्धि गरेको हो । सुनचाँदी व्यवसायीले यसलाई 'बेमौसमी बाजा'का रूपमा विश्लेषण गर्दै कोटा वृद्धिको निर्णय अर्थहीन भएको टिप्पणी गरेका छन् ।

सुनचाँदी व्यवसायी महासंघका पूर्वअध्यक्ष तेजरत्न शाक्यले तिज र दसैँमा उच्च माग हुने सिजनमा समेत सुनको कारोबार भएकाले आयातको सीमा बढाउनु अर्थहीन भएको बताए । 'अहिले सुनको मूल्य बढेको र माग पनि न्यून भएको सन्दर्भमा आयातको सीमा किन बढाइयो बुझ्न सकिएको छैन । वाणिज्य बैंकहरूले त दसैँअघिदेखि नै सुन आयात गरेका छैनन् भनेर जानकारी पाएका छौं,' उनले भने, 'माग नभएपछि किन कोटा बढाएको हो, प्रस्ट छैन । भएकै सुन बिक्री गर्न सकिएको छैन ।

बजारमा सुनको मूल्य बढ्दै जाने हल्लाले केही ग्राहकहरू ढिके सुनसमेत किन्न आउन थालेको उनले जानकारी दिए । उनले भने, 'ढिके सुन बिक्री गर्न नपाइने कानुनी व्यवस्था छ । तर, सुनको मूल्य बढ्ने हल्ला चलेपछि ढिके सुनसमेत मान्न आउन थालेका छन् ।'

राष्ट्र बैंकका अधिकारीहरू भने सुनचाँदी व्यवसायी तथा सरोकारवालाकै अनुरोधमा सुन आयातको कोटा बढाएको दाबी गर्छन् । केन्द्रीय बैंकका प्रवक्ता किरण पण्डितले सुन आयातको सीमा व्यवसायी तथा सरोकारवालाको अनुरोधमै बढाइएको बताए । 'सुनचाँदी व्यवसायीले विगत लामो समयदेखि नै सुन आयातको कोटा बढाइदिनुपर्‍यो भन्दै आइरहनुभएको थियो । उहाँको मागलाई सम्बोधन गर्ने गरी निर्णय भएको हो,' उनले भने ।

■ राष्ट्र बैंकद्वारा दुई सर्कुलर जारी

अब दैनिक २५ किलो सुन आयात, रेमिट्यान्सको सीमा २५ लाख

उच्च मूल्यका कारण सिजनमै सुनको माग घटेको समयमा दैनिक २० किलो आयात गर्न पाउने प्रावधान संशोधन गरेर २५ किलो सुन आयात गर्न बैंकलाई अनुमति, गत वर्षको तुलनामा पछिल्लो दुई महिनामा दोब्बर सुन आयात भएको भन्सारको तथ्यांक

डेबिट कार्डमार्फत हुने कारोबारमा कडाइ

- एटिएममार्फत एकपटकमा २५ हजार झिक्न पाइने गरेकोमा अब २० हजार मात्रै
- दैनिक १ लाखसम्मको कारोबार सीमा पनि घटाएर ५० हजारमा झारियो
- मासिक चार लाखसम्म निकाल्न पाइने रकमसमेत तीन लाखमा सीमित

■ दुई महिनामा २०१ किलो सुन आयात



चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो दुई महिनामा दुई सय एक किलो सुन आयात भएको छ । साउन र भदौमा तीन अर्ब १२ करोड ९९ लाख रुपैयाँबराबर सुन आयात भएको भन्सार विभागको तथ्यांक छ । गत आर्थिक वर्ष ०८१/८२ को पहिलो दुई महिनामा भने सय किलो मात्रै सुन आयात भएको थियो । जसको मूल्य एक अर्ब चार करोड ३२ लाख मात्रै थियो । सुनको चुलिँदो मूल्यका बाबजुद आयात भने बढ्दै गएको भन्सारको तथ्यांक छ ।

■ सुनको मूल्य बढेको बढ्यै, सातामा ४,४०० ले वृद्धि

नेपाली बजारमा सुनको मूल्य निरन्तर उकालो लागिरहेको छ । सुनचाँदी व्यवसायी महासंघका अनुसार सातामा चार हजार चार सय मूल्य बढेको छ । आइतबार प्रतितोला दुई लाख ३० हजार ६ सय रुपैयाँ रहेको सुनको मूल्य शुक्रबार दुई लाख ३५ हजार पुगेको छ ।

सुनको मूल्य

आइतबार :	२३०,६००
सोमबार :	२३३,१००
मंगलबार :	२३५,४००
बुधबार :	२३८,०००
बिहीबार :	२३९,२००
शुक्रबार :	२३५,०००

यो साता सुन दुई लाख ३९ हजार दुई सय पुगेर ओर्लेको हो । बिहीबार उक्त नयाँ रेकर्ड बनेको थियो । सुन सोमबार दुई लाख ३३ हजार एक सय, मंगलबार दुई लाख ३५ हजार चार सय र बुधबार दुई लाख ३८ हजार रुपैयाँमा कारोबार भएको थियो । यो साता चाँदीको मूल्य पनि प्रतितोला एक सय ५५ रुपैयाँ वृद्धि भएको छ । आइतबार दुई हजार नौ सय ३० रुपैयाँ प्रतितोलामा भएको चाँदीको कारोबार शुक्रबार तीन हजार ८५ रुपैयाँ पुगेको छ ।

माग न्यून भएका वेला आयातको कोटा किन बढाउनुपरेको हो ?

● **तेजरत्न शाक्य**, पूर्वअध्यक्ष, सुनचाँदी व्यवसायी महासंघका



तिज र दसैँजस्तो उच्च माग हुने सिजनमा समेत सुनको न्यून कारोबार भएकाले आयातको सीमा बढाउनु अर्थहीन छ । अहिले सुनको मूल्य बढेको र माग पनि न्यून भएको सन्दर्भमा आयातको सीमा किन बढाइयो बुझ्न सकिएको छैन । वाणिज्य बैंकहरूले त दसैँअघिदेखि नै सुन आयात गरेका छैनन् भनेर जानकारी पाएका छौं । माग नभएपछि किन कोटा बढाएको हो प्रस्ट छैन । भएकै सुन बिक्री गर्न सकिएको छैन ।

व्यवसायीको मागअनुसार सुनको कोटा वृद्धि भएको हो

● **किरण पण्डित**, प्रवक्ता, राष्ट्र बैंक



सुनचाँदी व्यवसायीले विगत लामो समयदेखि नै सुन आयातको कोटा बढाइदिनुपर्‍यो भन्दै आइरहनुभएको थियो । उहाँहरूको मागलाई सम्बोधन गर्ने गरी राष्ट्र बैंकबाट निर्णय भएको हो । त्यस्तै, बढ्दो रेमिट्यान्स आप्रवाहका क्रममा सीमाका कारण हुन्डीबाट पैसा नआओस् भन्ने उद्देश्यले रेमिट्यान्सको सीमा बढाइएको हो ।

विदेशमा रहेका नेपालीलाई बैंकिङ प्रणालीबाटै रकम पठाउन प्रोत्साहन

एकपटकमा २० लाखसम्म रेमिट गर्न पाइने व्यवस्थामा राष्ट्र बैंकको संशोधन

पछिल्लो समय रेमिट्यान्स आप्रवाह बढ्दै गइरहेको मौकामा केन्द्रीय बैंकले यसको सीमा पनि बढाएको छ । विदेशबाट नेपालीले पठाउने रेमिट्यान्सको सीमा २० लाखबाट बढाएर २५ लाख रुपैयाँसम्म पुऱ्याएको छ । यो रकमलाई एकपटकमा वा पटक-पटक गरी पठाउन सकिने राष्ट्र बैंकले जनाएको छ ।

बढ्दो रेमिट्यान्स आप्रवाहका क्रममा सीमाका कारण हुन्डीबाट पैसा नआओस् भन्ने उद्देश्यले सीमा बढाइएको राष्ट्र बैंकका प्रवक्ता किरण पण्डितले बताए । पछिल्लो समय बैंकिङ च्यानल प्रयोग गरी रकम पठाउनेको संख्या बढ्दै गएकाले रेमिट्यान्स आप्रवाहमा सुधार जारी छ । गत आव ०८१/८२ मा कुल १७ खर्ब २३ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो ।

विदेशी नागरिक वा नेपालमा दर्ता भएका कम्पनी, संस्था वा शाखा कार्यालयहरूले कमिसन, पारिश्रमिक, शुल्क वा अन्य प्रयोजनका लागि विदेशबाट आएको रकम इजाजतपत्रप्राप्त रेमिट्यान्स कम्पनीमार्फत सीधै आफ्नै खातामा जम्मा गर्न सक्नेछन् । राष्ट्र बैंकले सबै विप्रेषण कम्पनीलाई ग्राहकका कागजात सही रूपमा राख्नुपर्ने र महिनामा एकपटक कारोबारको विवरण पेस गर्नुपर्ने व्यवस्था पनि गरेको छ ।

राष्ट्र बैंकले डेबिट कार्डबाट निकाल्न पाइने रकमको सीमा भने घटाएको छ । एकपटकमा २५ हजार रुपैयाँ निकाल्न पाउने व्यवस्थालाई संशोधन गर्दै अबदेखि २० हजार रुपैयाँ मात्रै झिक्न पाउने व्यवस्था कायम गरिएको छ । डेबिट कार्डमार्फत दैनिक एक लाख रुपैयाँसम्म रकम निकाल्न पाइने व्यवस्थालाई समेत संशोधन गरेर ५० हजारभन्दा बढी रकम निकाल्न नमिल्ने बनाइएको छ । मासिक चार लाखसम्मको कारोबार डेबिट कार्डबाट हुने गरेकोमा तीन लाखमा सीमित गरिएको छ ।

क्यासिनोलाई विदेशी मुद्रामा कारोबार गर्न इजाजतपत्र अनिवार्य

काठमाडौं/ राष्ट्र बैंकबाट इजाजतपत्र लिएर मात्र क्यासिनोहरूले विदेशी मुद्राको कारोबार गर्न पाउने व्यवस्था लागू भएको छ । केन्द्रीय बैंकको विदेशी विनिमय व्यवस्थापन विभागले नयाँ व्यवस्था अनिवार्य गरेको हो ।



'विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ बमोजिम यस बैंकबाट इजाजतपत्र लिएर विदेशी विनिमयको कारोबार गर्नुपर्ने व्यवस्था विद्यमान छ । सोही व्यवस्थाबमोजिम विदेशी विनिमयको इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा संस्थाहरूको प्रकृतिअनुसार यस बैंकले विभिन्न विनियमावलीसमेत जारी गरेको पनि छ,' राष्ट्र बैंकले भनेको छ ।

नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ को परिच्छेद-४ मा व्यवस्था गरिएको छ । सोही ऐनको उल्लिखित व्यवस्थाबमोजिम क्यासिनोलगायतका संस्थाहरूले इजाजतपत्र लिएर मात्र विदेशी विनिमय (भारतीय मुद्रासमेत)को कारोबार गर्न राष्ट्र बैंकले सूचना प्रकाशित गरेको हो ।

पर्यटन विकासका लागि उपसमिति गठन

कास्की/ होटेल संघ पोखराले पर्यटन क्षेत्रको विकास र सुरक्षाका लागि तीन दर्जन उपसमिति गठन गरेको छ । लेकसाइड र ड्यामसाइड क्षेत्रका विभिन्न सडक, सहायक सडक र टोलहरूलाई समेटेर समिति गठन गरेको संघले जनाएको छ । भेलाले २८ वटा स्ट्रिट र ६ वटा टोललाई लक्षित गरी संयोजक तोकेको संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । तोकिएका संयोजकहरूले स्थानीय व्यवसायी र टोलवासीसँग छलफल गरी सदस्यहरू तोकेर उपसमितिलाई पूर्णता दिने सुवेदीले बताए । यसका अलावा उल्लिखित स्ट्रिटबाहेक ड्यामसाइड, खहरेचोक, गैह्राचौतारा, हल्लनचोक, जरेबर र ठाडोपसल क्षेत्रमा समेत यस्ता संयोजक तोकिएको जानकारी दिए ।

रातभर काम गरेर खुलाइयो बिपी राजमार्ग

बिहीबार दिउँसो मन्त्री कुलमान घिसिङ पुगेर स्थलगत निरीक्षण गर्दै शुक्रबार साँझसम्म अस्थायी रूपले बाटो खुलाउन निर्देशन दिएका थिए, त्यसपछि बिहीबार रातभरि खोला-किनारामा बत्ती बालेर डोजरले डाइभर्सन बनाउने काम भएको थियो

काभ्रेमा **इन्द्रबहादुर थापा**

संघीय राजधानी काठमाडौंलाई बागमती, मधेश र कोशी प्रदेशका जिल्लाहरू जोड्ने बिपी राजमार्ग शुक्रबार दिउँसोबाट सञ्चालनमा आएको छ । १७, १८ र १९ असोजको वर्षासँगैको आएको बाढीपहिरोबाट राजमार्गको काभ्रे र सिन्धुलीका विभिन्न १३ ठाउँमा क्षति पुगेको करिब चार किलोमिटर सडकलाई अस्थायी रूपमा मर्मत गरी सञ्चालन गरिएको हो ।

खोलाले सडक बगाएको ठाउँमा अस्थायी डाइभर्सन बनाएर साँझबाट यातायात सञ्चालनमा आएको सडक डिभिजन कार्यालय भक्तपुरका इन्जिनियर दुर्गा प्रसादले बताए । 'डाइभर्सन बनाएको धेरैजसो ठाउँमा दुईतर्फी नै गाडी चलिरहेका छन्, केही ठाउँमा एकतर्फी छ,' इन्जिनियर प्रसादले भने, 'हामीले निर्माण थालेको चार दिनमै डाइभर्सन बनायौं । अब सबै ठाउँमा दुईतर्फी सञ्चालन हुन्छ ।'

काभ्रेतर्फी १३ र सिन्धुलीतर्फ तीन गरी १६ ठाउँमा डाइभर्सन बनाएर यातायात सञ्चालनमा ल्याइएको सडक डिभिजन कार्यालय भक्तपुरका सूचना अधिकारी विन्दु अधिकारीले बताइन् ।

रोशी खोलाको बाढीले बीपी राजमार्गको चौकीडाँडा, कटुन्जेको घुमाउने, चारसयबेशी, गिम्दीबेशी, नार्के, चिउरीबास, बोक्सीकुना, कालढुंगा, डालावेशी, तथा पिप्लेको चार स्थान, माम्तीको दुई स्थानमा डाइभर्सन निर्माण गरिएको हो ।



बिहीबार राति बत्ती बालेर डाइभर्सन बनाइँदै ।



गाडी सञ्चालनका लागि तयार भएको डाइभर्सन ।

गत १८ र १९ असोजको बाढीले चौकीडाँडादेखि नेपालथोकखण्डको १६ ठाउँमा सडक बगाउँदा यातायात ठप्प भएको थियो । पूर्वी नेपालको लाइफलाइन बिपी राजमार्ग अवरुद्ध हुँदा पुष्पलाल राजमार्गमार्फत सवारीसाधन काठमाडौं आइरहेका थिए ।

गत वर्ष असोजको बाढीले नौ किलोमिटर सडक बगाएकामा डाइभर्सनमार्फत यातायात सञ्चालन भइरहेको थियो । तर, गत शनिबार र आइतबार फेरि सडक बगाएको थियो । भौतिक पूर्वाधार र सहरी विकास मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका ऊर्जामन्त्री कुलमान घिसिङले बिहीबार बिहान चौकीडाँडा क्षेत्रको अनुगमन गरी सडक मर्मतको जानकारी लिएका थिए । उनले उपकरण तथा जनशक्ति थप गर्न र बत्तीको व्यवस्था गरी राति पनि काम गर्न निर्देशन दिएका थिए ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, ललितपुर

जग्गा प्राप्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०६/२५

मुआब्जा रकम निर्धारण समितिको मिति २०८२/०६/२४ गतेको निर्णय अनुसार काठमाडौं/तराई-मधेश द्रुत मार्ग सडक आयोजनाको सुरुङ्गमार्ग, RE Wall, River Training तथा Slope Stabilization का संरचनाहरु निर्माणको लागि तपसिल बमोजिमको विवरण भएको जग्गा प्राप्ति तथा सो जग्गामा भएको भौतिक संरचनाहरु समेत पुर्ण रुपमा हटाउनु पर्ने भएकोले उक्त जग्गा प्राप्त गर्नु नपर्ने कारण भए सो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र श्री काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना, आयोजना प्रमुखको कार्यालय काठमाडौं, जिल्ला प्रशासन कार्यालय ललितपुर, गोदावरी नगरपालिका, गोदावरी न.पा. वडा नं ७, बागमती गाँउपालिका बागमती गा.पा वडा नं.१ र वडा नं.२ तथा मालपोत कार्यालय ललितपुरमा सप्रमाण उजुर बाजुर गर्न आउनु होला । अन्यथा कानून बमोजिम प्रकृया अगाडि बढाइने व्यहोरा सम्बन्धित जग्गाधनी/हकभोगकर्ताको जानकारीको लागि जग्गा प्राप्ति, २०३४ को दफा ९ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-

क्र. सं.	जग्गा धनीको नाम	ना.प्र.नं.	जग्गा धनीको		जिल्ला	साबिकको ठेगाना	हालको ठेगाना	नक्सा सिट नं.	किता नं.	श्रेस्ता अनुसारको क्षे.फ.					अधिग्रहण गर्नं पर्ने क्षे.फ.					कैफियत
			बाबु /पति को नाम	बाजेको नाम						वर्ग मिटर	रो.	आ.	पै.	दाम	वर्ग मिटर	रो.	आ.	पै.	दाम	
१.	विश्व जोशी	९७३०	वीर बहादुर जोशी	गणेश बहादुर जोशी	ललितपुर	घुसेल-९	गोदावरी न. पा.-७	९ घ	५	३६५६.५५	७	३	०	०	६१६.५९	१	३	१	२	कित्ता काट हुने
२.					ललितपुर	घुसेल-९	गोदावरी न. पा.-७	९ क	४६	१५८९.८	३	२	०	०	१७५.१६८	०	५	२	०	कित्ता काट हुने
३.	श्याम बहादुर लोप्चन	१२७२	शेर बहादुर लोप्चन	जेठ लोप्चन	ललितपुर	घुसेल-९	गोदावरी न. पा.-७	९ क	१०१	२७२.२१	०	८	२	१	२७२.२१	०	८	२	१	पुरै
४.	मंगल सिंह लोप्चन	१३९२	शेर बहादुर लोप्चन	जेठा तामाङ	ललितपुर	घुसेल-९	गोदावरी न. पा.-७	९ क	१०२	२७२.२१	०	८	२	१	२७२.२१	०	८	२	१	पुरै
५.	राम बहादुर लोप्चन	६७८१४	शेर बहादुर लोप्चन	जेठा तामाङ	ललितपुर	घुसेल-९	गोदावरी न. पा.-७	९ क	१०३	२७४.२०	०	८	२	२	२७४.२०	०	८	२	२	पुरै
६.	प्रेम बहादुर लोप्चन	१०१५१८	शेर बहादुर लोप्चन	जेठा तामाङ	ललितपुर	घुसेल-९	गोदावरी न. पा.-७	९ क	१०४	२७४.२०	०	८	२	२	२७४.२	०	८	२	२	पुरै
७.	पदम बहादुर लोप्चन	१३७४	आईत सिंह लोप्चन	जेठा तामाङ	ललितपुर	घुसेल-५	बागमती गा.पा.-१	५ ख	१	१६८५.१७	३	५	०	०	१०६४.७५	२	१	१	३	कित्ता काट हुने
८.	विपना खड्का, अनुप चपाई	६६/०६/७४/०२३२, ६४/०१/७२/०२००२	रविन्द्र खड्का, रत्नाखर चपाई	देवी सिंह खड्का, पदमलाल चपाई	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	५०	२९६४.९२	५	१३	१	०	४०.	०	१	१	०	कित्ता काट हुने
९.	अनिता गौतम	१४५४९	ज्ञान प्रसाद गौतम	टंक नाथ गौतम	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	६२	५०८.७४	१	०	०	०	५०८.७४	१	०	०	०	पुरै
१०.	देवी सिंह खड्का, सरस्वती गैरे	७३५५/९६७ , ६१२८३	मनिराम खड्का , माधव गैरे	नुदु खड्का, टेकनाथ गैरे	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	९६	१३६७.१७	२	११	०	०	८८१.२४९	१	११	०	०	कित्ता काट हुने (घर-१)
११.	सिता पण्डित	३२०	कृष्ण कान्त पण्डित/ पुष्पराज तिवारी	प्रसद पण्डित	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	९८	१३४३.३३	२	१०	१	०	१४७.५६७	०	४	२	२	कित्ता काट हुने
१२.	सन्तोष पोखरेल	४६८	अर्जुन बहादुर पोखरेल	कृष्ण बहादुर पोखरेल	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	१००	६७५.६४	१	५	१	०	२६०.०९९	०	८	०	२.८८	कित्ता काट हुने
१३.	पुष्पराज थिंग	२१३८१	जित बहादुर थिंग तामाङ	शंखर सिं थिंग तामाङ	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	११०	६३५.९	१	४	०	०	३३५.५४१५	०	११	०	२.९१	कित्ता काट हुने
१४.	लाल बहादुर पाखिन तामाङ	१०८१४८	जय बहादुर पाखिन तामाङ	मगर सिं पाखिन तामाङ	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	११२	१५२६.२२	३	०	०	०	१५२६.२२	३	०	०	०	पुरै (गोठ-१)
१५.	माधव गौतम	२०८०८	गोपाल प्रसाद गौतम	तारा पति गौतम	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	११६	३१४७.८१	६	३	०	०	१८२१.३३८	३	९	१	०	कित्ता काट हुन
१६.	बुद्धि बहादुर थिंग	४४४८	गुमान सिं	सुबीर	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	१२०	२१०४.५१	४	२	०	३	१०६२.८७४२	२	१	१	२.८	कित्ता काट हुने
१७.	मान बहादुर				ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	१२६	३९७.४३९	०	१२	२	०	२५४.३६९१	०	८	०	०	कित्ता काट हुने
१८.	निशा तामाङ बज्यु	६५७१७	तोराम बज्यु	प्रताप सिंह बज्यु	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	१२७	९२९.९६	१	१३	१	०	१८६.६६२५	०	५	३	१	कित्ता काट हुने
१९.	बुद्धिमाया लो तामाङ	२०७९	वीर बहादुर मोत्तान	ससुरा आशाराम तामाङ्ग	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	१३१	१४३.०६	०	४	२	०	१४३.०६	०	४	२	०.	पुरै
२०.	रिमा घिमिरे	३६९८३२१५	दिलीप घिमिरे	छविन्द्र प्रसाद घिमिरे	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	१३९	३०२.०१	०	९	२	०	३०२.०१	०	९	२	०	पुरै
२१.	श्री देवी सिंह खड्का , प्रकाश प्रसाद कंडेल	७३५५/९६७, ३९१०१३/१७३	मनिराम खड्का, उदयराज कंडेल	नदु खड्का, इन्द्रनारायण कंडेल	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	१४४	५०८.७४	१	०	०	०	५०८.७४	१	०	०	०	पुरै
२२.	लाल बहादुर पाखिन तामाङ	१०८१४८	जय बहादुर पाखिन तामाङ	मगर सिं पाखिन तामाङ	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	१४९	१५८.९५	०	५	०	०	१५८.९५	०	५	०	०	पुरै (घर-१)
२३.	ठुलो बाबु तामाङ	९६७१५	सोनाम ढिमदुङ तामाङ	दमाई सिं	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	१५१	८५८.४३	१	११	०	०	८५८.४३	१	११	०	०	पुरै
२४.	देवी सिंह खड्का , माधव गैरे	७३५५/९६७ , १८२०	मनिराम खड्का , टेकनाथ गैरे	नदु खड्का, केशवराज गैरे	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	१५२	१०१७.४८	२	०	०	०	१०१७.४८	२	०	०	०	पुरै (घर-१, गोठ-१, शौचालय-१)
२५.	बुद्धिमाया लो तामाङ	२०७९	वीर बहादुर मोक्तान / काशिराम लो तामाङ	आसाराम तामाङ	ललितपुर	घुसेल-६	बागमती गा.पा.-१	६ क	१५८	१५८.९५	०	५	०	०	१५८.९५	०	५	०	०	पुरै
२६.	गोरख बहादुर थिंग	११४६२	पदम बहादुर	विर बहादुर	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ क	१८	३८७१.१४	७	९	३	०	६९२.८७१९	१	५	३	०.६६	कित्ता काट हुन
२७.	तारा कुमारी थिंग	११३१३	पदम बहादुर	विर बहादुर	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ क	१९	३७१२.१९	७	४	३	०	७९७.८६६	१	९	०	१	कित्ता काट हुने
२८	शोभा राम विष्ट, देवकी वली	३८० , ४८०/२५६८	बिनाराम विष्ट , खर्क बहादुर वली		ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ क	५४	१११.२७	०	३	२	०	१११.२७	०	३	२	०	पुरै
२९.	शोभा राम विष्ट, देवकी वली	३८० , ४८०/२५६८	बिनाराम विष्ट , खर्क बहादुर वली		ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ क	५५	७९.४८	०	२	०	०	७९.४८	०	२	०	०	पुरै
३०.	रन्जिता रेग्मी	१०९२३	देवराज रेग्मी	दीर्घराज रेग्मी	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ क	५९	१२७.१६	०	४	०	०	१२७.१६	०	४	०	०	पुरै
३१.	सुशिला रेग्मी	१७	देवराज रेग्मी	दीर्घराज रेग्मी	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ क	६०	४१३.२७	०	१३	०	०	३६३.४७४	०	११	१	२.९	कित्ता
३२.	आदि लक्ष्मी थिंग	७/११३६	आशाराम लो / सानु मगर सिं थिंग	सुरबीर थिंग	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ग	३	३१२३.९७	६	२	१	०	३१२३.९७	६	२	१	०	पुरै
३३.	बिष्णु देवी नकर्मी	४६००१	कृष्ण लाल नकर्मी	सिद्धी लाल नकर्मी	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	१५	५०१५.७८	९	१३	३	०	४५५.८४	०	१४	१	१.	कित्ता काट हुने
३४.	टक्कल बहादुर मुक्तान, राजन मुक्तान तामाङ	२८३००६/१८५, ४५	सुक बहादुर मुक्तान, टक्कल मुक्तान तामाङ	सइराम, टक्कल मुक्तान तामाङ	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	५८	५८४.२५	१	२	१	२	७.९६८	०	०	१	०	कित्ता काट हुने
३५.	सिता मोक्तान	७०९३	भक्त बहादुर न्यासुर/ चन्द्र बहादुर मोक्तान	मंगर सिं मोक्तान	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	५९	५८४.२५	१	२	१	२	९८.५९	०	३	०	१.६१	कित्ता काट हुने
३६.	विकल प्रजापती	२९१००१/१६९२	विष्णुप्रसाद प्रजापती	बिकुलाल प्रजापती	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	६८	३२६७.०३	६	६	३	०	३०५२.४२	६	०	०	-	कित्ता काट हुने
३७.	जसमाया दिमदोङ, कान्छी माया डीम्डूङ,बिर बहादुर डीम्डूङ, बुद्धिमाया डीम्डूङ	६९४७७, ३१/०१/७६/१०३३४, २८३००६/७९, २८/०१/७८/०४२९५	पंचराम, चन्द्र बहादुर जिम्बा, चन्द्र बहादुर डीम्डूङ, ईन्द्र बहादुर थिंग	चन्द्र बहादुर, शंखराम, चन्द्र बहादुर डीम्डूङ	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	७१	१३०३.५९	२	९	०	०	३२२.७५	०	१०	०	२	कित्ता काट हुने
३८.	सुरोज डीम्डूङ , राजेश डीम्डूङ, भरत कुमार डीम्डूङ	१४ , २८-०१०६७-०१५९०, ४४५४८	सूर्य बहादुर	सोमान सिं	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	१०३	१११.२७	०	३	२	०	२१.९२	०	०	२	३.	कित्ता काट हुने
३९.	विष्णुप्रसाद प्रजापती	१८५	बिकुलाल प्रजापती	धिर्ज बिर प्रजापती	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	१०७	१८२.८	०	५	३	०	३६.९४	०	१	०	२.	कित्ता काट हुने
४०.	जवाल सिंङ डीम्डूङ	२८३००६/१५७	सोमान सिं	शंखमान	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	१०९	९५.३७	०	३	०	०	४२.५९	०	१	१	१.	कित्ता काट हुने
४१.	जवाल सिंङ डीम्डूङ	२८३००६/१५७	सोमान सिं	शंखमान	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	१११	१५१.०१	०	४	३	०	९८.७९	०	३	०	१.	कित्ता काट हुने
४२.	जीत बहादुर डीम्डूङ	३५१/६२८	सोमान सिं	शंखमान	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	११५	२३८.४३	०	७	२	०	२१.०९८	०	०	२	२.	कित्ता काट हुन
४३.	साईला डीम्डूङ	१२२८	सोमान सिं	शंखमान	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	११७	९५.३७	०	३	०	०	९५.३७	०	३	०	०	पुरै
४४.	साईला डीम्डूङ	१२२८	सोमान सिं	शंखमान	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	११९	२१४.५९	०	६	३	०	१०.१४	०	०	१	१	कित्ता काट हुने
४५.	राम सिं डीम्डु तामाङ, माया तामाङ	१७/१२७६७, २४७४१	सोमान सिं डीम्डूङ, नारायण सिं तामाङ	शंखमान, राम सिं तामाङ	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	१२५	६३.५८	०	२	०	०	६३.५८	०	२	०	०	पुरै
४६.	गोरख बहादुर थिंग	११४६२	पदम बहादुर	बिर बहादुर	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	१२७	२१६२.१२	४	४	०	०	५९७.०८१	१	२	३	०.	कित्ता काट हुने
४७.	विष्णुप्रसाद प्रजापती	१८५	बिकुलाल प्रजापती	धिर्ज बिर प्रजापती	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	१२९	२२२.५३	०	७	०	०	६.८३८	०	०	१	०.	कित्ता काट हुने
४८.	सिता मोक्तान	७०९३	भक्त बहादुर न्यासुर/ चन्द्र बहादुर मोक्तान	मंगर सिं मोक्तान	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	१३७	१११.२७	०	३	२	०	७८.७५	०	२	१	३.६३	कित्ता काट हुने
४९.	जमास्या दीमदोङ	६९४७७	पंचराम	चन्द्र बहादुर	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ ङ	१३९	८५०.४९	१	१०	३	०	७९.८	०	२	२	०.	कित्ता काट हुने
५०.	टेक बहादुर थिंग	४१७६	जित बहादुर थिंग	शुर्कुबिर थिंग	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ छ	१०	३४९.६९	०	११	०	०	४०.८२४६	०	१	१	०.५४	कित्ता काट हुने
५१.	सोमो लक्ष्मी तामाङ	१४२७	बुद्धी बहादुर	संचबिर	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ छ	३९	३१७.९	०	१०	०	०	३१७.९	०	१०	०	०	पुरै
५२.	सुन बहादुर तामाङ	२१४६	बुद्धी बहादुर	संचबिर	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ छ	७६	१०४९.२७	२	१	०	०	१०४९.२७	२	१	०	०	पुरै
५३.	सुन बहादुर तामाङ	२१४६	बुद्धि बहादुर	संचबिर	ललितपुर	घुसेल-३	बागमती गा.पा.-१	३ छ	७८	९५.३७	०	३	०	०	९५.३७	०	३	०	०	पुरै
५४.	लाल बहादुर घिसिङ्ग		पुन्य सिद्धि	कृष्ण बहादुर	ललितपुर	माल्टा-८	बागमती गा.पा.-२	८ घ	५	९३७.९१	१	१३	२	०	९३७.९१	१	१३	२	०	पुरै
५५.	बिर बहादुर थिङ	१०२६७४	मान बहादुर थिङ	मगर सिं थिङ	ललितपुर	माल्टा-८	बागमती गा.पा.-२	८ घ	७	९३७.९१	१	१३	२	०	९३७.९१	१	१३	२	०	पुरै
५६.	दिपराज पुलामी मगर	१०९५५	उद्धव बहादुर पुलामी	केशर बहादुर पुलामी	ललितपुर	माल्टा-८	बागमती गा.पा.-२	८ घ	९	४८०.८३	०	१५	०	२	४८०.८३	०	१५	०	२	पुरै
५७.	निल बहादुर जिम्बा	७/२१७६	मान सिं जिम्बा	लाटो जिम्बा	ललितपुर	माल्टा-८	बागमती गा.पा.-२	८ घ	१०	२४०.४२	०	७	२	१	२४०.४२	०	७	२	१	पुरै
५८.	बहादुर सिंह जिम्बा	७/२१८०	मान सिं जिम्बा	लाटो जिम्बा	ललितपुर	माल्टा-८	बागमती गा.पा.-२	८ घ	११	२४०.४२	०	७	२	१	२४०.४२	०	७	२	१	पुरै
जम्मा क्षेत्रफल										**५८११५.५२९**	**११४**	**३**	**३**	**०.१४**	**२७८४९.०१९८**	**५४**	**११**	**३**	**१.८२**	

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.ह.नि.इ.नं. १७/०६९/०७०

■ आइसिसी विश्वकप टी-२० एसियन छनोट

समूह विजेता हुँदै नेपाल सुपर सिक्समा

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोली शुक्रबार आइसिसी विश्वकप टी-२० अन्तर्गत एसियन छनोटमा समूह 'बी'को विजेता हुँदै सुपर सिक्समा पुगेको छ। नेपालले ओमानमा चलिरहेको छनोट प्रतियोगितामा आफ्नो दोस्रो खेलमा जापानमाथि पाँच विकेटको सानदार जित निकाली अर्को चरणमा स्थान बनाएको हो। जापान समूह 'बी'को उपविजेता बनेको छ। सुपर सिक्समा नेपाल, जापानसँगै युएई र कतारले स्थान पक्का गरेका छन्।

पहिलो ब्याटिङ गरेको जापानले २० ओभरमा आठ विकेट गुमाएर एक सय ३१ रन बनाएको थियो। प्रत्युत्तरमा नेपालले १८ ओभरमा पाँच विकेटको क्षतिमा एक सय ३२ रन जोडेको थियो। नेपालको जितमा कुशल भुर्तेल र आसिफ सेखले पहिलो विकेटका लागि ४.६ ओभरमा ३६ रनको साझेदारी गरेको थियो। भुर्तेलले २१ बलमा तीन चौका प्रहार गरी २१ रन जोडे। इनिङ्सको ७.२ ओभरमा सेखले आफ्नो विकेट गुमाउँदा नेपाल ६३-२ को स्थितिमा रह्यो। उनले २१ बलमा चार छक्का र एक चौका प्रहार गरी सर्वाधिक ३८ रनको योगदान दिए। कप्तान रोहित पौडेलले १९ बलमा १८ रन बनाए।

नेपालले सन्दीप जोरा र कुशल मल्लको विकेट गुमाउँदा दबाब सामना गऱ्यो। १२.२ ओभरमा नेपाल ९०-५ को स्थितिमा रहँदा जापान खेलमा फर्कने प्रयास गऱ्यो। तर, अलराउन्डर भूमिका निर्वाह गरेका गुल्सन झा र दीपेन्द्रसिंह ऐरीले छैटौं विकेटका लागि ४२ रनको साझेदारी गर्दै नेपालको जित पक्का पारे। गुल्सनले २० बलमा एक चौका र दुई छक्का प्रहार गरी २८ रन बनाए। दीपेन्द्रसिंहले १४ बलमा १४ रन बनाए।

मलेसिया बाहिरियो

छनोट प्रतियोगिताबाट मलेसिया बाहिरिएको छ। प्रतियोगिताको शुक्रबार युएईले मलेसियामाथि ६ विकेटको जित निकालेको हो। पहिलो ब्याटिङ गरेको मलेसियाले २० ओभरमा पाँच विकेट गुमाएर एक सय ६१ रनको बलियो योगफल खडा गऱ्यो। युएईले १९.२ ओभरमा चार विकेटको क्षतिमा एक सय ६७ रन जोड्दै सुपर सिक्सको स्थान पक्का गऱ्यो। मलेसियाले समूह 'ए'मा दुवै खेल गुमाएको छ। यस समूहमा मलेसिया नवप्रवेशी सामोआसँग पराजित भएको थियो।



जापानिज खेलाडीको विकेट लिएपछि नेपालका गुल्सन झा। तस्बिर : सौजन्य क्यान

अंकतालिका

समूह 'ए'

टोली	खेल	जित	हार	अंक	रनरेट
युएई	२	२	०	४	०.५८
कतार	२	१	१	२	०.२२
मलेसिया	२	०	२	०	-०.८७

समूह 'बी'

टोली	खेल	जित	हार	अंक	रनरेट
नेपाल	२	२	०	४	१.८३
जापान	२	१	१	२	०.३०
कुवेत	२	०	२	०	-१.५७

समूह 'सी'

टोली	खेल	जित	हार	अंक	रनरेट
ओमान	१	१	०	२	१.०४
सामोआ	२	१	१	२	-०.३२
पिएनजी	१	०	१	०	-०.५२

■ नेपाली बलरको उत्कृष्ट पुनरागमन

नेपाली बलरले उत्कृष्ट बलिङ गरेपछि जापानले स्कोरबोर्डमा सोचेजस्तो योगफल खडा गर्न सकेन। एक समय जापानले नेपाललाई बलियो लक्ष्य दिने संकेत गरेको थियो। तर, नेपाली बलरले उत्कृष्ट पुनरागमन गर्दा जापानको मध्यक्रम कमजोर बन्यो। खेलमा नेपालले पकड बनायो।

जापानको ब्याटिङमा ओपनर तथा कप्तान केन्डेल फ्लेमिङले ४६ बलमा सर्वाधिक ६० रनको योगदान दिए। उनले आफ्नो अर्धशतकीय इनिङ्समा पाँच चौका र तीन छक्का प्रहार गरेका थिए। इशम रहमानले २५ बलमा एक चौका र दुई छक्काको मद्दतमा ३१ रन बनाए। फ्लेमिङ र रहमानले दोस्रो विकेटका लागि ८६ रनको बलियो साझेदारी गरेका थिए।

दुवैले जापानलाई ११-१ बाट ९७-२ को बलियो स्थितिमा राखेका थिए। सोमपाल कामीले जापानको डरलाग्दो साझेदारी तोड्दै खेल नेपालतर्फ ल्याउन सफल भए। रहमान आउट भएपछि जापानका अन्य खेलाडीले गतिलो ब्याटिङ गर्न सकेनन्। त्यसपछि उनीहरू रनका लागि संघर्षरत देखिए। इनिङ्सको १३.५ ओभरमा पाँचौं बलमा रहमानको विकेट लिएका हुन्। जापान इनिङ्सको एक समय ९२-२ को बलियो स्थितिमा थियो। जापानले थप ३३ रन बनाउँदा ६ विकेट गुमायो।

बलिङमा नेपालका गुल्सन झा र सन्दीप लामिछानेले समान दुई विकेट लिए। गुल्सनले चार ओभरमा एक मेडन राखी २० रन खर्चिए। सन्दीपले चार ओभरमा २५ रन दिए। नन्दन यादव र सोमपाल कामीले एक-एक विकेट लिए। जापान र नेपाल यसअघि नै सुपर-६ मा पुगिसकेका छन्। छनोटबाट तीन टोलीले आगामी वर्षको फेब्रुअरी-मार्चमा भारत र श्रीलंकामा हुने आइसिसी टी-२० विश्वकप २०२६ मा स्थान पक्का गर्नेछन्।

हामीले ब्याटिङमा सुधार गर्नुपर्छ

■ रोहित पौडेल, कप्तान, नेपाल



हामी समूह चरणमा दुई जितका साथ सुपर सिक्समा पुग्यौं। जापानसँगको महत्त्वपूर्ण खेल थियो। यद्यपि, जापानसँगको खेलमा नेपालको ब्याटिङ सोचेजस्तो भएन। यसमा अझै सुधार गर्नुपर्ने देखिन्छ। सुपर सिक्स खेलअगाडि नै यस पक्षमा विश्लेषण हुनुपर्छ। प्रतिस्पर्धामा गुल्सनले ब्याटिङ र बलिङमा राम्रो खेले। एक समय जापान बलियो अवस्थामा थियो। तर, हामीले उत्कृष्ट पुनरागमन गऱ्यौं र जापानमाथि दबाब बढायौं। उनीहरूको ब्याटिङ थियो।

अब बलियो राष्ट्रविरुद्ध खेल्नुपर्छ

■ **केन्डेल फ्लेमिङ**, कप्तान, जापान



हामीले ऐतिहासिक रूपमा सुपर सिक्समा स्थान बनाएका छौं। अबको यात्रा कठिन हुनेछ। दुई अंकका साथ अर्को चरणमा पुग्दा निकै राम्रो हुने थियो। सुपर सिक्समा हामीभन्दा राम्रा वरीयताका टोलीहरू छन्। उनीहरूविरुद्ध राम्रो खेल्नुपर्छ। यो चुनौतीपूर्ण हो। नेपालसँगको खेलमा लगातार विकेट झरेपछि हामी दबाबमा आएका हौं।

जापानविरुद्ध सामान्य बलिङ गरिरहेको थिएँ

■ **गुल्सन झा**, बलर, नेपाल



जापानविरुद्ध मैले सामान्य बलिङ गरेको थिएँ। मेरो बलिङमा खासै त्यस्तो भेराइटिज थिएन। विपक्षी ब्याट्समयानको शैलीअनुरूप बलिङ गर्ने। प्रतिस्पर्धामा जापान एक सय खेलमा थियो। म ब्याटिङमा धेरै सोच्दिनँ। कप्तान र प्रशिक्षकले दिएको भूमिका निर्वाह गर्ने हो। दुई जितले सुपर सिक्समा हामीलाई कन्फिडेन्स बढाएको छ। जापानविरुद्धको महत्त्वपूर्ण खेलमा जित निकाल्दा धेरै खुसी छु।

६ महिला क्रिकेटरले मलेसियाको घरेलु क्रिकेट खेल्ने

काठमाडौं/ नेपालका ६ महिला क्रिकेटरले मलेसियाको घरेलु क्रिकेट खेल्ने भएका छन्।

नेपाल क्रिकेट संघ (क्यान)ले मलेसियन क्रिकेट एसोसिएसनको आयोजनामा १६ देखि २८ अक्टोबरसम्म हुने एमसिए महिला इन्टरस्टेट टी-२० च्याम्पियनसिपमा नेपालका ६ खेलाडीले प्रतिस्पर्धा गर्न लागेको जानकारी दिएको छ। सीता रानामगर, कविता जोशी, राजमती ऐरी, रुबिना क्षेत्री, पूजा महतो र कविता कुँवरले मलेसियन घरेलु क्रिकेट प्रतियोगिता खेल्ने क्यानका प्रवक्ता छुम्बी लामाले बताए।

क्वालालम्पुरमा आयोजना हुने च्याम्पियनसिपमा सीता, कविता जोशी र राजमतीले सेलाङगोन क्रिकेट एसोसिएसनबाट प्रतिस्पर्धा गर्नेछन्। नेपालकी पूर्वकप्तान, रुबिना, पूजा र कुँवरले सारावाक क्रिकेट एसोसिएसनमा आबद्ध भएको छुम्बीले बताए। यसै साता नेपालले मलेसियाको राष्ट्रिय महिला क्रिकेट टोलीविरुद्धको पाँच खेलको टी-२० आई सिरिज खेलेको थियो।

> एमसिए महिला इन्टरस्टेट टी-२० च्याम्पियनसिपमा सीता रानामगर, कविता जोशी, राजमती ऐरी, रुबिना क्षेत्री, पूजा महतो र कविता कुँवर आबद्ध

जसमा नेपाल ३-२ ले विजयी भयो। मलेसियाविरुद्धको सिरिजअघि नेपालका १४ क्रिकेटरले मलेसियाको महिला फ्रेन्चाइज लिग पनि खेलेका थिए। फ्रेन्चाइज लिगपछि नेपाली टोली पाँच खेलको टी-२० आईमा सहभागी भएको थियो।

ग्लोबल छनोटअघि राम्रो सिरिज

मलेसियाको भ्रमणबाट नेपाली महिला टोली बिहीबार राति स्वदेश फर्केको छ। ६ जनाबाहेकका खेलाडी मात्र स्वदेश फर्किएका हुन्। नेपाली टोलीकी कप्तान इन्दु बर्माले मलेसियासँगको सिरिज राम्रो भएको बताइन्। आइसिसी टी-२० विश्वकपअन्तर्गत ग्लोबल छनोटमा स्थान बनाएको नेपालले मलेसियासँगको सिरिजबाट राम्रो अनुभव प्राप्त गरेको कप्तान इन्दुले बताइन्। 'ग्लोबल छनोटअघिको टी-२० आई सिरिज निकै राम्रो भयो,' त्रिभुवन विमानस्थलमा उनले भनिन्, 'अझ पाँचवटै खेल जित्न पाएको भए थप उत्कृष्ट हुने थियो।'

मलेसियासँगको सिरिजमा नेपालले अन्तिम तथा पाँचौं खेलमा पाँच विकेटको जित निकाली उपाधि हात पारेको थियो। समग्रमा नेपाल सिरिजमा ३-२ ले विजयी रह्यो। नेपाल पहिलो खेलमा मलेसियासँग तीन रनले पराजित भएको थियो। त्यसपछि दोस्रो खेलमा उत्कृष्ट पुनरागमन गरी नेपालले मलेसियामाथि ६ विकेटको जित निकाल्यो। मलेसियाले तेस्रो खेलमा १३ रनले बाजी मारेको थियो। चौथो खेलमा नेपाल ६ विकेटले विजयी हुँदा सिरिज २-२ को बराबरीमा पुगेको थियो।

यसैगरी, नेपाली टोलीकी उपकप्तान पूजाले विदेशी भूमिमा धेरै खेल्दा सबै खेलाडीले आफ्नो प्रतिभा सुधार्न अवसर पाउने बताइन्। 'जुनियर खेलाडीलाई पनि यहाँ राम्रो प्रदर्शन गरेर नेपालका लागि खेल्ने अवसर मिलेको छ,' उनले भनिन्, 'यसले ग्लोबल छनोटका लागि पनि हाम्रो आत्मविश्वास बढाउनेछ।' नेपाल पहिलोपटक टी-२० विश्वकपको एसिया छनोट पार गरेर ग्लोबल छनोटमा पुगेको छ। ग्लोबल छनोट सन् २०२६ को जनवरीमा नेपालमै हुँदै छ। नेपाललाई पहिलोपटक विश्वकप खेल्ने अवसरसमेत छ।

रोनाल्डो बने पहिलो अर्बपति फुटबलर

एजेन्सी

विश्व फुटबल इतिहासमा पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो पहिलो अर्बपति फुटबलर बनेका छन्। फोर्ब्स म्यागेजिन र ब्लुमबर्ग बिलिनियर इंडेक्सले सार्वजनिक गरेको तथ्यांकअनुसार रोनाल्डोसँग १.४ बिलियन डलर सम्पत्ति रहेको छ। खेलेरै अर्बपति बन्ने खेलाडीमा रोनाल्डो समग्रमा तेस्रो खेलाडी हुन्। सन् २००९ मा गल्फका टाइगर उड र सन् २०१७ मा बक्सर फ्लोयद मेवेदर अर्बपतिको सूचीमा परेका थिए। फुटबल मैदानमा रोनाल्डोको प्रतिद्वन्द्वी लियोनल मेसीले खेलबाट ६ सय पाँच मिलियन अमेरिकन डलर कमाइ गरेका छन्।

सन् २०२२ मा म्यानचेस्टर युनाइटेड छाडेर साउदी प्रो लिगको अल नासरसँग आबद्ध भएपछि रोनाल्डोको आम्दानी ह्वात्तै बढेको ब्लुमबर्गले जनाएको छ। उनको आम्दानीमा अल नासरसँग भएको सम्झौता पनि सामेल रहेको छ। गत जुनमा मात्र ४० वर्षीय रोनाल्डोले अल नासरसँग चार सय मिलियन डलरभन्दा बढीको सम्झौता गरेका थिए। यसबाट उनको आर्थिक वृद्धि भएको मानिन्छ। सन् २०२३ मा उनी म्यानचेस्टर युनाइटेडबाट अल नासरसँग एक सय ७७ मिलियन पाउन्डमा अनुबन्ध भएका थिए। सम्झौताअनुसार उनको अल नासरमा १५ प्रतिशत हिस्सा रहेको छ।

अल नासरबाट रोनाल्डोले करमुक्त गरी दुई सय मिलियन अमेरिकी डलर पारिश्रमिक पाइरहेका छन्। यसबाहेक अल नासरको फुटबल प्रोमोसनका लागि क्लबले उनलाई बोनसस्वरूप ३० मिलियन अमेरिकी डलर दिएको छ। सन् २००२ देखि ०२३ सम्म रोनाल्डोले पाँच सय ५० मिलियन डलरभन्दा बढी तलबबाटै कमाएका छन्। यस क्रममा उनी म्यानचेस्टर युनाइटेड (दुईपटक), रियल म्याड्रिड, युभेन्ट्स र अल नासरसँग आबद्ध भएका छन्।

सन् २००९ मा युनाइटेडबाट स्पेनिस क्लब म्याड्रिडमा आबद्ध हुँदा उनी विश्व कीर्तिमानी रकममा आबद्ध भएका थिए। लगभग एक दशक म्याड्रिडमा रहँदा रोनाल्डोले युरोपियन च्याम्पियन्स लिग, स्पेनिस ला लिगा तथा बालोन डी अर उपाधि जितेका थिए। विश्वकै पहिलो फुटबल अर्बपति बन्नुपछाडि रोनाल्डो चर्चित कम्पनीसँग आबद्ध छन्। नाइक, अरमानी र क्यास्ट्रोलजस्ता कम्पनीबाट उनले वार्षिक रूपमा मोटो रकम पाउने गर्छन्। रोनाल्डोले नाइकसँगको १० वर्षको सम्झौतामा प्रतिवर्ष १८ मिलियन अमेरिकन डलर कमाउने गर्छन्। अरमानी र क्यास्ट्रोलबाट उनले प्रतिवर्ष एक सय ७५ मिलियन अमेरिकी डलर आम्दानी ब्लुमबर्गले जनाएको छ।

सिआर ७ कम्पनी

रोनाल्डोले आफ्नै कम्पनी पनि खोलेका छन्। सिआर७ कम्पनीबाट उनले विश्वभर विभिन्न आफ्ना उत्पादन सामग्री बेच्दै आइरहेका छन्। उनले सिरआर७ कम्पनीबाट कपडा, पर्फ्युम र चस्मा व्यापार गरिरहेका छन्। यसका साथै यसै नामबाट उनले युरोपमा होटेलहरू खोलेका छन्। जिम र फेसन प्रोडक्ट्सहरूको बिजनेसबाट रोनाल्डोले वार्षिक राम्रो कमाइ गरिरहेका छन्। रोनाल्डोले पोर्चुगलमा २० मिलियन युरो खर्चेर भव्य एक रिसोर्ट स्थापना गरेका छन्। रोनाल्डोको आम्दानीको अर्को स्रोत भनेको सोसल मिडिया पनि हो। सोसल मिडिया पनि उनी उत्तिकै सक्रिय छन्। रोनाल्डोलाई इन्स्टाग्राममा मात्र ६ सय ६० मिलियनभन्दा बढीले फलो गरेका छन्। जसले उनको ब्रान्ड भ्यालु बढाएको छ। उनको सामाजिक सञ्जालमा पनि ठुलो प्रभाव रहेको छ। इन्स्टाग्राममा मात्र ६० करोडभन्दा बढी फलोअर छन्, जसका कारण उनले विश्वमै सबैभन्दा महँगा प्रायोजित पोस्टहरूबाट ठुलो आम्दानी गर्छन्।

सन्न्यासको सोच नबनाएका रोनाल्डो

रोनाल्डोका लगभग सबै समकक्षी फुटबलरले सन्न्यास लिइसकेका छन्। तर, उनी अझै पनि मैदानमा सक्रिय छन्। सक्रिय मात्र नभएर अल नासर र राष्ट्रिय फुटबल टोली पोर्चुगलको जितमा गोलसमेत उनले गरिरहेका छन्। उनले आफू सन्न्यास लिने पक्षमा नरहेको स्पष्ट पारेका छन्। पोर्चुगल फुटबल ग्लोब्स गालामा रोनाल्डोले शरीरले भ्याएसम्म फुटबल खेल्ने बताए। 'म अल नासर क्लब र राष्ट्रिय टोलीलाई थप योगदान दिन चाहन्छु,' उनले भने, 'यद्यपि, मसँग खेल्न धेरै वर्ष बाँकी छैन, तर मसँग बाँकी रहेका थोरै वर्षहरू पूर्ण आनन्दका साथ बिताउनेछु।'

> फोर्ब्स म्यागेजिन र ब्लुमबर्ग बिलिनियर इन्डेक्सअनुसार पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डोको कुल सम्पत्ति १.४ अर्ब अमेरिकी डलर पुगेको छ। समग्रमा खेलेरै अर्बपति बन्ने खेलाडीमा उनी तेस्रो हुन्।



लुम्बिनीमा स्पोर्टस् अवार्ड हुने

नेपालगन्ज/ नेपालगन्जमा पहिलोपटक लुम्बिनी स्पोर्टस् अवार्ड हुने भएको छ। रंगशाला नेपाल मिडिया प्रालिले आयोजना गर्न लागेको लुम्बिनी स्पोर्टस् अवार्ड आगामी १८ मंसिरमा हुनेछ। रंगशाला नेपाल मिडिया ०७३ साल जेठ १८ मा स्थापना भएको संस्था हो। लुम्बिनी प्रदेशअन्तर्गतका जिल्लाका खेलाडी, खेलकर्मीले प्राप्त गरेका उपलब्धि र सफलतालाई आधार मानेर अवार्ड प्रदान गर्ने तयारी भइरहेको नेपाल मिडिया प्रालिका प्रबन्ध निर्देशक कमल खत्रीले बताए।

'लुम्बिनी प्रदेश खेलकुदका क्षेत्रमा निकै सशक्त प्रदेश हो। तर, यहाँ खेलाडी र खेलकर्मीको मनोबल बढाउनका लागि निकै थोरै कार्यक्रम हुने गरेका छन्,' खत्रीले भने, 'हामीले खेलकुदमा आफ्नो जीवन समर्पण गरेका र खेलमा नयाँ सम्भावना देखेर मिहिनेत गरिरहेका खेलाडीको हौसला बढाउन पनि यो अवार्ड कार्यक्रम गर्ने तयारी गरेका हौं।' उत्कृष्ट पुरुष खेलाडी अवार्ड, उत्कृष्ट महिला खेलाडी, विशेष अवार्ड र उत्कृष्ट टिम अवार्ड प्रदान गरिने खत्रीले बताए। अवार्डलाई सफल बनाउन खेलकुदका निकाय, संघ, संस्था, विभिन्न कम्पनी, कर्पोरेट संस्थाहरूसँग सहकार्य भइरहेको उनले जनाए।

पदक विजेता एरिका सम्मानित

काठमाडौं/ नेपाल प्रहरीले शुक्रबार अन्तर्राष्ट्रिय कराँते प्रतियोगितामा पदक विजेता एरिका गुरुङलाई सम्मान गरेको छ। विश्व कराँते महासंघको आयोजनामा १७ देखि १९ असोजसम्म मलेसियाको क्वालालम्पुरमा भएको डब्लुकेएफ कराँते वान सिरिज 'ए'मा एरिकाले नेपालका लागि ऐतिहासिक स्वर्ण पदक जितेकी थिइन्। निरूलाई राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक तथा नेपाल प्रहरी खेलकुद समितिका सदस्य सचिव प्रहरी अतिरिक्त महानिरीक्षक सिद्धिविक्रम शाहले सम्मान र बधाई दिएका हुन्।

गत शुक्रबार एरिकाले कुमिते ६८ केजीमाथिको स्पर्धामा ट्युनिसियाकी मसाक्नी टेस्निम, चेक रिपब्लिककी हाकोभा अमाली र पोल्यान्डकी डेनिस्जेब्स्का जुलियालाई पछाडि पार्दै स्वर्ण जितेकी थिइन्। सेमिफाइनलमा हाकोभालाई ७-० ले हराएकी एरिकाले फाइनलमा मसाक्नीलाई २-० ले निराश पारेकी थिइन्। कराँते वान सिरिज 'ए'मा स्वर्ण पदक जित्ने एरिका पहिलो नेपाली खेलाडी हुन्। यसैगरी, विश्व कराँते महासंघको क्यालेन्डरअनुसार फ्रान्स कराँते महासंघको आयोजनामा आगामी ३१ असोजमा फ्रान्सको पेरिसमा हुने डब्लुकेएफ सिनियर विश्व च्याम्पिनसिप छनोट चरणमा सहभागिता जनाउने स्वनिम मानन्धर र सबिना श्रेष्ठलाई बिदाइ गरिएको छ।

पाथिभरा सिद्धकाली बचत तथा ऋण सहकारी संस्था लि.को

धितो लिलाम गर्ने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०६/२५ गते

उपरोक्त सम्बन्धमा यस सहकारी संस्थाबाट चं.न. ००७/०८१/०८२ मिति ०७६/१०/०३ मा हरि प्रसाद प्रसाईको नाती, चन्द्र प्रसाद प्रसाईको छोरा, ममता रायमाझीको पति तेह्रथुम जिल्ला संक्रातीबजार घर भई हाल का.म.न.पा ३३ बस्ने ओम कृष्ण प्रसाईले तपशिल बमोजिमको धितो बन्धक राखी लिएको ऋण रकमको साँवा तथा व्याज भुक्तानी गर्न तपाईलाई विभिन्न मितिमा मौखिक तथा लिखित ताकेता गर्दा समेत ऋणको साँवा तथा व्याज तिर्ने तर्फ कुनै चासो नदेखाएकोले यो लिलाम बिक्री गर्ने सम्बन्धिको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र उपस्थित भई साँवा तथा व्याज भुक्तानी गर्नु होला नगरेको खण्डमा ऋणको सुरक्षण वापत राखेको अचल सम्पत्ति, जायजेथा सहकारी ऐन २०४८ तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी धितो लिलाम गरी साँवा तथा व्याज असुल गर्न गराउन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

धितोको विवरण

गा.वि.स./जिल्ला	वडा नं., नक्सा सिट	कित्ता नं	क्षेत्रफल	मेठ पाना नं.	जग्गा धनीको नाम
महेन्द्रज्योती	९ सिट ९ग	५०९	०-४-१-० / १३५.११		ओम कृष्ण प्रसाई
गा.वि.स./जिल्ला	**वडा नं., नक्सा सिट**	**कित्ता नं**	**क्षेत्रफल**	**मेठ पाना नं.**	**जग्गा धनीको नाम**
महेन्द्रज्योती	९ सिट ९ग	५२४	०-३-०-० / ९५.३७		ममता रायमाझी
महेन्द्रज्योती	९ सिट ९ग	५३३	०-०-२-१ / १७.८९		ममता रायमाझी

बागमती प्रदेश सरकार

संस्कृति तथा पर्यटन मन्त्रालय

हेटौंडा, नेपाल

सार्वजनिक सूचना

नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७५/१२/०४ को निर्णय, सम्मानित उच्चअदालत पाटनको मिति २०७८/०८/२९ को फैसला अनुसार काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. ३, ४ र ७ मा अवस्थित त्रिभुवन पार्क (शहिद स्मारक प्रकृति प्रतिष्ठान) बागमती प्रदेश सरकारको व्यवस्थापन जिम्मामा आएको एवं बागमती प्रदेश सरकार (मन्त्रीपरिषद्) को मिति २०८१/०२/०२ को बैठकले उक्त पार्कको व्यवस्थापन गर्ने जिम्मेवारी बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालयलाई तोक्ने निर्णय गरेको छ। मन्त्रालयले यस अघि पनि थानकोट त्रिभुवन पार्कमा रहेका सम्पत्तिको उचित संरक्षण र सम्बर्द्धन गर्ने सम्बन्धमा विभिन्न निकाय तथा सरोकारवालाहरुलाई अवगत गराउदै आएको छ। सोही सन्दर्भमा पार्कको क्षेत्र भित्र यस मन्त्रालयको अनुमति बिना अनधिकृत रुपमा संरचना बनाउदै गरेको तथा पार्कको जग्गा हिनामिना तथा अतिक्रमण भइरहेको भनि जनगुनासो आएको हुँदा, त्यस प्रकारको कुनै पनि अवैध संरचना निर्माण गर्न लागिएको भए, सो कार्य तत्काल नगर्न तथा नगराउनहुन सम्पूर्ण सरोकारवालाहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। यस मन्त्रालयको अनुमति वेगर कोही कसैबाट माथि उल्लेखित किसिमका गतिविधिहरु भएको वा हुन गएमा कानून अनुसार सजायको भागिदार स्वयमनै हुने तथा कानून अनुसार क्षतिपूर्ति समेत असुलउपर गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ।

प्रदेश सचिव

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com